“गोविन्दलाल श्रेष्ठको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन ”

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्काय
नेपाली केन्द्रीय विभागअन्तर्गत स्नातकोत्तर तह
दोस्रो वर्षको दसौं पत्रको प्रयोजनका लागि
प्रस्तुत

**शोधपत्र**


शोधार्थी
गीता के.सी. (पौडेल)
क्याम्पस रो. नं. ११२
त्रि. वि. दर्ता नं. ६०००१-९१
नेपाली केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर, काठमाडौं,
नेपाली

२०६४

“गोविन्दलाल श्रेष्ठको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन”- गीता के.सी. (पौडेल), २०६४

शोधनिर्देशक
प्रा. राजेन्द्र सुवेदी

# गोविन्दलाल श्रेष्ठको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन"

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्काय
नेपाली केन्द्रीय विभागअन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको दसौं पत्रको
प्रयोजनका लागि
प्रस्तुत

शोधार्थी
गीता के.सी. (पौडेल)

नेपाली केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर, काठमाडौं
नेपाली
२०६४

# शोधनिर्देशकको मन्तव्य

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली एम.ए. दोस्रो वर्षकी छात्रा गीता के.सी. (पौडेल) ले **गोविन्दलाल श्रेष्ठको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन** शीर्षकको प्रस्तुत शोधपत्र मेरो निर्देशनमा तयार गर्नु भएको हो । निकै परिश्रमपूर्वक तयार पारिएको यस शोधकार्यबाट म सन्तुष्ट छु र यसको आवश्यक मूल्याङ्कनका लागि नेपाली केन्द्रीय विभाग त्रि.वि. कीर्तिपुर समक्ष सिफारिस गर्दछु ।

शोधनिर्देशक
प्रा. राजेन्द्र सुवेदी
नेपाली केन्द्रीय विभाग
त्रि. वि., कीर्तिपुर, काठमाडौं

मिति : २०६४/ / /

**त्रिभुवन विश्वविद्यालय**
**मानविकी तथा सामाजिकशास्त्र सङ्काय**
**नेपाली केन्द्रीय विभाग, कीर्तिपुर**

# स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत विश्वविद्यालय क्याम्पसका छात्रा गीता के.सी. (पौडेल) ले त्रि.वि.स्नातकोत्तर तह एम.ए. नेपाली विषयको दसौं पत्रको प्रयोजनका लागि प्रस्तुत गर्नुभएको **गोविन्दलाल श्रेष्ठको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन** शीर्षकको शोधपत्र स्वीकृत गरिएको छ ।

## शोधमूल्याङ्कन समिति

| क्र.सं. नाम | हस्ताक्षर |
|---|---|
| १. प्रा. राजेन्द्र सुवेदी<br>(विभागीय प्रमुख) | ......................... |
| २ प्रा. राजेन्द्र सुवेदी<br>(शोध निर्देशक) | ........................ |
| ३. (बाह्य परीक्षक) | .......................... |

.............................

मिति: २०६४

# कृतज्ञताज्ञापन

प्रस्तुत शोधपत्र मैले त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको दसौं पत्रको प्रयोजनका लागि आदरणीय गुरु प्रा. राजेन्द्र सुवेदीको कुशल निर्देशनमा तयार गरेकी हुँ । अति व्यस्त समयको बीचबाट पनि शोधपत्रको तयारीका क्रममा आफ्नो अमूल्य समयलाई निरन्तर रूपमा खर्चेर स्नेहपूर्वक मलाई सल्लाह र सुझाउ दिदै सुमार्गमा डोऱ्याउने आदरणीय गुरूप्रति म सदा आभारी रहनेछु ।

प्रस्तुत शोधपत्रलाई विभागीय स्वीकृति प्रदान गरी शोधपत्र लेख्न सुभ-अवसर प्रदान गर्नुहुने विभागीय प्रमुख घनश्याम उपाध्यायप्रति कृतज्ञताज्ञापन गर्दछु । शोधपत्र तयारीका क्रममा सामग्री सङ्कलन गर्न उचित सल्लाह दिनुहुने प्रा. ठाकुरप्रसाद पराजुलीलाई आभार प्रकट गर्दछु । विविध सामग्री सङ्कलनमा मलाई प्रेरणा र सहयोग पुऱ्याउनु हुने दीपबहादुर खड्का, शिव रेग्मी, हरिबन्दी क्षेत्री (खड्का) र नेपाली केन्द्रीय विभागमा कार्यरत कर्मचारी श्याम के.सी. प्रति आभार व्यक्त गर्दछु । यस शोधपत्र तयार गर्ने क्रममा आफ्नो जीवनी र व्यक्तित्वका बारेमा कत्ति पनि झन्झट नमानी दिनुभएको जानकारी तथा सामग्री सङ्कलनमा बाटो देखाइदिनु भएकोमा शोधनायक श्री गोविन्दलाल श्रेष्ठप्रति म कृतज्ञता प्रकट गर्दछु ।

शोधपत्र तयार गर्ने सिलसिलामा सामग्री सङ्कलनका लागि हरक्षण सहयोग पुऱ्याउने त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालय कीर्तिपुरप्रति म त्यत्तिकै आभारी छु । यस शोधपत्रलाई पूर्ण गर्न विविध पक्षबाट सहयोग गरी उचित सल्लाह र हौसला प्रदान गर्ने मेरा सहृदयी मित्रहरू दीपक न्यौपाने, मुकुन्द काफ्ले, पृतम कँडेल, राजन खतिवडा, कल्पना राई, नवीना राई सम्पूणलाई धन्यवाद दिन चाहन्छु ।

मेरो अध्ययनलाई यो स्तरसम्म ल्याउन सदैव प्रेरणा, सहयोग र योगदान दिनुहुने मेरो घरपरिवार तथा स्वजनप्रति म आजीवन ऋणी रहनेछु । साथै यस शोधपत्रलाई छिटो

छरितो गरी समयमा नै शुद्धरूपमा टङ्कन गरी पूर्णरूप दिने क्रियटिभ कम्प्युटर सेन्टर कीर्तिपुरकी अस्वी के.सी. पनि धन्यवादकी पात्र हुनुहुन्छ ।

अन्त्यमा यस शोधपत्रको समुचित मूल्याङ्कनका लागि त्रिभुवन विश्वविद्यालय, नेपाली केन्द्रीय विभाग कीर्तिपुर समक्ष प्रस्तुत गर्दछु ।


गीता के.सी. (पौडेल)<br>
स्नातकोत्तर तह दोस्रो वर्ष<br>
समूह २०६०/२०६२<br>
नेपाली केन्द्रीय विभाग<br>
त्रि.वि.कीर्तिपुर, काठमाडौं<br>
२०६४

# सङ्क्षेपीकरण शब्दसूची

| | |
|---|---|
| अ.वि.सं.वि. | अञ्चल विकासको सङ्क्षिप्त विवरण |
| अनु. | अनुकूल |
| अप्र. | अप्रकाशित |
| गति | गतिशील |
| ग्रा. | ग्रामीण |
| छै.सं. | छैटौँ संस्करण |
| त्रि.वि. | त्रिभुवन विश्वविद्यालय |
| दो.सं. | दोस्रो संस्करण |
| ने.रा.प्र.प्र. | नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान |
| प्रा. | प्राध्यापक |
| प्र. व. | प्रकाशन वर्ष |
| प्र.स्रो | प्रकाशन स्रोत |
| वि.सं. | विक्रम सम्वत् |
| स. | सहरी |
| सम्पा. | सम्पादक |
| संस्क. | संस्करण |
| सा.प्र. | साझा प्रकाशन |

# विषयसूची

पृष्ठ

## पहिलो परिच्छेद
## शोधपरिचय


| | |
|---|---|
| १. शोधशीर्षक | १ |
| १.२ शोधपत्रप्रयोजन | १ |
| १.३ विषय परिचय | १ |
| १.४ समस्याकथन | २ |
| १.५ शोधकार्यको उद्देश्य | २ |
| १.६ पूर्वकार्यको समीक्षा | ३ |
| १.७ शोधकार्यको औचित्य | ५ |
| १.८ शोधकार्यको सीमाङ्कन | ५ |
| १.९ सामग्री सङ्कलन | ६ |
| १.१० शोधविधि | ६ |
| १.११ शोधपत्रको रूपरेखा | ७ |


## दोस्रो परिच्छेद
## गोविन्दलाल श्रेष्ठको जीवनी व्यक्तित्व


| | |
|---|---|
| २.१ गोविन्दलाल श्रेष्ठका पूर्ववृत्तान्त | ८ |
| २.२ जन्म र जन्मस्थान | ८ |
| २.३ बाल्यकाल | ८ |
| २.४ शिक्षादीक्षा | ९ |
| २.५ दाम्पत्य जीवन र सन्तान | ९ |
| २.६ जागिरे जीवन | १० |
| २.७ आर्थिक अवस्था | ११ |
| २.८ सिर्जनागत प्रेरणा | ११ |
| २.९ लेखनप्रारम्भ र लेखनयात्रा | १२ |

२.१० प्रकाशित कृतिहरूको कालक्रमिक सूची १३

२.११ पुरस्कार एवम् सम्मान १४

२.१२ भ्रमण रुचि र स्वभाव १४

२.१३ गोविन्दलाल श्रेष्ठको शारीरिक व्यक्तित्व १५

२.१४ सामाजिक व्यक्तित्व १५

२.१५ राजनीतिक व्यक्तित्व १६

२.१६ प्रशासनिक व्यक्तित्व १७

२.१७ साहित्यिक व्यक्तित्व १७

२.१८ गोविन्दलाल श्रेष्ठको समालोचना क्षेत्रमा प्रवेश १९

**तेस्रो परिच्छेद**

**गोविन्दलाल श्रेष्ठको साहित्यिक यात्रा २०**

**चौथो परिच्छेद**

**गोविन्दलाल श्रेष्ठको कृतित्वको अध्ययन र विश्लेषण**

४. कथाको वर्गीकरण २९

४.१ गोविन्दलाल श्रेष्ठका कथा ३१

**अधुरो सपना** कथा सङ्ग्रह (२०१६) अन्तर्गतका कथाहरूको विश्लेषण ३१

**अधुरो सपना** सङ्ग्रहमा सङ्गृहीत 'शशीमा दाग' कथाको विश्लेषण ३१

४.१.क) विषयवस्तु ३१

४.१.ख) कथानक ३२

४.१. ग) पात्र विधान ३३

४.१.घ) परिवेश ३३

४.१ ङ) द्वन्द्वविधान ३४

४.१.च) दृष्टिबिन्दु ३४

४.१.छ) कुतूहलता ३४

४.१.ज) भाषाशैली ३५

४.१. झ) उद्देश्य ३५

**अधुरो सपना** सङ्ग्रहमा सङ्गृहीत 'घोषित स्वयम्बर' कथाको विश्लेषण ३६
४.२ क) कथावस्तु ३६
४.२ ख) कथानक ३६
४.२ ग) पात्रविधान ३७
४.२.घ) परिवेश ३७
४.२.ङ) द्वन्द्व ३८
४.२ च) दृष्टिबिन्दु ३८
४.२. छ) कुतूहलता ३८
४.२ ज) भाषाशैली ३९
४.२ झ) उद्देश्य ३९
**अधुरो सपना** सङ्ग्रहमा सङ्गृहीत 'सत्याग्रह कथाको' कथाको विश्लेषण ३९
४.३ क) कथावस्तु ३९
४.३ ख) कथानक ४०
४.३ ग) पात्रविधान ४१
४.३ घ) परिवेश ४१
४.३. ङ) द्वन्द्व ४२
४.३.च) दृष्टिबिन्दु ४२
४.३.६ कुतूहलता ४३
४.३.ज) भाषाशैली ४३
४.३.झ उद्देश्य ४४
**४.२ दशकथा** सङ्ग्रह (२०४१) अन्तर्गतका कथाहरूको विश्लेषण ४४
दशकथा सङ्ग्रहमा सङ्गृही 'प्रेम मिलन' कथाको विश्लेषण ४४
४.२. क) विषयवस्तु ४४
४.२ ख) कथानक ४५
४.२ ग) पात्रविधान ४५

४.२ घ) परिवेश ४६
४.२.ङ) द्वन्द्व ४७
४.२ च) दुष्टिविन्दु ४७
४.२छ) कुतूहलता ४७
४.२ज) भाषाशैली ४८
४.२ झ) उद्देश्य ४८
**दशकथा** सङ्ग्रहमा सङ्गृहीत 'लोग्नेलाई के भन्ने ' ? कथाको विश्लेषण ४९
४.३ क) विषयवस्तु ४९
४.३ ख) कथानक ४९
४.३ ग) पात्रविधान ५०
४.३ घ) परिवेश ५१
४.३ ङ) द्वन्द्व ५१
४.३ च) दृष्टिबिन्दु ५२
४.३.छ) कुतूहलता ५२
४.३. ज भाषाशैली ५२
४.३ झ) उद्देश्य ५३
**दशकथा** सङ्गहमा सङ्गृहीत 'मेरो शेरवानी कोट' कथाको विश्लेषण ५३
४.४क) विषयवस्तु ५३
४.४ ख) कथानक ५४
४.४ ग) पात्रविधान ५४
४.४ घ) परिवेश ५५
४.४ ङ) द्वन्द्व ५६
४.४ च) दृष्टिबिन्दु ५६
४.४. छ) कुतूहलता ५७
४.४ ज) भाषाशैली ५७

४.४. झ उद्देश्य ५८

**दशकथा मा** सङ्गृहीत 'अधुरो सपना' कथाको विश्लेषण ५८

४.५ क) विषयवस्तु ५८

४.५ ख) कथानक ५९

४.५ ग) पात्रविधान ५९

४.५ घ) परिवेश ६०

४.५.ङ) द्वन्द्वविधान ६०

४.५ च) दृष्टिबिन्दु ६१

४.५ छ) कुतूहलता ६१

४.५.ज) भाषाशैली ६१

४.५ झ) उद्देश्य ६२

**दशकथा** सङ्ग्रहमा सङ्गृहीत 'चुरोट' कथाको विश्लेषण ६२

४.६ क) विषयवस्तु ६२

४.६. ख) कथानक ६२

४.६ ग) पात्रविधान ६३

४.६ घ) परिवेश ६४

४.६ ङ) द्वन्द्व ६५

४.६ च) दृष्टिबिन्दु ६६

४.६ च) कुतूहलता ६६

४.६ छ) भाषाशैली ६६

४.६ झ) उद्देश्य ६७

**दशकथा**मा सङ्गृहीत 'सम्झना' कथाको विश्लेषण ६८

४.७.क) विषयवस्तु ६८

४.७.ख) कथानक ६८

४.७.ग) पात्रविधान ६९

४.७.घ) परिवेश ६९
४.७.ङ) द्वन्द्व ७०
४.७.च) दृष्टिबिन्दु ७०
४.७.छ) कुतूहलता ७०
४.७.ज) भाषाशैली ७०
४.७.झ) उद्देश्य ७१
**दशकथा** सङ्ग्रहमा सङ्गृहीत 'भैंसी ब्यायो' कथाको विश्लेषण ७१
४.८ क) विषयवस्तु ७१
४.८.ख) कथानक ७२
४.८ ग) पात्रविधान ७३
४.८ घ) परिवेश ७४
४.८ ङ) द्वन्द्व ७४
४.८ च) दृष्टिबिन्दु ७५
४.८ छ) कुतूहलता ७५
४.८ ज) भाषाशैली ७६
४.८ झ) उद्देश्य ७६
**दशकथा** सङ्ग्रहमा सङ्गृहीत 'काँचो शङ्का' कथाको विश्लेषण ७६
४.९ क) विषयवस्तु ७६
४.९ ख) कथानक ७७
४.९ ग) पात्रविधान ७८
४.९ घ) परिवेश ७८
४.९ ङ ) द्वन्द्व ७९
४.९ च) दृष्टिबिन्दु ७९
४.९ छ) कुतूहलता ८०
४.९.ज) भाषाशैली ८०

४.९.झ) उद्देश्य ८०

**दशकथा** सङ्ग्रहमा सङ्गृहीत 'तक्मा' कथाको विश्लेषण ८१

४.१०. क) विषयवस्तु ८१

४.१० .ख) कथानक ८१

४.१० ग) पात्रविधान ८२

४.१० घ) परिवेश ८३

४.१० ङ) द्वन्द्व ८३

४.१० च) दृष्टिबिन्दु ८४

४.१० छ) कुतूहलता ८४

४.१० ज) भाषाशैली ८५

४.१० झ) उद्देश्य ८५

**दशकथा** सङ्ग्रहमा सङ्गृहीत 'बाध्यता' कथाको विश्लेषण ८५

४.११. क) विषयवस्तु ८५

४.११. ख) कथानक ८६

४.११. ग) पात्रविधान ८७

४.११. घ) परिवेश ८८

४.११ ङ) द्वन्द्व ८९

४.११ च) दृष्टिबिन्दु ९०

४.११ छ) कुतूहलता ९०

४.११ ज) भाषाशैली ९१

४.११ झ) उद्देश्य ९२

४. फुटकर कथाको अध्ययन ९२

४.३ गोविन्दलाल श्रेष्ठका दुईवटा **फुटकर** कथाहरूको विश्लेषण ९२

'नयाँ सडक' कथाको विश्लेषण ९३

४.३ क) विषयवस्तु ९३

| | |
|---|---|
| ४.३ ख) कथानक | ९३ |
| ४.३ ग) पात्र विधाज | ९३ |
| ४.४ घ) परिवेश | ९४ |
| ४.३ ङ) द्वन्द्व | ९५ |
| ४.३ दृष्टिबिन्दु | ९५ |
| ४.३ छ) कुतूहलता | ९६ |
| ४.३ ज) भाषाशैली | ९६ |
| ४.३ झ) उद्देश्य | ९७ |
| **कुहिरोभित्र** कथाको विश्लेषण | ९७ |
| ४.४ क) विषयवस्तु | ९७ |
| ४.४ ख) कथानक | ९८ |
| ४.४ ग) पात्रविधान | ९९ |
| ४.४ घ) परिवेश | ९९ |
| ४.४ ङ) द्वन्द्व | १०० |
| ४.४ च) दृष्टिबिन्दु | १०१ |
| ४.४ छ) कुतूहलता | १०१ |
| ४.४ ज) भाषाशैली | १०१ |
| ४.४ झ) उद्देश्य | १०२ |
| ४.४ कथा निबन्ध र संस्मरणात्मक लेखको समीक्षात्मक विश्लेषण | १०२ |

## पाँचौ परिच्छेद

### निष्कर्ष

| | |
|---|---|
| ५.१ निष्कष | ११३ |
| ५.१ (क) गोविन्दलाल श्रेष्ठको जीवनीको सारांश | ११३ |
| ५.२. (ख) गोविन्दलाल श्रेष्ठको लेखन यात्रा | ११४ |
| ५.३ (ग) गोविन्दलाल श्रेष्ठका समग्र कृतित्वको् योगदान | ११६ |
| ५.४ घ) गोविन्दलाल श्रेष्ठ बारे सम्भावित विषय शीर्षक | १२० |
| **सन्दर्भसामग्री** | |

# पहिलो परिच्छेद

# शोधपरिचय

## १. शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक "**गोविन्दलाल श्रेष्ठको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन विश्लेषण**" रहेको छ ।

## १.२ शोधपत्रप्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागको स्नातकोत्तर तहको नेपाली विषयको दसौँ पत्रको प्रयोजनका लागि तयार गरिएको हो ।

## १.३ विषय परिचय

वि.सं. १९८९ मा बागलुङ जिल्लाको सुनडाँडामा जन्मिएका गोविन्दलाल श्रेष्ठ आधुनिक नेपाली साहित्यका महत्त्वपूर्ण प्रतिभा हुन् । उनले नेपाली साहित्यका फाँटमा कथा, कविता, निबन्ध, समसामयिक लेख आदिमा कलम चलाएका छन् । वि.सं. २००८ मा 'युगवाणी' पत्रिमामा 'हामी दुःखी किन?' शीर्षकको निबन्ध लिएर नेपाली साहित्यका क्षेत्रमा प्रवेश गरेका श्रेष्ठले नेपाली साहित्यमा महत्त्वपूर्ण योगदान दिएका छन् । हालसम्म उनका **सही बाटो** (२०१३), **अधुरो सपना सङ्ग्रह** (२०१६), '**दश कथा सङ्ग्रह** (२०४१) र 'सेरोफेरो मेरो' (२०५७) पुस्तकाकारका कृतिहरू प्रकाशित भएका छन् । यी पुस्तक आकारका कृतिहरूबाहेक उनका केही लेखरचनाहरू विभिन्न सम्पादित पुस्तक र पत्रिकाहरूमा छरिएर रहेका छन् । प्रस्तुत शोधकार्य मुख्यरूपमा गोविन्दलाल श्रेष्ठको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययनमा केन्द्रित रहेको छ ।

## १.४ समस्याकथन

वि.सं २००८ देखि नेपाली साहित्यमा साधनारत श्रेष्ठले नेपाली साहित्यको उत्थानमा विशेष योगदान पुऱ्याएका छन् । यसरी नेपाली साहित्यमा महत्त्वपूर्ण योगदान दिने गोविन्दलाल श्रेष्ठको हालसम्म कुनै किसिमको शोधखोज नहुनु नेपाली साहित्यकै लागि समस्या बनेर देखिएको छ । अतः नेपाली साहित्यकै समस्याका रूपमा रहेको गोविन्दलाल श्रेष्ठको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन गरिने प्रस्तुत शोधपत्रको समस्याहरू यसप्रकारका रहेका छन्; जसलाई बुँदागत रूपमा यसरी देखाउन सकिन्छ ।

क) गोविन्दलाल श्रेष्ठको जीवनीका पाटाहरू के कस्ता छन् ?

ख) गोविन्द्रलाल श्रेष्ठको साहित्यिक र साहित्येत्तर व्यक्तित्व के कस्तो रहेको छ ?

ग) गोविन्दलाल श्रेष्ठको लेखनयात्रा कसरी विकास भएको छ र कुन कुन विधामा सिर्जना गरेका छन् ?

घ) नेपाली साहित्यका समग्र इतिहासमा गोविन्दलाल श्रेष्ठको के कस्तो योगदान रहेको छ ?

उपर्युक्त समस्याहरूको समाधानमा नै यो शोधपत्र केन्द्रित रहेको छ ।

## १.५ शोधकार्यको उद्देश्य

उपर्युक्त समस्याहरूमा केन्द्रित रही तयार पारिने यस शोधपत्रको मुख्य उद्देश्य यसप्रकार छन्-

क) गोविन्दलाल श्रेष्ठको जीवनीका पाटाहरूलाई अध्ययन गरेर देखाउनु ,

ख) गोविन्द्रलाल श्रेष्ठको साहित्य र साहित्यिक व्यक्तित्वलाई चिनाउनु ,

ग) गोविन्दलाल श्रेष्ठको साहित्यिक लेखनयात्राको विवरण विधागत समीक्षा गर्नु ,

घ) नेपाली साहित्यमा गोविन्दलाल श्रेष्ठको योगदानको निरूपण गर्नु ।

उपर्युक्त मुलभूत उद्देश्यहरूसँग सम्बन्धित रहेर प्रस्तुत शोधपत्र तयार पारिएको छ ।

## १.६ पूर्वकार्यको समीक्षा

साहित्यकार गोविन्दलाल श्रेष्ठले नेपाली साहित्यका क्षेत्रमा पनि कलम चलाएका छन् । साहित्यकार श्रेष्ठको साहित्यिक सिर्जना एवम् समीक्षात्मक लेखनलाई चर्चा गर्दै विद्वान्हरूले आफ्नो मत प्रकट गरेका छन् । हालसम्म गोविन्दलाल श्रेष्ठका बारेमा गरिएका समीक्षात्मक कार्यहरूको विवरण यसप्रकार रहेको छ ।

क) गोविन्दलाल श्रेष्ठको **अधुरो सपना** (२०१६) नामक कथा सङ्ग्रहबारे विश्वेश्वरप्रसाद कोइरालाले आफ्नो मन्तव्यमा " उनका कथा साधारण भए पनि सामाजिक चित्रण गर्न प्रयत्नरत छन् । वस्तुस्थितिमा आधारित यथार्थवादी प्रस्तुतिका साथै वर्णनात्मक शैली राम्रो रहेको छ" भनेका छन् (अधुरो पना सङ्ग्रह मुखपृष्ठ) ।

ख) गोविन्दलाल श्रेष्ठलाई ठाकुरप्रसाद पराजुलीले गुरूप्रसाद मैनालीका अनुयायी हुन् भनेका छन् । उनले श्रेष्ठका कथा प्रवृत्तिगत रूपमा मात्र गुरूप्रसाद मैनालीका कथासँग मेल खाए तापनि गुणात्मक रूपमा समकक्षी नरहेको कुरा उल्लेख गरेका छन् (बुकी, वर्ष २, अङ्क १, २०२५:२) ।

ग) गोविन्दलाल श्रेष्ठलाई ठाकुरप्रसाद पराजुलीले कथागत प्रवृत्तिका आधारमा शिवकुमार प्रधानसँग मेल खान्छ भन्दै शैली र सङ्गठनका दृष्टिले भने दुवै कथाकार विपरीत ध्रुवमा उभिन पुग्छन् । कथात्मक सङ्गठनका दृष्टिले श्रेष्ठ शिवकुमार प्रधानभन्दा एक तहमाथि छन् भनेका छन् (बुकी, याम प्रथम, गुच्छा एक, २०२६:१५७-१६३) ।

घ) गोविन्दलाल श्रेष्ठको **दशकथा** (२०४१ , नामक सङ्ग्रहको प्रकाशकीयमा प्रवीण प्रबोध सैंजुले श्रेष्ठका कथामा समकालीन सामाजिक परिवेशको प्रतिनिधित्व रहेको कुरा उल्लेख गरेका छन् (**दश कथा सङ्ग्रह**, मुखपृष्ठ) ।

ङ) गोविन्दलाल श्रेष्ठलाई बालकृष्ण नेभाले अभावका बेलामा केही साहित्यिक रचनाहरू दिएका नाताले यिनको ऐतिहासिक महत्त्व रहेको छ, तर शैल्पिकस्वरका दृष्टिले भने श्रेष्ठका रचना त्यति माथि उठ्न सकेका छैनन् भनेका छन् (सङ्गालो, वर्ष १, पुष्प ३, २०४१:९२) ।

च) गोविन्दलाल श्रेष्ठलाई ठाकुरप्रसार पराजुलीले सामाजिक कथाकार हुन् भनी उल्लेख गरेका छन् (धवलागिरिका कथाहरू, २०५३ को भूमिका लेखनमा) ।

छ) गोविन्दलाल श्रेष्ठलाई प्रेमछोटाले सामाजिक धरातलमा उभिएर कथा लेख्ने कथाकारका रूपमा चिनाउँदै समाजभित्रका विभिन्न पक्षको सही चित्रण गर्न सफल कथाकार हुन भनेका छन् (धवलागिरिका कथाहरू, सम्पा. २०५३) ।

ज) गोविन्दलाल श्रेष्ठलाई गणेशप्रसाद शर्माले सामाजिक कथाकार हुन् भन्दै कथामा स्थानीय ग्रामीण परिवेश र सहरिया आकाङ्क्षाका सन्दर्भमा समस्या र चेतनाको तस्विर उतार्न जागरुक रहेको कुरा उल्लेख गरेका छन् (नेपाली साहित्य बागलुङ जिल्लाको योगदान, २०५५ शीर्षकको अ.प्र. स्नातकोत्तर शोधपत्र) ।

झ) गोविन्दलाल श्रेष्ठलाई प्रेमछोटाले मुख्य रूपमा कथाकार भए तापनि श्रेष्ठको कविताको क्षेत्रमा योगदान उल्लेख रहेको कुरा व्यक्त गर्दै श्रेष्ठका कवितामा अन्याय, अत्याचार, शोषण, दमन, प्रेम, प्रणय तथा कुसंस्कारप्रति आक्रोस व्यक्त गर्नुका साथै जीवनका कटु अनुभवलाई कवितात्मक पाराबाट आफ्नो भावना व्यक्त गर्ने साहित्यकार हुन् भनी चिनाएका छन् (धवलागिरिका कवि र कविता, २०५७ को सम्पा.) ।

ञ) गोविन्दलाल श्रेष्ठलाई 'सेरोफेरो मेरो' (२०५७) नामक पुस्तक दीपबहादुर खड्काले राजनीतिकै सेरोफेरोमा प्रधान छ भनी उल्लेख गरेका छन् ('धौलाश्री' साप्ताहिक, वर्ष ३, अङ्क ३२, २०५७:३-५) ।

गोविन्दलाल श्रेष्ठको उपर्युक्त पूर्वकार्यहरूले उनको साहित्यिक योगदानबारे पूर्णरूपमा अध्ययन भएको पाइँदैन । उपर्युक्त अध्ययनहरूले श्रेष्ठको जीवनी, कथा, कविताहरूको एकपक्षीय र अपूर्ण अध्ययन मात्र गरेको पाइन्छ । त्यसैले उनको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन र विश्लेषण गरिएको छ ।

## १.७ शोधकार्यको औचित्य

गोविन्दलाल श्रेष्ठको साहित्यिक यात्रा २००८ सालबाट सुरु भएको हो । नेपाली साहित्यका कविता कथा, निबन्ध, यात्रासंस्मरण जस्ता विविध विधामा उनको सिर्जनात्मक चेत प्रस्फुटित भएको छ । नेपाली साहित्यका क्षेत्रमा दुईवटा कथा सङ्ग्रह एउटा निबन्ध पुस्तिका आदि सिर्जना गरेका श्रेष्ठका बारेमा हालसम्म पूर्ण अध्ययन हुनसकेको छैन । उनका रचनाहरूले नेपाली साहित्यको क्षेत्रमा सकारात्मक भूमिका निर्वाह गरेको देखिन्छ । यस शोधकार्य साहित्य क्षेत्रमा श्रेष्ठले दिएको योगदानको बारेमा हालसम्म मूल्याङ्कनात्मक अध्ययन हुन नसकेको सन्दर्भमा थालिएको हुनाले औचित्यपूर्ण रहनेछ ।

नेपाली साहित्य क्षेत्रमा आफ्नो सिर्जनाद्वारा योगदान दिएका गोविन्दलाल श्रेष्ठका बारेमा यो अध्ययन आफैमा महत्त्वपूर्ण रहेको छ । यसका अतिरिक्त गोविन्दलाल श्रेष्ठका बारेमा विशिष्ट अध्ययन गर्न इच्छुक अध्येताका लागि पनि मार्गदर्शक हुनेछ । यस अध्ययनले नेपाली समालोचना परम्परामा जीवनीपरक समालोचनामा थप इँट राख्ने कार्य गर्ने हुनाले पनि यो शोधकार्य महत्त्वपूर्ण रहेको छ ।

## १.८ शोधकार्यको सीमाङ्कन

गोविन्दलाल श्रेष्ठ नेपाली साहित्यका बहुमुखी प्रतिभा हुन् । उनले साहित्यका क्षेत्रमा कथा, कविता, निबन्धयात्रा संस्मरण र लेखरचनाहरूमा कमल चलाएका छन् । प्रस्तुत शोधपत्र साहित्यका बहुविध विधामा कलम चलाएका सात्यिकार गोविन्दलाल

श्रेष्ठको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययनमा सीमित गरिएको छ । गोविन्दलाल श्रेष्ठको जीवनी व्यक्तित्व र कृतित्वको पाटोमा नै यसको सीमा रेखा कोरिएको छ ।

## १.९ सामग्री सङ्कलन

प्रस्तुत शोधपत्र तयारीका क्रममा निम्न सामग्री सङ्कलन गर्ने पद्धतिलाई अवलम्बन गरिएको छ-

क) गोविन्दलाल श्रेष्ठद्वारा रचित विविध सामग्रीलाई प्रयोग गर्दै पुस्तकालयीय अध्ययनलाई सामग्री सङ्कलनको प्रमुख आधार बनाइएको छ ।

ख) स्वयम् शोधनायकसँग सर्म्पक राखी मौखिक र लिखित जनकारी लिइएको छ ।

ग) गोविन्दलाल श्रेष्ठको बारेमा जानकारी राख्ने समकालीन र पारिवारिक व्यक्तिसँग आवश्यकताअनुसार सहयोग लिइएको छ ।

घ) विभिन्न विद्वान्हरूले गोविन्दलाल श्रेष्ठका बारेमा गरेका मूल्याङ्कनलाई सङ्ग्रह गरिएको छ ।

## १.१० शोधविधि

प्रस्तुत शोधकार्यका लागि प्राप्त भएको सामग्रीलाई यस प्रकारको विधि प्रयोग गरी अध्ययन गरिएको छ ।

क) जीवनीपरक र कृतिपरक समालोचना पद्धतिलाई मानक सिद्धान्त मानी त्यसको अनुशरण गरिएको छ ,

ख) प्रत्येक विधाका रचनाहरूलाई विश्लेषण गर्दा विधागत तत्त्वका आधारमा विश्लेषण गरिएको छ,

ग) कथाकारको योगदान र समीक्षात्मक कार्यहरूको निरूपण गर्दा तुलनात्मक पद्धतिको प्रयोग गरिएको छ ,

घ) कृतिको विश्लेषण गर्दा प्रभावपरक र पाठकपरक समालोचनालाई मुख्य आधार मानिएको छ र

ङ) जीवनीका धेरै पाटाहरूको जानकारीका लागि स्थलगत अध्ययन विधिसमेत प्रयोग गरिएको छ ।

## १.११ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई व्यवस्थित एवम् सुगठितरूप दिनका लागि पाँच परिच्छेदमा विभाजन गरिएको छ । यसक्रममा आवश्यकताअनुसार मूल शीर्षकलाई विभिन्न उपशीर्षकमा समेत राखेर शोधपत्र तयार पारिएको छ । प्रस्तुत शोधपत्रको परिच्छेद विभाजनका प्रमुख शीर्षकहरू यसप्रकार छन् -

पहिलो परिच्छेद : शोधपरिचय

दोस्रो परिच्छेद : गोविन्दलाल श्रेष्ठको जीवनी व्यक्तित्व

तेस्रो परिच्छेद : गोविन्दलाल श्रेष्ठको साहित्यिकयात्रा

चौथो परिच्छेद : गोविन्दलाल श्रेष्ठको कृतित्वको अध्ययन र विश्लेषण

पाचौँ परिच्छेद : उपसंहार तथा निष्कर्ष

शोधपत्रको अन्त्यमा प्रस्तुत शोधपत्र तयार गर्दा प्रयोग गरिएका विभिन्न पुस्तकहरू र पत्रपत्रिकाहरूको अलगअलग सूची राखिएको छ ।

# दोस्रो परिच्छेद

## गोविन्दलाल श्रेष्ठको जीवनी व्यक्तित्व

### २.१ गोविन्दलाल श्रेष्ठको पूर्ववृत्तान्त

पुर्ख्यौली मूल थलो भक्तपुर भएका गोविन्दलाल श्रेष्ठ सयाँजु छथरेभित्र पर्दछन् ।[1] उनका पूर्वजहरू भक्तपुरबाट तनहुँमा प्रवेश गरी कपासे घरबुना कपडा तयार पारी नेपाल दरबारमा लगेर बेच्दथे ।[2] गोविन्दलाल श्रेष्ठका जिज्यूबाजे शिवनारायण श्रेष्ठका समयदेखि बागलुङमा प्रवेश गरी मुख्य पेसा खेतीलाई अङ्गाली बसेको बुझिन्छ ।[3]

### २.२ जन्म र जन्मस्थान

गोविन्दलाल श्रेष्ठको जन्म वि.सं १९८९ असार २ गते बुधबारका दिन बागलुङ जिल्लाको बागलुङ बजारमा अथवा हालको कालिका न.पा. वडा नं ६ माझकोटमा भएको थियो ।[4] उनी बुबा नन्दलाल श्रेष्ठ र आमा पानकुमारी श्रेष्ठका ६ भाइ छोरामध्ये माहिला छोरा हुन् । उनका एक दिदी र दुई बहिनी छन् ।[5] गोविन्दलाल श्रेष्ठको न्वारनको नाम तीर्थलाल श्रेष्ठ हो ।[6] शैक्षिक प्रमाणपत्र र लेखनका क्षेत्रमा उनी गोविन्दलाल श्रेष्ठकै नामले परिचित छन् ।

### २.२ बाल्यकाल

गोविन्दलाल श्रेष्ठको जन्म मध्यम परिवारमा भएकाले बाल्यकाल सुखसयलमा बितेको थियो । बाल्यकालका धेरैजसो समय बागलुङमा मातापिताको संरक्षणमा रहेर

---

[1] शोधनायकबाट प्राप्त जानकारी अनुसार ।
[2] ऐजन ।
[3] ऐजन ।
[4] ऐजन ।
[5] ऐजन ।
[6] ऐजन ।

बिताएका श्रेष्ठ केही समय पाल्पामा पनि बसेका थिए । पाल्पामा श्रेष्ठको मामाघर र फुपूघर थियो । [७] बाल्याकालमा गोविन्दलाल श्रेष्ठ डण्डीबियो खेल्न असाध्यै मन पराउँदथे ।[८]

## २.४ शिक्षादीक्षा

गोविन्दलाल श्रेष्ठको अक्षरारम्भ चिम्से लाहुरे भनिने लक्ष्मीप्रसाद श्रेष्ठबाट भएको थियो । लक्ष्मीप्रसाद श्रेष्ठ प्रथम विश्वयुद्धका नाउँकटुवा लाहुरे थिए ।[९] गोविन्दलाल श्रेष्ठको औपचारिक अध्ययनको सुरुवात वि.सं. १९९५ बाट भएको हो । बागलुङ पाठशालामा उनले तीन वर्षको अध्ययन गरे । त्यतिबेला कक्षाको व्यवस्था थिएन । वि.सं २००६ मा काठमाडौं आई उनले स्रेस्ता पाठशालामा भर्ना भए र वि.सं २००७ कार्तिकमा ६ पास गरे ।[१०] उनले ऐनस्रेस्ता लिएर मध्यमासम्मको अध्ययन गरे पनि २००७ को क्रान्तिको कारणले गर्दा परीक्षा स्थगित हुनपुग्यो ।[११] गोविन्दलाल श्रेष्ठले औपचारिक अध्ययनलाई छाडी स्वाध्यायनमा लागे । विशेष गरी अङ्ग्रेजीको स्वाध्ययन मुख्य रह्यो । यसरी स्वाध्ययन गरेका श्रेष्ठले अङ्ग्रेजी राम्रो लेख्न र पढ्न सक्छन् ।

## २.५ दाम्पत्य जीवन र सन्तान

गोविन्दलाल श्रेष्ठको विवाह २८ वर्षको उमेरमा वि.सं. २०१७ वैशाख १६ गते अक्षय तृतीयाको दिन शान्तिदेवी माथेमासँग काठमाडौंमा भएको हो । विवाह गर्दा शान्तिदेवीको उमेर २० वर्षको थियो । उनी ओमबहाल निवासी शम्भुरामभक्त माथेमाकी छोरी थिइन् । शम्भुरामभक्त माथेमा महोत्तरीका खेस्रा प्रगन्ना पचहर्वाका जमिनदार थिए ।

---

[७] ऐजन ।

[८] ऐजन ।

[९] ऐजन ।

[१०] ऐजन ।

[११] ऐजन ।

उनी शहीद धर्मभक्त माथेमाका दाजुभाइ खलक हुन् । उनले २००७ सालको क्रान्तिमा खाद्यान्नका साथै बन्दुकसमेत दिएर सहयोग गरेका थिए ।[१२] काङ्ग्रेसका समर्थक श्रेष्ठको विवाहमा मातृकाबाबु, गणेशमानसिंह, कृष्णप्रसाद भट्टराई, श्रीभद्र शर्मा त्रिपुरासिंह प्रधानलगायत धेरै मन्त्री र संसद सदस्यहरूको उपस्थिति थियो ।[१३]

गोविन्दलाल श्रेष्ठका दुई छोरा र एक छोरी छन् । जेठी छोरी शैलाजा विवाहपश्चात नयाँ बानेश्वरमा बस्दै आइरहेकी छिन् । जेठा छोरा प्रवीण २०४४ सालदेखि जापानमा जापानी केटी विवाह गरेर बस्दै आइरहेका छन् भने कान्छो छोरा प्रबोध र उनकी श्रीमती समीक्षा , छोरा ओजस र छोरी श्रेया पनि बाबु गोविन्दलाल श्रेष्ठसँग सगोलमा नै कलङ्कीस्थित सुनारगाउँमा बस्दै आइरहेका छन् ।

## २.६ जागिरे जीवन

गोविन्दलाल श्रेष्ठले २०१८ सालबाट जागिरे जीवनको सुरुवात गरेका हुन् । उनले जागिरे जीवन सुरुवात गरेको ओहदा राष्ट्रिय निर्देशन अधिकारी हो । उनको जागिरे जीवन सरकारी सेवाका विभिन्न उच्च पदहरूमा रहयो ।

ती पदहरू यसप्रकार छन्-

- राष्ट्रिय निर्देशन अधिकारी बागलुङ जिल्लामा (२०१८) ,
- अञ्चल निर्देशन अधिकारीमा प्रमोशन (२०२०),
- पञ्चायत निरीक्षण अधिकारी (२०२४) ,
- उपसचिव गाउँफर्क राष्ट्रिय अभियान (२०२८) ,
- प्रमुख जिल्ला अधिकारी रामेछाप (२०३१),

---

[१२] गोविन्दलाल श्रेष्ठ **सेरोफेरो मेरो,** काठमाडौं: धौलाश्री कटेज कालीमाटी हाइट, २०५७, पृ. ७२ ।

[१३] ऐजन पृ. ७३ ।

- सहायक अञ्चलाधीश सगरमाथा अञ्चल (राजविराज) (२०३३),
- उपनिर्देशक स्थानीय विकास मन्त्रालय (२०३७),
- क्षेत्रीय निर्देशक पश्चिमाञ्चल पोखरा (२०३७),
- उपसचिव स्थानीय विकास मन्त्रालय (२०३९),
- प्रमुख जिल्ला अधिकारी सिन्धुपाल्चोक (२०४०) र
- उपसचिव पञ्चायत तथा स्थानीय विकास (२०४१) ।

यसरी गोविन्दलाल श्रेष्ठले सरकारी सेवाका विभिन्न पदहरूमा काम गरी २०४२/७/१२ गतेदेखि भने स्वैच्छिक अवकाश लिएको देखिन्छ ।

## २.७ आर्थिक अवस्था

किसान परिवारमा जन्मिएका श्रेष्ठको प्रमुख पेसा नोकरी हो । सरकारी सेवाका उच्च पदहरूमा काम गर्ने अवसर पाएका श्रेष्ठले हाल अवकाश जीवन बिताइरहेका छन् । २४ वर्ष जागिरे जीवन बिताएका श्रेष्ठको हाल पेन्सन सात हजार एक सय साठी छ भने घरखर्च चलाउन छोराहरूले यथेष्ट सहयोग पुऱ्याइरहेका छन् । सुनारगाउँ स्थित घरजग्गा स्कुल सञ्चालन गर्न भाडामा दिएका छन् । बागलुङको पुर्ख्यौली घरभाडाबाट केही रकम मासिक आम्दानी हुन्छ ।[१४] समग्रमा भन्नुपर्दा नेपालजस्तो गरिब देशमा पारिवारिक जीवनमा अर्थले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । गोविन्दलाल श्रेष्ठको आर्थिक स्थिति सबल रहेकाले सङ्कटको सामना कहिल्यै भोग्नु परेन ।

## २.८ सिर्जनागत प्रेरणा

विद्यार्थी जीवनदेखि नै साहित्यिक गतिविधिमा रुचि राख्ने गोविन्दलाल श्रेष्ठ आफ्ना परिवारबाट साहित्यिक प्रेरणा र प्रभाव परेको देखिदैन तापनि घरमा विभिन्न पुराण कथा

---

[१४] ऐजन ।

सुन्ने अवसर पाएकाले यी पुराणहरूले साहित्य सिर्जना गर्न पृष्ठभूमिका रूपमा काम गरेको देखिन्छ ।[१५]

पारसमणि प्रधानद्वारा सम्पादित दार्जिलिङ्गबाट निस्कने 'भारती' पत्रिका खोजीखोजी पढ्ने गरेका गोविन्दलाल श्रेष्ठलाई यसमा छापिएका साहित्यिक रचनाहरूले पनि सिर्जना गर्ने प्रेरणा मिल्यो । भारतीय प्रसिद्ध साहित्यकार कुशवाहा कान्तका उपन्यास अकेला, नागिन, वचपन आदि उपन्यासले उनका श्रृङ्गारिक भावलाई अझ मलजल गरेको बुझिन्छ ।[१६] विश्वेश्वरप्रसाद कोइरालाका तार्किक कुरा र उनका कथाबाट मोहित भएका श्रेष्ठ, कोइरालाले दिएको लेख्ने प्रेरणाबाट सिर्जना कार्यमा हौसिए ।[१७] मोपाँसा र गोर्कीका केही पुस्तकहरू पढेको बताउने श्रेष्ठलाई यी लेखकहरूका कृतिले पनि सृजनातर्फ लाग्न प्रेरित गरेको देखिन्छ ।

## २.९ लेखन प्रारम्भ र लेखनयात्रा

गोविन्दलाल श्रेष्ठको लेखन आरम्भ २००८ सालबाट भएको हो । सम्पादक नारायणप्रसाद भट्टराईद्वारा सम्पादित 'युगवाणी' (२००८) पत्रिकामा उनको 'हामी दुःखी किन ?' शीर्षकको निबन्ध पहिलोपटक छापियो । [१८] २००९ सालमा 'नयाँ नेपाललाई नयाँ सन्देश' भ्याउरे लयको कविता सङ्ग्रह प्रकाशित भयो भने २०१५ सालमा 'नौरङ्गे डाँफे' शीर्षकको कविता डाँफेचरी पत्रिकामा प्रकाशित भयो ।[१९] त्यसै गरी गोविन्दलाल श्रेष्ठको २०५७ सालमा 'भावना' शीर्षकको कविता प्रेमछोटाद्वारा सम्पादित धवलागिरिका कवि र

---

[१५] ऐजन ।

[१६] ऐजन ।

[१७] ऐजन ।

[१८] गोविन्दलाल श्रेष्ठ 'हामी दुःखी किन ? ' **युगबाणी** -वर्ष ५, अङ्क ९, आश्विन, २००८) पृ. १९-२० ।

[१९] गोविन्दलाल श्रेष्ठ 'नौरङ्गे **डाँफे'चरी** (रुख ६, फूल ६, शरदऋतु, २०१५ पृ.४७ ।

कविता किताबमा छापियो ।[२०] गोविन्दलाल श्रेष्ठले २०१० सालबाट मात्र कथा लेखनको आरम्भ गरेका हुन् । उनको पहिलो कथा 'प्रेम मिलन' २०१० सालमा 'भारती' पत्रिकामा छापियो ।[२१] त्यसपछि गोविन्दलाल श्रेष्ठले निरन्तर रूपमा कथा, कविता, निबन्ध, संस्मरण आदिमा कलम चलाउँदै आएको देखिन्छ ।

## २.१० प्रकाशित कृतिहरूको कालक्रमिक सूची

गोविन्दलाल श्रेष्ठका हालसम्म पत्रपत्रिकामा छरिएर रहेका अनेकौं फुटकर रचनाहरूका अतिरिक्त सातवटा पुस्तकाकार कृतिहरू प्रकाशित भएका छन्, जुन यसप्रकार छन्-

| क्र.सं. | प्रकाशित कृति | विधा | प्रकाशन समय |
|---|---|---|---|
| १ | नयाँ नेपाललाई नयाँ सन्देश | कवितासङ्ग्रह अप्राप्त | २००९ |
| २ | भावी संधिवान सभाको एक झलक | निबन्ध अप्राप्त | २०१० |
| ३ | सही बाटो | निबन्ध | २०१३ |
| ४ | अधुरो सपना | कथा सङ्ग्रह | २०१६ |
| ५ | धवलागिरिको परिचय | निबन्ध अप्राप्त | २०२२ |
| ६ | दशकथा | कथासङ्ग्रह | २०४१ |
| ७ | सेरोफेरो मेरो | संस्मरण | २०५७ |

माथि उल्लिखित प्रकाशित कृतिहरूबाहेक केही कथा निबन्ध, लेख, कविता आदि रचनाहरू विभिन्न पत्रपत्रिकामा छरिएर रहेका छन् ।

---

[२०] गोविन्दलाल श्रेष्ठ 'भावना' धवलागिरीका कवि र कविता, पोखरा : अमृतप्रसाद शेरचन, २०५७ ।

[२१] गोविन्दलाल श्रेष्ठ 'प्रेम मिलन' **भारती**, (वर्ष५, सङ्ख्या ५, कार्तिक, २०१०, पृ २) ।

## २.११ पुरस्कार एवम् सम्मान

गोविन्दलाल श्रेष्ठले नेपाली साहित्य र प्रशासनिक दुवै क्षेत्रमा योगदान दिए पनि प्रशासनिक क्षेत्रबाट मात्र उनलाई पुरस्कार र सम्मान प्राप्त भएको देखिन्छ । ती पुरस्कार र सम्मान यसप्रकार छन्-

क) शुभराज्याभिषेक पदक (२०१३)
ख) जनपद सेवा (२०२३)
ग) प्रवल गोरखा दक्षिणबाहु चौथा (२०२६) र
घ) शुभराज्याभिषेक पदक (२०३१) ।

**सम्मान**

विद्यामन्दिर पुस्तकालय बागलुङले पुस्तकालयको समुन्नतिमा सहयोग पुऱ्याएवापत प्रदान गरेको 'सम्मान पत्र' (२०६१) ।

## २.१२ भ्रमण रुचि र स्वभाव

गोविन्दलाल श्रेष्ठ राजनीति र प्रशासनिक क्षेत्रमा लामो समयसम्म कार्य गर्दा नेपालका प्रायः सबैजसो जिल्लाको भ्रमण गरेका छन् ।[२२] व्यापार र उपचार गर्ने सिलसिलामा पटकपटक भारत गएका श्रेष्ठ २०४२ सालमा १५ दिनका लागि श्रीलङ्का भ्रमण गर्न गएका थिए ।[२३]

गोविन्दलाल श्रेष्ठको खास रुचि राजनीति र पढ्ने लेख्ने नै हो ।[२४] उनी जागिरे जीवनमा व्यस्त हुँदा पनि फुर्सदको समयमा साथीभाइसँग बस्ने, तास खेल्ने, खाने र रमाइलो गर्ने गर्दथे । खानपिनमा साधरण दालभात तरकारी रुचाउने श्रेष्ठ दूध, दही र फलफूलमा विशेषतः सुन्तला बढी मन पराउँछन् ।[२५]

---

[२२] शोधनायकबाट प्राप्त जानकारी अनुसार ।

[२३] ऐजन ।

[२४] ऐजन ।

[२५] कान्छी बुहारी समीक्षा श्रेष्ठबाट प्राप्त जानकारी ।

बाल्यकालदेखि नै सरल र मिलनसार स्वभाव भएका श्रेष्ठ नातेदार तथा साथीभाइ सबैसँग भाइचाराको सम्बन्ध राख्दछन् । कर्ममा विश्वास राख्ने श्रेष्ठले मानिसमा नैतिकताका साथै इमान्दारिता पनि त्यतिकै जरुरी छ भन्छन् ।

## २.१३ गोविन्दलाल श्रेष्ठको शारीरिक व्यक्तित्व

झट्ट हेर्दा सामान्य शरीर गहुँगोरो अनुहार गम्भीर मुद्राका गोविन्दलाल श्रेष्ठ ज्यादै मिलनसार, सहयोगी, उदार र संवेदनशील छन् ।[२६] ५ फिट ९ इन्चका श्रेष्ठ आफ्ना विचारलाई स्पष्टताका साथ राख्ने गर्दछन् ।[२७] आफूभन्दा सानो व्यक्तिले भनेको पनि उचित कुराको सम्मान गर्ने बानी उनको छ ।[२८] घरमा सर्ट र पाइजामाजस्तो साधारण पहिरनमा रमाउने गोविन्दलाल श्रेष्ठ घरबाहिर हिँड्दा दौरासुरुवाल र कोट लगाउन मन पराउँछन् । अरु कार्यमा भन्दा विशेषगरी पढ्न रुचाउने श्रेष्ठ आजकाल लेखनमा त्यति चासो राख्दैनन् । यिनै विभिन्न व्यक्तित्वका धनी भएकाले गोविन्दलाल श्रेष्ठ आफ्नो वरपर इष्टमित्र साथीभाइहरूका बीचमा बढी लोकप्रिय छन् ।

## २.१४ सामाजिक व्यक्तित्व

गोविन्दलाल श्रेष्ठको जन्म ग्रामीण परिवेशमै भएकाले उनी ग्रामीण सामाजिक जनजीवनको उत्थान र विकासमा सधैं चिन्तन गरिरहन्छन् । समाजको उत्थान गर्न शिक्षाको अहम भूमिका हुनेहुनाले उनले आफू जन्मेको ठाउँ बागलुङमा विद्यामन्दिर हाइस्कुल स्थापना गर्न विशेष योगदान गरेका छन् । यस विद्यालयको स्थापनाका लागि २०१० सालमा स्कुल अफ इनिस्पेक्टर डिल्लीराज कोइरालाबाट अस्थायी स्वीकृति लिएर गएका थिए ।[२९] बागलुङमा हस्पिटल निर्माण गर्नका लागि सचिव भएर कार्य गरेका

---

[२६] शोधनायकसँगको पटकपटकको भेटघाटबाट प्राप्त जानकारी अनुसार ।

[२७] ऐजन ।

[२८] शोधनायकबाट प्राप्त जानकारी अनुसार ।

[२९] ऐजन ।

गोविन्दलाल श्रेष्ठले २०१६ सालमा बागलुङ कन्या स्कुलको लागि सरकारबाट जग्गा दिलाउन सहयोग एवम् उपर्युक्त स्कुलको भवन निर्माण समितिको अध्यक्षसमेत भएर कार्य गरेका थिए ।[३०] त्यसैगरी गोविन्दलाल श्रेष्ठले २०२२ सालमा बागलुङ अञ्चल पञ्चायत भवन बनाउनका लागि सरकारबाट पन्ध्रं हजार रकम उपलब्ध गराएका थिए ।[३१] हाल उपर्युक्त जग्गामा बालमन्दिर निर्माण भएको छ । गोविन्दलाल श्रेष्ठ २०३१ -२०३३ सम्म रामेछापमा प्रमुख जिल्ला अधिकारी हुँदा महादेव मन्दिर निर्माणमा सहयोग गरेका थिए । [३२] हालसम्म पनि कलङ्की सुनार गाउँका विभिन्न सामाजिक कार्यमा उनी संलग्न रहेको पाइन्छ ।

## २.१५ राजनीतिक व्यक्तित्व

गोविन्दलाल श्रेष्ठ आफूलाई साहित्यिक व्यक्तित्व भन्दा राजनीतिक व्यक्तित्व भन्न रुचाउँछन् । उनी २००६ सालदेखि नै राजनीतिका क्षेत्रमा प्रवेश गरेका हुन् । २००६ सालमा उपचार गर्न लखनउ जाँदा उनलाई नेपाली काङ्ग्रेसका विभिन्न सदस्यहरूसँग भेट गर्ने मौका मिलेको थियो ।[३३] २००७ सालमा यिनले नेपाली काङ्ग्रेसको सदस्यता लिएको देखिन्छ । २०१५ सालको आमनिर्वाचनमा बागलुङ क्षेत्र नं. ८८ बाट उमेदबार भएर उनले चुनावमा भाग लिए ।[३४] नेपाल राष्ट्रवादी गोरखा परिषदका उमेदवार हरिदत्त उपाध्यायबाट पराजित हुन पुगेका गोविन्दलाल श्रेष्ठको बाहेक सम्पूर्ण उमेदबारको धरौटी जफत भएको थियो ।[३५] उनी हालसम्म पनि नेपाली काङ्ग्रेसका क्रियाशील सदस्य रहेका छन् ।

---

[३०] ऐजन ।

[३१] ऐजन ।

[३२] ऐजन ।

[३३] ऐजन ।

[३४] गोविन्दलाल श्रेष्ठ, सेरोफेरो मेरो, पूर्ववत् पृ. ६३ ।

[३५] ऐजन, पृ. ६३ ।

## २.१६ प्रशासनिक व्यक्तित्व

गोविन्दलाल श्रेष्ठका विभिन्न व्यक्तित्वमध्ये प्रशासनिक व्यक्तित्वलाई प्रमुख व्यक्तित्वका रूपमा लिन सकिन्छ । उनले जीवनको चौबीस वर्ष प्रशासनिक क्षेत्रमा समर्पित गरेको पाइन्छ । वि.सं २०१८ बाट प्रशासनिक क्षेत्रमा प्रवेश गरेका गोविन्दलाल श्रेष्ठले राष्ट्रिय निर्देशन अधिकारी, उपसचिव, प्रमुख जिल्ला अधिकारी, सहायक अञ्चलाधीश, उपनिर्देशक, निर्देशक आदि हुँदै २०४२ सालमा सेवानिवृत्त भएका व्यक्तित्व हुन् । गोविन्दलाल श्रेष्ठको कुशल प्रशासनले उपर्युक्त विभिन्न क्षेत्रमा महत्त्वपूर्ण योगदान पुगेको पाइन्छ ।

## २.१७ साहित्यिक व्यक्तित्व

साहित्यका मूलतः दुईवटा पाटा हुन्छन्-स्रष्टा साहित्य र द्रष्टा साहित्य । साहित्यकार गोविन्दलाल श्रेष्ठ द्रष्टा साहित्यका फाँटका भन्दा स्रष्टा साहित्यका फाँटका व्यक्तित्व हुन् । अर्थात् उनी आलोचकबाट होइन लेखकबाट प्रतिष्ठित भएका हुन् । गोविन्दलाल श्रेष्ठको साहित्यिक व्यक्तित्वको चर्चा गर्दा उनी मूलतः कथाकार व्यक्तित्वका रूपमा र अंशतः कवि, निबन्धकार, गीतकार, संस्मरणकार आदि व्यक्तित्वका रूपमा परिचित छन् ।

गोविन्दलाल श्रेष्ठको साहित्यिक व्यक्तित्व मूलतः कथकारका रूपमा रहेको पाइन्छ । उनको सार्वजनिक कथा लेखनको यात्रा वि.सं. २०१० मा 'प्रेम मिलन' शीर्षकको कथाबाट सुरु भएको हो ।[३६] सर्वप्रथम वि.सं. २०१६ सालमा उनको **अधुरो सपना** कथा सङ्ग्रह प्रकाशित भएको देखिन्छ ।[३७] त्यसैगरी श्रेष्ठको 'नयाँ सडक' कथा २०१७ मा प्रकाशित

---

[३६] गोविन्दलाल श्रेष्ठ 'प्रेम मिलन' **भारती**, (वर्ष५, सङ्ख्या ५, पूर्णाङ्क ? कार्तिक, २०१०, पृ २) ।

[३७] गोविन्दलाल श्रेष्ठ 'अधुरो सपना', काठमाडौं: स्वयम् , २०१६ ।

भयो ।[३८] २०४१ सालमा **दश कथा** [३९] सङ्ग्रहको प्रकाशन भए पनि यो कथा सङ्ग्रहमा पहिलो कथा सङ्ग्रह **अधुरो सपना** का ६ वटा कथाहरू समावेश गरिएको छ । उनले पछि चारवटा कथाहरू थपेर **दश कथा** नामक सङ्ग्रह प्रकाशन गरेको देखिन्छ ।

गोविन्दलाल श्रेष्ठले निबन्ध र प्रबन्धका क्षेत्रमा पनि कलम चलाएका छन् । उनका राजनीतिक लेखहरूको संरचना पनि निबन्ध र प्रबन्धका जस्तै भएकाले ती लेखहरूलाई पनि निबन्ध र प्रबन्ध भित्रै समेट्न सकिन्छ । गोविन्दलाल श्रेष्ठले २००८ सालमा 'हामी दु:खी किन?'[४०] शीर्षकको निबन्धबाट यात्रा सुरु गरेका हुन् । उनका फुटकर निबन्धहरू ' 'भावी संविधान सभाको एक झलक' (२०१०), 'सहीबाटो' (२०१३) र 'धवलागिरिको परिचय' (२०२२) प्रकाशित भएका छन् भने पनि हाल 'सहीबाटो निबन्ध' मात्र प्राप्त छ र बाँकी दुईवटा अप्राप्त छन् । श्रेष्ठद्वारा लेखिएका विभिन्न निबन्धहरू विभिन्न पत्रपत्रिकामा छरिएर रहेका छन् ।

गोविन्दलाल श्रेष्ठ कविता लेखनका क्षेत्रमा पनि परिचित छन् । उनले २००९ सालतिर 'नयाँ नेपाललाई नयाँ सन्देश' शीर्षकको झ्याउरे छन्दको कविता प्रकाशित भएको भने पनि हाल उपर्युक्त कविता अप्राप्त छ । २०१० सालमा 'नारीलाई सन्देश' शीर्षकको झ्याउरे छन्दको कविता प्रकाशित भयो ।[४१] यो कविता नै श्रेष्ठको प्रथम प्रकाशित कविता मान्नुपर्छ । त्यसैगरी २०१५ सालमा 'नौरङ्गे डाँफे' शीर्षकको कविता प्रकाशित भयो ।[४२] २०१८ सालमा सरोज हस्तलिखित पत्रिका अङ्क १०, वर्ष १, श्रावणमा प्रकाशित 'भावना' शीर्षकको कविता धवलागिरिका कवि र कविता सङ्ग्रहमा सङ्कलित छ ।

---

[३८] गोविन्दलाल श्रेष्ठ 'नयाँ सडक ', **शक्ति,** (वर्ष१, ङ्क १, पौष, २०१७) पृ. ८०-८२ ।

[३९] गोविन्दलाल श्रेष्ठ **'दश कथा'** काठमाडौ : प्रवीण प्रबोध सैंजु , २०४१ ।

[४०] गोविन्दलाल श्रेष्ठ 'हामी दु:खी किन ?' **युगवाणी** , (वषृ ५, अङ्क९, ११ आश्विन २००८) पृ. १९-२० ।

[४१] गोविन्दलाल श्रेष्ठ 'नारीलाई सन्देश', **भारती** (वर्ष ५, संख्या ६, २०१०) पृ. २१३ ।

[४२] गोविन्दलाल श्रेष्ठ 'नौरङ्गे डाँफे' **डाँफेचरी**, (रुख १, फूल १, २०१५) पृ. ४७ ।

गोविन्दलाल श्रेष्ठले संस्मरण लेखनमा पनि अग्रसरता देखाएका छन् । उनको पहिलो संस्मरणात्मक लेख 'हरियाली श्रीलङ्काको झझल्को' हो ।[४३] श्रेष्ठले 'सेरोफेरो मेरो' संस्मरणात्मक लेख १ देखि ४० श्रृङ्खलासम्म लेखेका छन् ।[४४] 'सेरोफेरो मेरो' पुस्तकको रूपमा २०५७, माघ १ गते प्रकाशित भएको छ । गोविन्दलाल श्रेष्ठको अर्को संस्मरणात्मक लेख 'जीवन ज्योति' हो ।[४५] त्यसैगरी उनले 'राजा उदार हुन् खोज्दा' संस्मरणात्मक लेख हालसालै लेखेका छन् ।[४६] यसरी श्रेष्ठद्वारा लिखित विभिन्न संस्मरणात्मक लेखहरू विभिन्न पत्रपत्रिकामा छरिएर रहेका छन् ।

## २.१८ गोविन्दलाल श्रेष्ठको समालोचना क्षेत्रमा प्रवेश

गोविन्दलाल श्रेष्ठले समालोचनाका क्षेत्रमा रुचि देखए पनि त्यति प्रभावकारी भने देखिदैन । वि.सं. २०२६ सालमा लेखेको 'लोकगीतमाथि एक दृष्टि' एक मात्र समालोचना हो ।[४७]

---

[४३] गोविन्दलाल श्रेष्ठ 'हरियाली श्रीलङ्काको झझल्को ' **गोरखापत्र,** (वर्ष८५, अङ्क ४, असार १, २०४२ ) पृ. ख-घसम्म ।

[४४] गोविन्दलाल श्रेष्ठ 'सेरोफेरो मेरो' साप्ताहिक **जन्मभूमि**, (११ वैशाख, २०५५, ९ श्रवाण २०५६) पृ विभिन्न ।

[४५] गोविन्दलाल श्रेष्ठ 'जीवन ज्योति' **जीवन एक व्यक्ति अनेक**, जीवन स्मारिका प्रकाशन समिति, भाद्र २०५६ ।

[४६] गोविन्दलाल श्रेष्ठ ' राजा उदार हुन खोज्दा' **नेपाल**, (वर्ष ७, अङ्क ३७, वैशाख १६, २०६४) पृ. १२ ।

[४७] गोविन्दलाल श्रेष्ठ 'लोकगीतमाथि एक दृष्टि , **बुकी,** (यामप्रथम, गुच्छा दुई २०६३) पृ. १०९-११७ ।

# तेस्रो परिच्छेद

## गोविन्दलाल श्रेष्ठको साहित्यिक यात्रा

गोविन्दलाल श्रेष्ठ (१९८९) २००८ सालबाट नेपाली साहत्यिमा प्रवेश गरेर हालसम्म अनवरतरूपमा साहित्यमा लागिरहेका अथक साधक हुन् । २००८ सालमा **युगवाणी** पत्रिकामा 'हामी दुःखी किन ?' नामको निबन्ध प्रकाशनसँगै साहित्यमा प्रवेश गरेर पछिल्लो पटक प्राप्त लेख 'राजा उदार हुन खोज्दा', 'नेपाल साप्ताहिक' (२०६४-१६) मा संस्मरणात्मक लेखनमा आएको छ । लगभग ६ दशक साधनामा तल्लिन श्रेष्ठका विभिन्न कथा, कविता, निबन्ध संस्मरणात्मक, समालोचनात्मक लेखहरू प्रकाशित छन् । दुईवटा, कथा सङ्ग्रह **अधुरो सपना** (२०१६) र **दश कथा सङ्ग्रह** (२०४१) प्रकाशित रहेका छन् । यसैगरी 'सहीबाटो' (२०१३) निबन्ध पुस्तिका र 'सेरोफेरो मेरो' (२०५७) आत्मसंस्मरणात्मक पुस्तक प्रकाशित भएको पाइन्छ । प्रकाशित पुस्तकहरूका अलवा श्रेष्ठका फुटकर कथा 'नयाँ सडक' 'शक्ति पत्रिका' (२०१७), वर्ष १, अङ्क १) रहेको छ । श्रेष्ठका फुटकर कविताहरू पनि प्रकाशित भएका छन् । त्यस्तै शवभिन्न समयमा विभिन्न पत्रिकाहरूमा अलग-अलग शीर्षकमा फुटकर निबन्धहरू पनि प्रकाशित भएका छन् । आफूले भोगेका, घुमेका र भेटेका व्यक्ति, समय र स्थानको बारेमा गरिएका संस्मरणात्मक लेखहरूको सङ्ख्या बाह्रवटा रहेका छन्, साथै 'जन्मभूमि' पत्रिकामा २०४३-३-१ मा जन्मभूमिका सम्पादकलाई लेखेको चुनावमा 'प्रजातान्त्रिक गुणको अभाव' नामको एक निवेदनसमेत प्राप्त भएको छ ।

यसरी विभिन्न विधामा कलम चलाएका श्रेष्ठका साहित्यिक रचनाको सङ्ख्या धेरैछन् । लगभग साठी वर्षसम्म साहित्यको विकासद्वारा जनतालाई सुसूचित गराएका श्रेष्ठ अपेक्षाकृत रूपमा भने कथाकारको रूपमा प्रतिष्ठित छन् । कथागत प्रवृत्तिकै आधारमा उनको साहित्यिक यात्राको चर्चा परिचर्चा गर्नुपर्ने हुन्छ । प्रेम मिलन (२०१०) कथाबाट थालिएको उनको कथाकारिता **अधुरो सपना** कथा सङ्ग्रह हुँदै बाध्यता (२०३९)

मा आइपुग्दा विषयवस्तु रचना प्रवृत्ति शैली, आदिमा केही फरक अनुभव हुन्छ । उनका अन्य विधामा पनि यस्तै फरकपन भेटिन्छ । त्यसैले प्रवृत्तिगत आधार हेर्दा 'बाध्याता' कथा (२०३९) भन्दा अघिको र पछिको उनको साहित्यिक लेखनलाई छुट्टाछुट्टै चरणमा वर्गीकरण गर्नु वाच्छनीय देखिएकाले यही 'बाध्यता' कथालाई सीमा रेखा बनाएर पूर्वाद्ध चरण र उत्तरार्द्ध चरण गरी दुई भागमा बाँड्न सकिन्छ; जुन यसप्रकार छ-

क) पूर्वार्द्ध चरण ( २००८-२०३८)

ख) उत्तरार्द्ध चरण (२०३९-हालसम्म)

**क) पूर्वार्द्ध चरण ( २००८-२०३८)**

जहानिया शासनको अन्त्य, जनतामा आएको शिक्षाप्रतिको सोच तथा विश्वपरिवेशमा रहेको एकरूपतासँगै साहित्यमा प्रवेश गरेका श्रेष्ठको प्रथम प्रकाशित साहित्य 'हामी दुःखी किन?' निबन्ध 'युगवाणी' (२००८ वर्ष ५, अङ्क ९) बाट आरम्भ हुन्छ । निबन्ध लेखनबाट साहित्यमा प्रवेश गरेका श्रेष्ठको त्यसपछि 'नयाँ नेपाललाई नयाँ सन्देश' (२००९) कविता प्रकाशन हुन्छ । त्यसैगरी उनले विभिन्न नामका पत्रिकाहरूमा फुटकररूपमा निबन्धहरू प्रकाशन गरेका छन् । 'प्रेम मिलन' 'भारती' (२०१०, ५, ५) मा प्रकाशित भएपछि कथाको क्षेत्रमा प्रवेश गरेका थिए । यस कथाका साथै यस चरणमा विभिन्न समयमा अलगअलग पत्रिकाहरूमा प्रकाशित कथाहरूको सङ्गृहीत रूप '**अधुरो सपना** (२०१६) बजारमा आएको पाइन्छ । यसको साथसाथै फुटकर रूपमा 'शक्ति पत्रिका' (२०१७) सालमा प्रकाशित 'नयाँ सडक' कथालाई पनि यही चरणमा राख्न सकिन्छ । विषयगत निबन्धको पुस्तिका 'सहीबाटो' (२०१३) पनि यसै चरणमा प्रकाशित भएको पाइन्छ भने अलगअलग पत्रिकामा विभिन्न समयमा प्रकाशित निबन्धहरूको सङ्ख्या १० वटा रहेका छन् । यस समयमा प्रकाशित कविताहरूको सङ्ख्या चार रहेको छ । यसै समयमा प्रकाशित लोकगीत माथिको एक दृष्टि (२०२६) एक मात्र उनको समालोचनात्मक लेख हो ।

निम्नवर्गीय पहाडी परिवेशको यथार्थ चित्रण गर्नु, नारीलाई गाउँमा घरायसी कामको जिम्मेवारी थुपार्नु, गाउँले रूढिवादी चिन्तनको यथार्थ प्रस्तुति, राजनैतिक परिवेशको झलक ठूलाले सानालाई हेर्ने दृष्टिकोणको यथार्थ चित्रण श्रेष्ठका यस चरणका लेखरचनाको प्रमुख विशेषताको रूपमा पाइन्छ । यौनमनोविज्ञान, ग्रामीण सोझा जनताको यथार्थ चित्रण गरेर लेखिएका श्रेष्ठका यस चरणका कथाले एक प्रकारको असल व्यक्तित्व विकासका लागि आशा गर्दै सन्देश दिएका छन् । श्रृङ्गारिता तथा सन्देश र शुभकामनारूपी श्रेष्ठका यस चरणका कवितामा सरल र सहज भाषामा झ्याउरे र गद्यलयको रागात्मक प्रवृत्ति भेट्न सकिन्छ ।

'सहीबाटो' (निबन्ध पुस्तिका) लगायतका अरू फुटकर निबन्धहरूमा श्रेष्ठका विचरण गर्दाका भोगाइ र  अनुभवको प्रस्ट विचार यस चरणका निबन्धमा पाइन्छ । सरल भाषाको प्रयोग, देश निर्माण गर्नका लागि युवालाई अगाडि बढ्न दिनुपर्दछ, देशमा प्राप्त साधनको उपयोग उचित तरिकाले गर्नुपर्दछ, राजनीतिक व्यक्तिहरू व्यक्तिगत स्वार्थमा नलागी देशको निर्माण तथा विकासको सोचाइतर्फ लाग्नुपर्छ भन्ने राष्ट्रप्रेमी धारणा 'सहीबाटो' निबन्ध पुस्तिकामा पाइन्छ । त्यसैगरी छिमेकी देश भारतका नेताहरूको प्रभाव र व्यक्तित्वको उदाहरण दिदै त्यस्तै निस्वार्थी भावना भएका महान् नेता भएमा हाम्रो देशले काँचुली फेर्नेछ भन्ने धारणासहितको निबन्ध 'युगपुरुष श्रीनेहरू' मा व्यक्त गरिएको छ । देशमा रहेका पूर्वाधार, स्रोत, साधन र वस्तुहरूको सदुपयोग गरेमा, देशभित्रका प्राकृतिक साधनको सही मूल्याङ्कन भएमा, रोजगारमा प्रबर्द्धन हुनका साथै देश विकासमा समेत टेवा पुग्ने कुरा 'खानी खनौं' निबन्धले प्रष्ट पारेको छ ।

समालोचनाको क्षेत्रमा 'लोकगीतमाथि एक दृष्टि' लेखेका श्रेष्ठको यस समालोचनाले ग्रामीण परिवेशमा मौखिकरूपमा रहेका लोकसाहित्यले पारेको प्रभाव र लोकसंस्कृतिको संरक्षण गरी यस्ता साझा सम्पत्तिमा सम्पूर्ण नेपालीले समयमा नै सचेत भई सम्बर्द्धन गर्नुपर्छ । लोकगीतलाई झ्याउरे गीत भनेर हेलाको दृष्टिले हेर्ने गरिन्छ त्यो गलत धारणा हो भन्ने अभिव्यक्ति दिएका छन् ।

समग्रमा यस चरणका लेख रचनाहरू सरल, सहज छन् र स्वार्थभन्दा माथि उठेर देश निर्माणमा लागौँ भन्ने सन्देश दिएका छन् । त्यसैगरी ग्रामीण जनजीवनको यथार्थ चित्रण, निम्नवर्गीय समाजमा व्याप्त असङ्गत पक्षको चित्रण सिधा-साधा, सरल र कुनै छलकपट, छक्कापञ्जा नजान्ने व्यक्तिमाथि अन्याय, अत्याचार थिचोमिचो, शोषण भइरहेको छ तापनि शोषित पीडित समूह मूक भएर बस्छन् भन्ने भावना व्यक्त गर्नुका साथै राजनीतिक चिन्तन समसामयिक विचार र सत्यता तथा देशको विकासमा सबैलाई समानन्तर अवसर दिनुपर्छ भन्ने विशषता  वा सन्देशहरूले युक्त लेखहरूको रचना तथा प्रकाशन यस चरणका उपलब्धी हुन् ।

**पूर्वार्द्ध चरणका कृतिहरूको कालक्रमिक सूची**

**निबन्ध**

| क.सं. | शीर्षक | प्रकाशन स्रोत | | | प्रकाशन वर्ष |
|---|---|---|---|---|---|
| | | पत्रिका | वर्ष | अङ्क | |
| १ | हामी दुःखी किन ? | युगवाणी | ५ | ९ | २००८/६ |
| २ | पहाडी स्वार्थीलाई झल्को | युगवाणी | ५ | १८ | २००८/८/२१ |
| ३ | ऋणबाट ऊऋण हुने बाटो | युगवाणी | ५ | ४५ | २००९/३/२० |
| ४ | खानी खनौ | युगवाणी | ६ | ५ | २००९/७/७ |
| ५ | सहीबाटो | पुस्तिका | | १ | २०१३/५/९ |
| ६ | पश्चिमी इलाका बागलुङ जिल्लाको झलक | उदयमासिक | १९ | १ | २०१३ |
| ७ | बागलुङमा चैते देशैको मेला | डाँफेचरी | १ | १ | २०१५ |
| ८ | युगपुरुष श्रीनेहरू | गोरखापत्र | | | २०१६/२/२९ |
| ९ | ग्रामीण समाजमा चेतना र सक्रियता | गोरखापत्र | ६८ | १३५ | २०२५/६/२ |
| १० | मूल्याङ्कन परिपाटी एक विश्लेषण | वर्गीय सङ्गठन | ५ | २० | २०३०/११ |
| ११ | सगरमाथा अञ्चलको सानु चिनारी | सगरमाथा अ.वि.सं. | | | २०३५ |

विभिन्न समयमा अलगअलग पत्रिकामा प्रकाशित कथाहरूको सङ्गृहीत रूपमा **अधुरो सपना** (२०१६) भित्रका नौवटा र अन्य फुटकर दुईवटा गरी जम्मा एघारवटा कथाको सूची यसप्रकार छ-

कथा

| क्र.सं. | शीर्षक | प्रकाशन स्रोत | | | प्रकाशन वर्ष |
|---|---|---|---|---|---|
| | | पत्रिकाको नाम | वर्ष | अङ्क | |
| १ | प्रेम मिलन | भारती | ५ | ५ | २०१०-६ |
| २ | लोग्नेलाई के भन्ने ? | परोपकार | ३ | २ | २०१२ |
| ३ | शशीमा दाग | - | ? | ? | २०१२-१०-५ |
| ४ | मेरो शेरवानी कोट | मञ्जरी | ? | ? | २०१४-७-४ |
| ५ | सत्याग्रह | - | ? | ? | २०१४-१०-२९ |
| ६ | घोषित स्वयम्बर | | ? | ? | २०१५-१०-२० |
| ७ | चुरोट | रेडियो नेपालद्वारा प्रशारित | | | २०१६-५-२६ |
| ८ | सम्झना | कल्पना | ? | ?[४८] | २०१६-५-२७ |
| ९ | अधुरो सपना | रेडियोबाट प्रसारित | | | २०१६ |
| १० | नयाँ सडक | शक्ति पत्रिका | १ | १ | २०१७ |
| ११ | कुहिरो भित्र धवलागिरिका कथाहरू | पुस्तक | | | २०५३ |

कविता

| क्र.सं. | शीर्षक | प्रकाशन स्रोत | | | प्रकाशन वर्ष |
|---|---|---|---|---|---|
| | | पत्रिकाको नाम | वर्ष | अङ्क | |
| १ | नयाँ नेपाललाई नयाँ सन्देश (कविता सङ्ग्रह) | | | | २००९ |
| २ | नारीलाई सन्देश | भारती | ५ | ६ | २०१० |
| ३ | नौरङ्गे डाँफे | डाँफेचरी | ६ | ६ | २०१५ |
| ४ | भावना | सरोज हस्तलिखित | १ | १० | २०१८ |

समालोचना

| क.स | शीर्षक | प्रकाशनस्रोत | | | प्रकाशनवर्ष |
|---|---|---|---|---|---|
| १ | लोकगीतमाथि एक दृष्टि | पत्रिका बुकी | १ | १ | २०२६ |

[४८] शोधनायकबाट प्राप्त जानकारी अनुसार ।

**ख) उत्तरार्द्ध चरण (२०३९-हालसम्म)**

देशमा आएको परिवर्तन २०३६ सालको जनमत सङ्ग्रहबाट नागरिकमा एकप्रकारको सकरात्मक चिन्तन देखापऱ्यो । यसैगरी देशमा काम गर्ने वातावरण अलि सहज हुँदै आयो । त्यसैगरी राजनेताहरू बन्दी जीवनबाट छुट्न थाले । देशमा देखापरेको यही परिवर्तनले सरकारी जागिरको डरले खुलस्त हुन नसकेका युवा लेखकहरूमा झन बढी प्रगतिवादी सोचाइका लेखरचनाहरू प्रकाशन हुने अवसर पाए । । नारीलाई प्रगतितर्फ लाग्न प्रेरणा दिइनुपर्दछ अब ग्रामीण भेकमा हुने चिथोमिचोलाई सहेर बस्न हुँदैन र 'नयाँ देश निर्माणमा सबैजना जुट्नुपर्दछ भन्ने खालको आवजका रचनाहरू सलबलाएको बेलामा गोविन्दलाल श्रेष्ठको २०३९ सालको 'बाध्यता' कथाले पनि नारीलाई प्रगति र क्रान्तितर्फ लम्किन सङ्केत दिएको छ । यस कथामा पहिला लेखेका कथाभन्दा फरक धारणा पाइन्छ । पहिलाका कथामा दमन, शोषण, अत्याचार, उत्पीडन आदि सहेर ग्रामीण भेकमा नारीहरूले दु:ख र पीडा सहेर बसेका कुरा पर्दछन् भने २०३९ पछिका कथा तथा रचनाहरूमा सम्मानपूर्वक जीवन जिउन सङ्घर्ष गर्नुपर्छ भन्ने खालको अभिव्यक्ति वा आवजले दोस्रो चरण सुरुवात गऱ्यो । 'बाध्यता' कथा (२०३९) बाट सङ्घर्ष गर्नुपर्ने, अत्याचार सहन नहुने खालको सन्देश दिदै साहित्य लेखेका श्रेष्ठको यो चरण अझै पनि निरन्तरतारूपमा चलिरहेकै छ । यस चरणमा **दश कथा** सङ्ग्रह (२०४१) प्रकाशन भएको छ । यसमा रहेका दशवटा कथामा ६ वटा कथाहरू **अधुरो सपना** (२०१६) कथा सङ्ग्रहबाट लिइएको छ बाँकी चारवटा विभिन्न पत्रिकामा (२०४१) पूर्व नै प्रकाशित भइसकेका थिए । यो **दश कथा** सङ्ग्रहमा भएका कथाहरूले समाजमा भएका विकृति र विसङ्गतिहरूलाई उद्घृत गरेका छन् । ग्रामीण परिवेशमा महिलालाई हेर्ने दृष्टिकोण र सहरिया परिवेशमा महिलालाई हेर्ने दृष्टिकोणको चर्चा गर्नुका साथै नारीले आफ्नो हक र अधिकार खोज्न आफै मैदानमा उत्रिनु पर्ने कुरामा जोड दिएका छन् । श्रेष्ठका संस्मरणात्मक लेखहरू विशेष गरेर आफूले भोगेका र देखेका व्यक्तिहरूको प्रभाव र घटनाहरूको यथार्थ चित्रण गरेको पाइन्छ । २०४२ मा 'हरियाली श्रीलङ्काको झझल्को' मा

श्रीलङ्कालाई बौद्ध गुम्बा, स्तुप र चैत्य विहारको अपूर्व स्थल भएको ठाउँ हो भन्दै यसलाई बगैंचै बगैंचाको टापु हो भनेका छन् । यसको सुन्दरता अवर्णनीय छ भन्दै प्राकृतिक सौन्दर्यले भरिपूर्ण देश श्रीलङ्कामा भाले कुखुरा र सिंहलाई उत्कृष्ट प्रतीकको रूपमा मान्छन् । यहाँको धान मुख्य खेती भए पनि नरिवल सुपारी ल्वाङ आदि नगदे बाली हुन् र यहाँको मुख्य चाड बौद्ध पूर्णिमा हो भनेका छन् । त्यसैगरी उनको अर्को संस्मरणात्मक लेख 'नेपाल-भारत-सम्बन्ध' (२०४३) हो । यसमा श्रेष्ठले नेपाल भारतको सम्बन्ध नङ र मासुको जस्तो छ । हाम्रा दुई राष्ट्रको धार्मिक, सांस्कृतिक, रीतिरिवाज, खाने, लगाउने, चालचलन सबै मिल्दछन् । हाम्रा दुवै राष्ट्रमा भाइचाराको सम्बन्ध हुनु जरुरी छ भनेका छन् । 'रङ्गभेद दक्षिण अफ्रिकी समस्या' (२०४३) यसमा गोराहरूले काला जातिमाथि गरेको अन्याय र अत्याचारको अन्त्य हुनुपर्ने कुरामा जोड दिएका छन् । यसैगरी श्रेष्ठको 'समयको प्रवाह' (२०४३) पाँचवटा धाराबाहिक रूपमा प्रकाशित छ । यसमा १९९३ को राणा शासनको समयदेखि २०४३ सम्मको समयमा आइपुग्दा देशमा राजनैतिक, सामाजिक, आर्थिक, धार्मिक, सांस्कृतिक, शैक्षिक, प्रशासनिक आदि क्षेत्रमा भएको आमूल परिवर्तनलाई ऐनाझैं जस्ताको तस्तै छर्लङ्ग देखाएका छन् । समयले मानिसलाई धेरै परिवर्तन गरायो, तर देशमा विकास भने हुन सकेन भन्ने दुखेसो व्यक्त छ । श्रेष्ठका संस्मरणात्मक लेखहरू 'डा. तुलसी गिरी' (२०५६) 'जीवन ज्योति' (२०५६) 'सेरोफेरो मेरो' (२०५७) र 'राजा उदार हुन खोज्दा' (२०६४) गरी जम्मा १२ वटा रहेका छन् । 'सेरोफेरो मेरो' (२०५७) मा आफ्ना जीवनमा घटेका अविस्मरणीय क्षणहरूको वृत्तान्त छ । त्यसैगरी राजनैतिक, आर्थिक पक्षका साथै श्रेष्ठका व्यक्तिगत जीवनमा घटेका घटना र व्यवहार दिनचर्यालाई साप्ताहिक 'जन्मभूमि' पत्रिकामा २०५५ वैशाख ११ देखि २०५६ श्रावण ९ गतेसम्म विभिन्न पृष्ठमा 'सेरोफेरो मेरो' नामको शीर्षकमा प्रकाशन भएको र पछि २०५७ मा लेखक स्वयमले नै एउटै सङ्गृहीत रूपमा पुस्तक प्रकाशन गरेका हुन् ।

**निवेदन**

गोविन्दलाल श्रेष्ठले २०४३ सालमा बागलुङ जिल्लाको चुनावमा धाँदली भएको भन्दै 'जन्मभूमि' पत्रिकाका सम्पादकलाई पत्र पठाएको कुरा सोही पत्रिकाको २०४३/३/१ गतेको पृष्ठ ६ मा उपलब्ध छ। गोविन्दलालको नाममा प्रकाशन भएको उपर्युक्त पत्रिकामा 'गत चुनावमा प्रजातान्त्रिक गुणको अभाव' भन्ने शीर्षकमा प्रकाशित भएको छ।

यस चरणका विशेषताहरू बाहिरी देशको दृष्टान्तद्वारा आफ्नो देशको विकासको आह्वान, स्वतन्त्रता र सार्वभौम अधिकारप्रति व्यापक चिन्तन, विद्रोहको स्वर, जातीय विभेदको चर्को विरोधका साथै नारीमा जागरण आउनुपर्ने, देशमा आर्थिक, राजनैतिक सुधार हुनुपर्ने, क्रान्तिकारी चेतना, यथार्थवादी चिन्तनका साथै छिमेकी मुलुकसँग मेलमिलापको भावना सबैमा जाग्नुपर्ने जस्ता गुणात्मक र सन्देशमूलक लेख र रचनाहरू यस चरणमा भएकाले यो चरण उत्कृष्ट र महत्त्वपूर्ण छ।

श्रेष्ठका उत्तरार्द्ध चरणका लेख र चनाहरूको कालक्रमिक सूची यस प्रकार छ -

**दश कथा (२०३९) सङ्ग्रहमा सङ्कलित ४ वटा कथाहरूको सूची**

**कथा**

| क.सं. | शीर्षक | प्रकाशन स्रोत | | | प्रकाशन वर्ष |
|---|---|---|---|---|---|
| | | पत्रिकाको नाम | वर्ष | अङ्क | |
| १ | भैंसी ब्यायो | इन्दु | | | २०१६ |
| २ | काँचो शङ्का | दर्पण | | | २०१७ |
| ३ | तक्मा | बुकी | १ | १ | २०२५-१२-३ |
| ४ | बाध्यता | इन्दु | ? | ? | २०३९-६ |

## संस्मरणात्मक लेखरचनाहरू

| क्र.सं. | शीर्षक | प्रकाशन स्रोत | | | प्रकाशन वर्ष |
|---|---|---|---|---|---|
| | | पत्रिकाको नाम | वर्ष | अङ्क | |
| १ | हरियाली श्रीलङ्काको झझल्को | गोरखापत्र | ८५ | ४१ | २०४२ |
| २ | रङ्गभेद दक्षिण अफ्रिकी समस्या | जन्मभूमि | १७ | ? | २०४३ |
| ३ | नेपाल भारत सम्बन्ध एक चर्चा | जन्मभूमि | १७ | ? | २०४३ |
| ४ | समयको प्रवाह १ | जन्मभूमि | १७ | ? | २०४३ |
| ५ | समयको प्रवाह २ | जन्मभूमि | १७ | ? | २०४३ |
| ६ | समयको प्रवाह ३ | जन्मभूमि | १७ | ? | २०४३ |
| ७ | समयको प्रवाह ४ | जन्मभूमि | १७ | ? | २०४३ |
| ८ | समयको प्रवाह ५ | जन्मभूमि | १७ | ?[४९] | २०४३ |
| ९ | जीवन ज्योति | जीवन एक व्यक्तित्व अनेक (पुस्तक) | | | २०५६ |
| १० | डा. तुलसी गिरी | साप्ताहिक जन्मभूमि | | | २०५६ |
| ११ | सेरोफेरो मेरो | साप्ताहिक जन्मभूमि | | | २०५५-२०५६ |
| १२ | राजा उदार हुन खोज्दा | नेपाल | ७ | ३७ | २०६४-१-१६ |

---

[४९] शोधनायकबाट प्राप्त जानकारी अनुसार ।

# चौथो परिच्छेद

## गोविन्दलाल श्रेष्ठको कृतित्वको अध्ययन र विश्लेषण

### ४. कथाको वर्गीकरण

कथाकार गोविन्दलाल श्रेष्ठले लेखेका कथालाई वर्गीकरण गर्दा सामाजिक, मनोवैज्ञानिक र राजनैतिक गरी तीन भागमा बाँड्न सकिन्छ । तलको तालिकामा सामाजिक शब्द लेखेको कोष्ठकअन्तर्गतका धनात्मक (+) चिह्नले सामाजिक विषयवस्तु भएको कथालाई बुझाउँछ । मनोवैज्ञानिक शब्द लेखेको कोष्ठकअन्तर्गतका धनात्मक (+) चिह्नले सामाजिक कथाभित्र पनि मनोवैज्ञानिक भएको कुरालाई सङ्केत गरेको छ । राजनीतिक शब्द लेखेको कोष्ठकअन्तर्गतका धनात्मक चिह्नले राजनीतिक विषयवस्तु भएको कथालाई बुझाउँदछ । चरित्र शब्द लेखेको कोष्ठमा भएका पुरुष तथा स्त्री शब्द अन्तर्गतका धनात्मक चिह्नले कथामा पुरुष तथा स्त्री पात्रको केन्द्रीय भूमिकालाई बुझाउँछ । स्त्री शब्दअन्तर्गतका ऋणात्मक ()) चिह्नले कथामा स्त्री पात्रको भूमिका न्यून रहेको कुरालाई जनाउँदछ । परिवेश शब्द लेखेको कोष्ठमा भएका सहरी तथा ग्रामीण शब्दअन्तर्गतका धनात्मक चिह्नले कथामा सहरी र ग्रामीण परिवेश भएको कुरालाई जनाउँदछ भने ऋणात्मक (-) चिह्नले कथामा सहरी तथा ग्रामीण परिवेश न्यून रहेको कुरालाई सङ्केत गर्दछ त्यस्तैगरी राजनीतिक, मनोवैज्ञानिक, ऐतिहासिक, पौराणिक, सहरी र ग्रामीण परिवेश अन्तर्गतका कोष्ठमा रहेका तेस्रो लामो (—) चिह्नले कथामा उपयुक्त कुराहरू नभएको सङ्केत गरेको छ ।

कथाको वर्गीकरणको तालिका यसप्रकार छ -

| क्र.स. | कथाको शीर्षक | सामाजिक | राजनीतिक | मनोवैज्ञानिक | ऐतिहासिक | पैराणिक | चरित्र | | परिवेश | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | प्रेम मिलन | + | —— | + | —— | —— | पुरुष | स्त्री | सहरी | ग्रामीण |
| २ | लोग्नेलाई के भन्ने ? | + | + | + | —— | —— | + | + | + | —— |
| ३ | शशीमा दाग | + | —— | + | —— | —— | + | - | + | - |
| ४ | मेरो शेरवानी कोट | + | - | + | —— | —— | + | + | + | - |
| ५ | सत्याग्रह | + | + | + | —— | —— | + | - | + | —— |
| ६ | घोषित स्वयम्बर | + | - | + | —— | —— | + | + | —— | + |
| ७ | चुरोट | + | - | + | —— | —— | + | + | - | + |
| ८ | सम्झना | + | - | + | —— | —— | + | - | - | + |
| ९ | अधुरो सपना | + | —— | + | —— | —— | + | + | + | + |
| १० | नयाँ सडक | + | + | —— | —— | —— | + | - | + | —— |
| ११ | कुहिरोभित्र | + | - | + | —— | —— | + | + | —— | + |
| १२ | बाध्यता | + | - | + | —— | —— | + | + | + | - |
| १३ | भैंसी ब्यायो | + | —— | + | —— | —— | + | + | —— | + |
| १४ | काँचो शङ्का | + | —— | —— | —— | —— | + | - | + | - |
| १५ | तक्मा | + | - | + | —— | —— | + | + | + | - |

## ४.१ गोविन्दलाल श्रेष्ठका कथाहरू

गोविन्दलाल श्रेष्ठका कथाहरू दुईवटा सङ्ग्रहमा सङ्कलित छन् । तिनका अतिरिक्त दुई कथा फुटकर रूपमा प्रकाशित छन् । **अधुरो सपना** सङ्ग्रह, **दश कथा सङ्ग्रह** र फुटकर कथा गरी तीन भागमा राखेर उनका कथाहरूलाई यसै शोधपत्रका पृष्ठ ३० को तालिकामा सङ्केत गरेअनुसार तल दिएका बुँदाहरूमा विश्लेषण गरिएको छ -

**अधुरो सपना** कथा सङ्ग्रह (२०१६) अन्तर्गतका कथाहरूको विश्लेषण

**अधुरो सपना** कथसङ्ग्रह गोविन्दलाल श्रेष्ठको पहिलो प्रकाशित कथा सङ्ग्रह हो । गोविन्दलालकै प्रकाशनमा प्रकाशित यसका कथाहरू विभिन्न समयमा अनेक पत्रिकाहरूमा आइसकेका छन् । यसमा नौवटा कथाहरू रहेका छन् । यसै कथा सङ्ग्रहमा रहेका ६ वटा कथाहरू 'प्रेम मिलन', 'लोग्नेलाई के भन्ने?', 'मेरो शेरवानी कोट', 'अधुरो सपना', 'सम्झना' र ' चुरोट' कथालाई पछि **दश कथा** नामक सङ्ग्रहमा समावेश गरेकाले श्रेष्ठका कथाहरूको विश्लेषण गर्दा प्रस्तुत **अधुरो सपना** नामक सङ्ग्रह भित्रका तीनवटा कथाहरूको मात्र विश्लेषण गरिएको छ, बाँकी छवटा **दश कथा** नामक सङ्ग्रह भित्रका कथाहरूको विश्लेषणको क्रममा लिइनेछ । कथाको तत्त्वहरू- कथावस्तु, कथानक, पात्र, परिवेश, द्वन्द्व, दृष्टिबिन्दु, कुतूहलता, भाषाशैली र उद्देश्यका साथै कथागत प्रवृत्तिका आधारमा कथाको विश्लेषण गरिन्छ ।

**अधुरो सपना** सङ्ग्रहमा सङ्गृहीत 'शशीमा दाग' कथाको विश्लेषण

### ४.१.क) विषयवस्तु

प्रस्तुत कथा सामाजिक विषयवस्तुमा आधारित कथा हो । यसमा 'म'  पात्रले शशीलाई मन पराउँछ । उसले दैनिक जागिरमा हिडेकी शशीलाई हेरे मात्र पनि आफ्नो मनको तृष्णा मेटाउँछ । यसै बखत ज्योत्सना नामकी एउटी साथीले शशी र 'म'  पात्रको

बीचमा मध्यस्थताको कार्य गर्दछे । पूर्णिमाको दिन दुलही भित्र्याउने असल दिनको प्रतिक्षामा जब 'म' पात्र कल्पना गरेर बसेको हुन्छ त्यति नै बेला 'म' पात्रको एउटा साथी आउँछ र शशी उसको लागि काम नलाग्ने भन्ने कुरा व्यक्त गर्दछ । यसरी यस कथाले युवकहरू आफूले मन पराएकी युवतीलाई पाउनका लागि हरतरहले प्रयास गर्ने र सबै युवकहरू त्यस्तै युवतीको खोजीमा रहन्छन् । समाजका युवतीहरूको इज्जत जुनसुकै बेलामा पनि तुषरापात हुनसक्छ भन्ने कुरालाई यस कथाले विषयवस्तु बनाएको छ, जुन विवाह गर्न भनी कल्पना गरेको 'म' पात्रलाई साथीले आएर शशीमा पेट बढ्दै गएको र उसको लागि काम नलागेको कुरा सुनाएकोले स्पष्ट हुन्छ ।

**४.१.ख) कथानक**

प्रस्तुत कथा परम्परागत रूपमा लेखिएको कथा हो । यो कथा रैखिक ढाँचामा रहेको छ । जम्मा दुई भागमा विभाजित गरी लेखिएको यस कथामा 'झ्यालमा सिरानी गरी पल्टिरहेको थिएँ' बाट आरम्भ भएर 'यसो हेर्दा त कालो धब्बा लागेको शशी' मा गएर टुङ्गिएको छ । यसरी हेर्दा यस कथाको ढाँचा आदि भागमा उसले पच्छ्याइरहेकी केटीलाई हेरिरहने र मनमा अनेक कल्पना गुन्ने साथै ज्योत्सनाद्वारा मध्यस्तथता गरी दुवैको मिलोमतो हुन्छ भने मध्य भागमा पूर्णिमाको दिन शशीलाई दुलही बनाइ ल्याउने कल्पनामा डुब्नु, भेटेर कुरा गर्न नपाएकोमा छटपटिनु र मनमा अनेक कल्पना गर्नु रहेको छ । अन्त्य भागमा भने गाउँलेद्वारा हल्ला फिजाइ शशीमा दाग लागेको आफ्नो लागि स्वीकार्य नभएको र दाग लागेकी शशीलाई अगाडि देख्नु मा गएर कथा टुङ्गिएको छ । यसरी अन्त्य भागमा आएर गाउँले तथा साथीद्वारा शशीमा दाग लागेको र अरुको पेट बोकेको बताएपछि 'म' पात्रको सोचाइ पूरा नभएको र दुई जनाको वियोग देखाएर कथाको अन्त्य भएको छ ।

### ४.१. ग) पात्र विधान

कथामा आएको घटनासँग प्रत्यक्ष सहभागी हुने व्यक्तिलाई पात्र भनिन्छ भने कुनै लेखमा कति व्यक्ति राख्ने, कसको कार्य के कति गराउने भन्ने संयोजनलाई पात्र विधान भनिन्छ । प्रस्तुत कथामा मुख्य रूपमा जम्मा चार जना पात्रहरू तथा नेपथ्यमा गाउँलेहरू रहेका छन् । कथाको सुरुबाट अन्त्यसम्म आउने 'म' पात्र र उसैको सेरोफेरोमा हिड्ने शशी यस कथाका प्रमुख पात्र हुन भने मूल कथालाई सहयोग गर्न आउने ज्योत्सना सहायक पात्र हो । त्यस्तै शशी दुई जीउकी भएकी छन् भनी खबर ल्याउने 'म' पात्रको साथी, हावारुपि हल्ला ल्याउने गाउँले गौण पात्र हुन् । प्रवृत्तिका आधारमा सम्पूर्ण पात्रहरू अनुकूल नै छन् । कथामा 'म' पात्र र उसको साथी पुरुष पात्र हुन् भने शशी र ज्योत्सना स्त्री पात्र हुन् । कोही पात्रबाट पनि मुख्य घटना वा कार्यव्यापारको विरोध नभएकाले यस कथाका हरेक पात्र अनुकूल छन् । स्वभावका आधारमा सबै पात्र स्थिर छन्, किनभने कथाको आरम्भमा रहेको स्वभाव अन्त्यसम्म उही नै रहेको छ । कसैमा पनि परिवर्तन आएको छैन जीवन चेतनाका आधारमा शशी र 'म' पात्र आफूले चाहेकोलाई हरेक तरहले आफ्नो बनाउन चाहने भएकाले वर्गीय पात्र हुन् भने ज्योत्सना र साथी पात्र भने व्यक्ति पात्र हुन् । असन्नतानका आधारमा शशी र 'म' पात्र मञ्चीय हुन् भने साथी, ज्योत्सना र गाउँले नेपथ्य पात्र हुन् ।

### ४.१. घ) परिवेश

श्रेष्ठको यस कथाको परिवेश सहरको मध्यम वर्गीय परिवार रहेको छ । शरद ऋतुको समयमा स्वच्छ र निर्मल आकाश भएको समयमा उनलाई गल्लीमा यताउता हिडेको देखेर 'म' पात्र खुशी हुन्छ । रातको समय, विहान, बेलुकाको समय, भएको र करिव एक हप्ता पहिला मात्र देख्ने मौका पाएको र दोस्रो हप्तामा भेट भएको, पूर्णिमाको दिन विवाह गरी घरमा भित्र्याउने कल्पनामा बसेको र अन्त्यमा साथी आएर उनको चरित्रमा धब्बा लागेको कुरा बताएपछि कथा अन्त्य भएकाले पनि यस कथाले करिब एक

महिनाको समय लिएको र सहरको साँघुरो गल्ली र शरद ऋतुको सफा वातावरणलाई दृष्टिगत गरेको छ ।

### ४.१ ङ) द्वन्द्वविधान

मुख्य गरेर प्रस्तुत कथामा वाह्यभन्दा आन्तरिक द्वन्द्व रहेको छ । व्यक्ति भित्रका संवेग तथा कल्पना र उत्कण्ठलाई प्रमुख द्वन्द्वका रूपमा राखी कथा लेख्ने श्रेष्ठको 'शशीमा दाग' कथामा पनि शशीलाई देखेर पछाडिबाट भए पनि हेरेर चित्त बुझाउने, बोल्न र हेर्न खोजिरहने 'म' पात्र हरेक समय शशीलाई नै सम्झेर कल्पनामा रमाउँछ । कहिले सपनामा माला लिएर शशी पहिराउन आएको देख्छ । कहिले सपनामा मलाई भगाउ भन्न आएको देख्छ त्यसैले यस कथामा 'म' पात्रमा खास गरेर आन्तरिक द्वन्द्वको उपस्थिति रहेको छ ।

### ४.१.च) दृष्टिबिन्दु

'शशीमा दाग' कथा प्रथम पुरुष आन्तरिक दृष्टिबिन्दुमा रहेर लेखिएको कथा हो । लेखक स्वयम 'म' पात्र भएर आफ्नै सङ्लग्नता रहेको यस कथामा सुरुदेखि अन्त्यसम्म 'म' पात्रकै केन्द्रीयता रहेको छ । शशी परिधीय दृष्टिबिन्दुका रूपमा आएकी छ । उसले अर्कोको गर्भ बोकेकीले 'म' पात्रले स्वीकार गर्न नसकेको अवस्था रहेको छ । कथामा शशी र साथी लगायतका व्यक्तिहरूको भेषभूषा, लवाइख्वाई आदि लेखक आफैले व्यक्त गरेकाले हस्तक्षेपीय प्रथम पुरुष दृष्टिबिन्दु रहेको प्रस्ट हुन्छ ।

### ४.१.छ) कुतूहलता

प्रस्तुत कथामा 'शशीमा दाग' शीर्षक हेर्नासाथ कस्तो दाग? के दाग ? आदि कुराको जिज्ञासा उठ्छ । 'म' पात्रले शशीलाई बाटोमा हिडेको देखेर मन पराउँछ । सधैं उनी आउने बाटो कुरेर बस्दछ । यहाँनेर अब शशीबाट कस्तो प्रतिक्रिया आउला, वरिपरि देख्ने मानिसले के भन्ने हुन जस्ता कुतूहलता पैदा गराएको छ । ज्योत्सनाद्वारा शशीसँग कुराको आदान-प्रदान गर्दा अब के होला, पूर्णिमाका दिन दुलही भित्र्याउने साइत राम्रो

भएकाले 'म' पात्र पर्खेर बसेको हुँदा त्यो दिन के होला, कस्तो होला भन्ने उत्सुकता जाग्नु , शशीलाई मन पराउने धेरै व्यक्ति भएकाले शशीलाई कसले फुत्काउने होलान्, एक महिनापछि शशीले अर्कैको गर्भधारण गरिछ भन्ने हल्ला चल्नु, अब 'म' पात्रको हालत के होला भन्ने उत्कण्ठाले के कथा समाप्त भएको छ ।

यसरी कथामा कुतूहलताले उत्कृष्ट स्थान पाएकोले रोचकपूर्ण छ ।

**४.१.ज) भाषाशैली**

यस कथामा प्रयुक्त भाषा सरल र सहज छ । यसमा शशीको दाग प्रतीकात्मक भएर आएको छ । एकापट्टि आफूलाई काम नलाग्ने शशी गर्भवती भएको जनाउँछ भने अर्कापट्टि मानवलाई चन्द्रमाको उज्यालो प्रकाश आवश्यक छ, जब चन्द्रमामा धब्बा वा कालोपन देखिएमा कसैलाई काम छैन भन्ने द्विविधात्मक अर्थ लाग्छ । वाक्यगठनमा श्रेष्ठको मातृभाषाको प्रभाव परेको प्रस्ट देखिन्छ । जस्तै- "सपनामा मलाई उनले आएर वित्यास पार्न आट्यो ।" (पृ. ४५), 'म' पात्रसँग भएको साथीको संवादमा प्रयुक्त वाक्य के कारणले? किन? जस्ता छोटा छन भने जिरिङ्ग, ढक्क, टकटकति, खलखल, मुसुक्क, कुक्रुक्क, गुटुमुटु, जुरुक्क जस्ता अनुकरणात्मक शब्दहरू प्रशस्त छन् ।

समग्रमा कथा वर्णनात्मक शैलीमा लेखिएको छ । संवृत्त भाषा रैखिक शैलीमा लेखिएकोले कथा सहज संवेद्य बन्न पुगेको छ ।

**४.१. झ) उद्देश्य**

प्रस्तुत शशीमा दाग कथाले समाजमा घट्न सक्ने समस्या वा घटनालाई देखाउने प्रयत्न गरेको छ । युवतीहरू सुन्दरी छन् भने जसले पनि नजर लगाउन सक्छ तर आफ्नो बाटोभन्दा बाहिर गएर नारीलाई कुनै पनि कार्य गर्न छुट छैन । यदि बाटो छोडेर उसले अनुचित कार्य गर्छे भने नारी अस्मितामा दाग लागेपछि ऊ कहिल्यै चोखी हुन सक्दिन

भन्दै आफूले चाहेको कुरा सबैपूर्ण हुन्छन् भन्नु मूर्खता हो, जसले पनि स्वार्थपूर्ति गर्नतिर ध्यान दिन्छन् भन्ने यस कथाको प्रमुख उद्देश्य हो ।

**अधुरो सपना** सङ्ग्रहमा सङ्गृहीत 'घोषित स्वयम्बर' कथाको विश्लेषण

**४.२ क) कथावस्तु**

प्रस्तुत कथा सामाजिक कथा हो । यसमा छोराछोरीको विवाह बाबुआमाको चाहनाले गरिदिने गाउँले समाजको विषयलाई लिएर कथावस्तु तयार पारिएको छ । दीपकसँग माया प्रितीमा गाँसिएकी सुशीलालाई जर्बजस्ती बाबुआमाले अर्कै केटासँग विवाह गरिदिन्छन् । विवाह गरिदिएर आफ्नो दायित्व पूरा गर्ने तर, छोराछोरीको घरवार राम्रो होस् भन्ने नसोच्ने गाउँले अभिभावकहरूको हेलचक्र्याइले छोराछोरीको ज्यानसमेत जाने कुरालाई दर्शाउँदै आफूले चाहेको दीपक नपाउँदा र दीपकले पनि आफूले चाहेकी सुशीलालाई अन्यत्रै विवाह गरिदिएकाले दुवैजनाले सँगै मृत्युवरण गरेको कुरालाई यस कथाले प्रमुख विषय बनाएको छ । समग्रमा यस कथामा ग्रामीण समाजको मध्यमवर्गीय परिवारको समस्यालाई विषयवस्तु बनाइएको छ ।

**४.२ ख) कथानक**

प्रस्तुतक कथा चक्रीयरूपले अगाडि बढेको छ । 'निमन्त्रणा कार्डमा 'शुभविवाह' छापिएको थियो' बाट आरम्भ भएको कथा 'उनीहरू नदीमा हामफालेर बग्दै गए' सम्म विस्तार भएको छ । यहाँसम्म आइपुग्दा कथामा अनेक घटनाहरू देखापर्दछन् । कथालाई विश्लेषणका आधारमा हेर्दा निमन्त्रणा कार्ड पाएर दुलाहाको नजिकको साइनो पर्ने 'म' पात्र विवाहमा गएको दुलही लिएर फर्कदा बाटोमा नोकर्नीबाट प्रेमका पूर्व वृत्तान्त सुनेर अचम्म मानेको र केही क्षणपछि सुशीला र दीपक दुवै नदीमा हामफाली मरेको कुराबाट कथा चक्रीय आधारमा रहेको बुझिन्छ । कथाको आदि भागमा दीपकसँग स्कुलमा पढ्दादेखि नै प्रेममा डुबेकी सुशीला केही समयसँगै हिंडडुल गर्दछन् र बाबुआमाले थाहा

पाएपछि उनीहरूको बीचमा आवतजावत बन्द गर्नेसम्म रहेको छ । मध्यभागमा विवाहमा गहना र कपडा फाल्नु, जर्बजस्ती मण्डपमा बस्नु, दीपकलाई नै सम्झिरहनु र नुहाउन जाँदा हामफाल्नुजस्ता कुरा रहेका छन् भने दीपक पनि सँगै हामफाल्नु , दुवै बग्नु र मृत्युवरण गर्नु कथाको अन्त्य भाग हो । यसरी पूर्ववृत्तान्तलाई बीचमा नोकर्नीद्वारा बताइएको र मार्मिक घटनाहरूलाई देखाइएकोले यो कथा चक्रीयरूपमा रहेको छ भन्न सकिन्छ ।

### ४.२ ग) पात्रविधान

प्रस्तुत कथामा दीपक र सुशीला प्रमुख पात्र भएर आएका छन् । सहायक पात्रमा दुलहीका बाबु आमा, 'म' पात्र, नोकर्नी र दुलाहा आएका छन् भने गौणपत्रामा गाउँले मान्छे जन्ती आदि छन् । 'म' पात्र, दुलाहा, दुलहीका बाबु, दीपक आदि पुरुष पात्र छन् भने नोकर्नी, दुलहीकी आमा, सुशीला आदि स्त्री पात्रहरू हुन् । प्रवृत्तिका आधारमा दुलहीका बाबुआमा प्रतिकूल छन् भने दीपक, सुशीला दुलाहा, 'म' पात्र, नोकर्नी अनुकूल पात्र हुन् । स्वभावका आधारमा सुशीला स्थिर पात्र हो । ऊ जहिले पनि दीपकलाई मात्र चाहन्छे । कसैसँग बोल्न पनि चाहन्न जर्बजस्ती विवाह गरिदिए पनि उसैको नाममा मृत्युवरण गर्दछे भने दीपक गतिशील पात्र हो । ऊ कहिले अन्यत्र जाऊँ भन्छ । कहिले विदेश गएँ भनेर गाउँमा नै बस्दछ र अन्त्यमा मृत्युवरण गर्दछ । त्यस्तै बाबुआमा, दुलाहा र 'म' पात्र स्थिर पात्रहरू हुन् । नोकर्नी जता पनि लाग्ने क्षणिक स्वार्थमा लिप्त भई आफूमा कुनै स्थिरता नभई गोप्य कुरा पनि बताएकाले गतिशील पात्र हो । त्यसैगरी 'म' पात्र आफूले विवाह गराएकालाई राम्रो होस् भन्ने कामना गर्ने वर्गीय पात्र हो । अन्य सबै पात्र व्यक्ति पात्र हुन् ।

### ४.२.घ) परिवेश

प्रस्तुत कथाको समय केवल दुई दिनको रहेको छ । विवाहको कुरा भएकाले लगन हुने समय वैशाख, जेठ, असार, मंसिर, माघ र फागुनको समय हुनुपर्ने र अन्त्यमा दुलही र दीपक नदीमा फाल हाली मर्दा नदीको पानीको प्रवाहको डरले 'म' पात्र आफू जान

नसकेको जनाएपछि भर्खर वर्षा समप्त भएको र विवाह भएको समय मंसिर हुनसक्छ भन्ने अनुमान गर्न सकिन्छ । यसको परिवेश सहरबाट वन र नदीको किनार देखाएको छ भने नोकर्नी राख्ने देखिएकाले धनी परिवार जनाएको छ ।

**४.२. ङ) द्वन्द्व**

श्रेष्ठको यस कथामा खास गरेर आन्तरिक द्वन्द्वले प्राथमिकता पाएको छ । जस्तै छोरी सुशीलाको प्रेम प्रसङ्गले गर्दा प्रताडीत भएका बाबुआमाले दुवैजनाको भेटघाटमा रोक लगाएका छन् । भेट हुन नपाएपछि दुवै जनाको मनमा अनेक भावनाहरूले द्वन्द्वात्मक स्थिति पैदा गरेको छ । नोकर्नीबाट वृत्तान्त थाहा पाएको 'म' पात्रका मनमा गाउँले र दुलाहाले सुशीला र दीपकको प्रसङ्ग थाहा नपाए हुन्थ्यो भन्ने विचार लिएकोले आन्तरिक द्वन्द्वले प्रवलता पाएको देखिन्छ । सुशीलाले दुलाहाका घरबाट ल्याएको गहना र कपडा फ्याकेकोले बाह्य द्वन्द्वको केही झलक पाइन्छ । यसरी प्रस्तुत कथामा मुख्य गरेर आन्तरिक द्वन्द्वलाई बढी प्राथमिकता साथ प्रस्तुत गरिएको छ ।

**४.२. च) दृष्टिबिन्दु**

प्रस्तुत कथाको दृष्टिबिन्दु प्रथम पुरुषीय दृष्टिबिन्दुको प्रयोग गरिएको छ । 'म' पात्रको प्रत्यक्ष संलग्नतामा कथा सुरुदेखि अन्त्यसम्म रहेकाले यस कथामा आन्तरिक प्रथम पुरुष दृष्टिबिन्दु रहेको छ । सुशीलालाई केन्द्रबिन्दु बनाएर 'म' पात्रले आफूले भोगेका कुराहरू व्यक्त गरेको छ । धेरैजसो 'म' पात्रले सुशीला, दुलाहा र दीपकको बारेमा आफैले भनिदिएकोले प्रथम पुरुष हस्तक्षेपीय दृष्टिबिन्दु छ । समग्रमा यस कथामा 'म' पात्रको प्रत्यक्ष संलग्नताका साथै सबै घटना क्रियाकलाप, र कार्यव्यापारको आफू पनि भोक्ता भएकाले प्रथम पुरुष दृष्टिबिन्दु रहेको प्रस्ट हुन्छ ।

**४.२. छ) कुतूहलता**

यस कथामा पर्याप्त कुतूहलता रहेको छ । निमन्त्रणा कार्ड हातमा परेको भनेर पहिलो कुरा दर्शाएकाले नै पहिल्यै कसको के कार्य रहेको, किन कार्ड आएको र कसको

शुभकार्य होला भन्ने कुतूहलताबाट कथा सुरु भएको छ । त्यस्तै एकैचोटी विवाह मण्डप देखाउनु, दुलही रुनु, गहना, कपडा, फ्याक्नु देखाएर मात्र पछाडि यथार्थ बताउनुले पनि उपयुक्त कुतूहलता पैदा गराएको छ । दुलहीकी नोकर्नीले दुलही र दीपकको सम्बन्ध विस्तारै विस्तारै भन्दै जाँदा अलि छिटो र पूरै कुरा भनिदिए हुन्थ्यो जस्तो कुतूहलता थपिँदै जान्छ । भत्यारको प्रबन्ध हुँदै जाँदा नुहाउन गएकी दुलही एकैचोटी नदीमा हामफालेको र दीपक पनि एक्कासी आएर हामफालेको देखाएको हुँदा कथा अझ नसिद्धएको हो कि भन्ने जस्तो भान पाठकलाई दिन सफल यस कथामा पर्याप्त कुतूहलता भएकाले सहजरूपमा अगाडि बढेको छ ।

**४.२ ज) भाषाशैली**

प्रस्तुत कथामा प्रायः गरेर व्यक्ति बोली र संवादलाई प्रमुखता दिइएको छ । भत्यार, अपहत्ते, काहुली, चेवाजस्ता झर्रा शब्दहरूको व्यापक प्रयोग भएका छन् । त्यसैगरी फेसन, कार्ड मिडिल क्लासजस्ता आगन्तुक शब्दहरूको प्रयोग हुनका साथै झ्याम्म, भुलुक्क, खलखली जस्ता अनुकरणात्मक शब्दहरूको प्रयोगले पनि भाषा मीठो र सरल बनेको छ ।

**४.२ झ) उद्देश्य**

प्रस्तुत कथामा छोराछोरीको चाहनालाई वास्ता नगरी बाबुआमाले आफ्नो स्वविवेकले आँखा चिम्लेर गरिदिने विवाह र त्यस विवाहबाट हुने दुर्घटनालाई देखाएर यस्तो अन्धो निर्णयको घोर विरोध गर्दै समाजमा अवदेखि आफ्नो इच्छामुताविक विवाह गर्न पाउनुपर्छ भन्ने जागरण ल्याउन खोजिएको छ ।

**अधुरो सपना** सङ्ग्रहमा सङ्गृहीत 'सत्याग्रह कथाको' विश्लेषण

**४.३ क) कथावस्तु**

प्रस्तुत कथामा राजनीतिक विषयवस्तु छ । तत्कालीन राजनीतिलाई विषय बनाए तापनि प्रेमलाई प्रमुखता दिइएको छ । जुलुसमा भाग लिएर झण्डा बोकेर नारा लगाउने,

आमसभामा भाग लिने, सत्याग्रहमा भाग लिने आदि कामबाट दिक्दार भएको 'म' पात्रले आफ्नो भविष्यको बाटो सोचेर जीवन साथीको खोजीमा चिन्तित हुन्छ । साथीले सत्याग्रहमा भाग लिने शान्तिको तस्वीर देखाउँदा मन पराउँछ । 'म' पात्रले शान्तिलाई प्राप्त गर्न कठोर परिश्रम र दुःख गर्न तयार हुन्छ । शान्तिको घर अगाडि गएर धर्ना गरेर जिद्दी देखाएर बस्दछ । उसले दुःखको प्रवाह गर्दैन । शान्तिको र उसको मिलन हुन परिस्थितिले साथ दिदैन । सत्याग्रह गर्ने काम भने निरन्तर चालु रहन्छ । यो कथाको विषयवस्तु मुख्यतः देशको गिर्दो राजनीतक अवस्थालाई देखाउँदै हरेक मानिसलाई आफ्नो स्वार्थपूर्ति गर्न जे जस्ता उपाय अपनाएर भए पनि पूरा गरेरै छाड्छ भन्ने कुरालाई मूल विषयवस्तु बनाइएको छ ।

**४.३ ख) कथानक**

प्रस्तुत 'सत्याग्रह' कथामा २००७ साल पछिको गतिविधिलाई समेटेर लेखिएको छ । रैखिक ढाँचामा लेखिएको छ । यस कथामा 'जिन्दावाद, मेरो माग पूरा गर' बाट आरम्भ भएर 'सत्याग्रह जोरसोरले चालु थियो' मा गएर टुङ्गिएको छ । यसरी यस कथाको आदि भागमा युवायुवतीहरू विभिन्न माग राख्दै सत्याग्रह गर्दछन् । सत्याग्रहमा भाग लिएका केटीहरूको तस्वीर ल्याएर साथीले 'म' पात्रलाई देखाउँछ । 'म' पात्रले तस्वीर हेरेर शान्तिलाई असाध्यै मन पराउँछ । शान्तिलाई प्राप्त गर्न उत्साहित भएर ऊ कल्पनामा डुब्छ । मध्यभागमा शान्तिको तारिफ गर्दै उनले गर्दा नै सत्याग्रह चल्न सकेको कुरा प्रस्ट पार्छ । शान्तिप्रति स्नेह भाव प्रकट गर्दै उनलाई प्राप्त गर्न सत्याग्रह गर्न तयार हुन्छ । साथीहरूले उसको कुराको समर्थन गर्दछन् । अन्त्य भागमा शान्तिका घर अगाडि गएर धर्ना बस्दछ । शान्तिले उसलाई देखेर भित्र-बाहिर गर्न थाल्छे । शान्तिको मानसिक वेदना बुझेर 'म' पात्र मूर्ति झैं बसिरहयो । माग पूरा भएको छ भन्न कोही पनि आएन । धर्ना बस्दा ऊ दिक्क भइसकेको हुन्छ । माग पूरा नभएको कुरालाई देखाएर कथा अन्त्य भएको छ ।

**४.३ ग) पात्रविधान**

प्रस्तुत कथामा 'म' पात्र, शान्ति उर्मिला, कमला र ऊ पात्र रहेका छन् । 'म' पात्र र शान्ति कार्यका आधारमा प्रमुख पात्र हुन् । ऊ, उर्मिला र कमला सहायक पात्रका रूपमा आएका छन् । सत्याग्रह गर्ने अन्य पात्रहरू गौण पात्रका रूपमा आएका छन् । 'म' र 'ऊ' पात्र पुरुष पात्र हुन् । उर्मिला, कमला र शान्ति स्त्री पात्र हुन् । जीवन चेतनाका आधामा हेर्दा 'म' पात्र वर्गीय पात्र हो । अन्य पात्रहरू वैयक्तिक पात्रका रूपमा आएका छन् । 'म' पात्र राजनीतिमा सक्रिय पात्र हो । यसले शान्तिलाई प्राप्त गर्न हिरिक्क भएको छ । शान्ति पनि राजनीतिमा सक्रिय पात्र हो । यसले 'म' पात्रको प्रेमसम्बन्धी कुनै प्रतिक्रिया दिएकी छैन । उर्मिला, कमला र ऊ पात्र वैयक्तिक भूमिकामा नै देखिएका छन् । आसन्नता र आवद्धताका कोणबाट हेर्दा 'म' पात्र र शान्ति बद्ध पात्र हुन् भने अन्य पात्रहरू मुक्त हुन् । 'म' पात्र शान्ति, कमला, उर्मिला र ऊ पात्र मञ्चीय पात्र हुन् । अन्य नेपथ्य पात्रहरू हुन् । स्वभावका आधारमा हेर्दा 'म' पात्र गतिशील पात्र हो । शान्तिलाई पाउनका लागि कहिले बाटो ढुकेर बस्दछ । कहिले साथीहरूलाई जम्मा पारी सल्लाह सुझाव लिन्छ र अन्त्यमा सत्याग्रह गर्दछ । अन्य पात्रहरू स्थिर पात्रका रूपमा आएका छन् । प्रवृत्तिगत रूपमा हेर्दा सबै अनुकूल पात्र हुन् ।

समग्रमा हेर्दा यस कथाको 'म' पात्र राजनीतिमा सक्रिय हट्टाकट्टा पात्रको रूपमा चित्रित छ । उसले शान्तिलाई प्राप्त गर्न उसैको घर अगाडि धर्ना बस्दछ । शान्ति पनि राजनीतिमा चासो राख्ने सक्रिय पात्र हो, तर प्रेमप्रति उसको त्यति चाहना देखिदैन । कमला, उर्मिला र 'ऊ' पात्रहरूले कथालाई अगाडि बढाउन महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् । यस कथामा पात्र विधान उपयुक्त किसिमको छ ।

**४.३. घ) परिवेश**

प्रस्तुत कथामा सहरी परिवेश रहेको छ । सत्याग्रह कथाको घटना घट्ने समयावधि धेरै वर्ष रहेको छ । यस कथामा 'म' पात्रले नारा जुलुस, आमसभा, सत्याग्रह गरेरै दसौं वर्ष बिताइसकेको छ । उसले शान्तिलाई प्राप्त गर्न महिनौं दिनसम्म उसैको घर अगाडि

गएर धर्ना बसेको छ । परिस्थितिले साथ दिएन र उसको माग पूरा हुनसकेन । सत्याग्रह भने जोरसोरले चालु थियो भनेपछि कथा अन्त्य भएकाले पनि यस कथाले एघारौँ वर्षभन्दा अझ बढी समय लिएको सङ्केत दिएको छ, किनभने माग पूरा नभएसम्म सत्याग्रह गरिरहने कुराबाट प्रस्ट हुन्छ । कथा वर्णनात्मक रूपमा अगाडि बढेको छ । कथाको घटना स्थान सहरको कुनै ठाउँ हो भन्न सकिन्छ, किनभने आन्दोलनमा खिचेका सत्याग्रहीहरूको सुन्दर तस्विर , झण्डा , सत्याग्रह जस्ता प्रसङ्गले सहर नै हो भन्ने कुरा बुझाउँछ ।

### ४.३. ङ) द्वन्द्व

प्रस्तुत सत्याग्रह कथामा मुख्य गरेर बाह्य द्वन्द्वले पूर्णता पाएको छ । बाह्य द्वन्द्वमा विशेष गरी 'म' पात्रले वर्षौंदेखि सङ्घर्ष गरेर नारा जुलुस गर्दै आएको प्रसङ्ग छ । उसको नाउँ नै जिन्दावाद भइसकेको र साधारण बच्चाले पनि यही नामले पहिचान्थे । नारा जुलुस जनमतजस्ता द्वन्द्वात्मक प्रसङ्गले पनि यस कथामा बाह्य द्वन्द्वले प्रवलता पाएको कुरा सिद्ध हुन्छ । यस कथामा आन्तरिक द्वन्द्वको पनि केही झल्को पाउन सकिन्छ । 'म' पात्रले शान्तिलाई प्राप्त गर्न उसैको घर अगाडि गएर सत्याग्रह गरेर महिनौँसम्म बस्दछ । 'म' पात्रलाई देखेर शान्तिका मनमा खलबली मच्चिन्छ । भित्र र बाहिर गर्न थाल्छे । यहाँनेर शान्तिका मनमा मानसिक तनाव बढकाले आन्तरिक द्वन्द्वको झलक पाइन्छ । 'म' पात्रका मनमा पनि आन्तरिक द्वन्द्वको झलक पाइन्छ । उसलाई महिनौसम्म धर्ना बस्दा पनि कोही माग पूरा भयो भन्न नआउँदा म असफल भएँ भन्ने मानसिक चिन्ता परेकोले आन्तरिक द्वन्द्वले स्थान लिएको प्रस्ट हुन्छ ।

### ४.३. च) दृष्टिबिन्दु

प्रस्तुत कथामा आन्तरिक प्रथम पुरुष दृष्टिबिन्दुको प्रयोग भएको छ । कथानक प्रथम पुरुष 'म' को केन्द्रीयतामा सीमित छ । शान्तिलाई केन्द्रविन्दु बनाएर 'म' पात्रले आफ्ना अनुभवहरू व्यक्त गरेको छ । कथामा तृतीय पुरुष पात्रहरू भए पनि तिनीहरूको भोगाइलाई प्रथम पुरुष 'म' पात्रकै माध्यमद्वारा प्रस्तुत गरिएको छ । यसरी 'म' पात्रको

दृष्टिबाट सम्पूर्ण कथानक अगाडि बढेको हुनाले उपर्युक्त कथा आन्तरिक दृष्टिबिन्दुमा संरचित छ ।

### ४.३. छ) कुतूहलता

प्रस्तुत सत्याग्रह कथामा 'म' पात्रले सत्याग्रहीहरूको तस्विर हेरेर कसले खिचेको होला, साथीले विनाक्यामरा पनि तस्वीर खिच्न सकिन्छ भन्दा कसरी खिच्ने होला, 'म' पात्रले शान्तिलाई प्राप्त गर्न उसैको घर अगाडि सत्याग्रह गर्दा उसको माग पूरा होला कि नहोला, शान्ति स्वयमले कस्तो प्रतिक्रिया जनाउली भन्ने कुतूहलता पैदा गराएर कथाकारले कथालाई अगाडि बढ्न गतिप्रदान गरेका छन् ।

### ४.३. ज) भाषाशैली

प्रस्तुत कथामा व्यक्तिबोली र संवादलाई प्रमुखता दिएको छ । सरल वाक्यको प्रयोग भएको छ । कथामा सबै पात्र शिक्षित भएकाले उच्च मध्यम खालको भाषा प्रयोग भएको छ । मीठासपूर्ण प्रस्तुतिले क्लिष्ट शब्दलाई पनि अर्थपूर्ण र सारयुक्त बनाएको छ । भाषा वर्णनात्मक र संवादात्मक शैलीमा लेखिएको छ । 'म' पात्रले साथीसँग गरेको संवादमा प्रयुक्त वाक्यहरू :

"तस्वीर कसले खिचेको ? '

" मैले आफै खिचेको ।'

"यो त तपाईले खिचेको हैन क्यारे ! क्यामराले खिचेको होला र' ।

"विना क्यामेराले पनि तस्वीर खिच्न सकिन्छ र ?'

'सकिन्छ , मैले धेरै खिचिसकेको छु ।' [५०]

उपर्युक्त संवादमा 'म' पात्रले साथीलाई तस्वीरका बारेमा मीठो पाराले भनेको कुरा स्पष्ट छ । कथामा क्यामरा, पिकेटिङ्गजस्ता आगन्तुक शब्दको प्रयोग भएको छ । फरफर,

---

[५०] गोविन्दलाल, श्रेष्ठ **अधुरो सपना** सङ्ग्रह (२०१६) पृ.. ४८ ।

हुरुक्क, झलमल आदि अनुकरणात्मक शब्दहरूको प्रयोग पनि त्यत्तिकै भएको छ । भाषाशैली सरल सुबोध भएर अगाडि बढेको छ ।

**४.३. झ) उद्देश्य**

प्रस्तुत कथामा २००७ साल पछिको परिवर्तनले नेपाली समाजमा ल्याएको राजनीति गतिविधिको यथार्थ ज्ञान सबैले हासिल गर्न सकुन् भन्ने मूल अभिष्ट रहेको छ । यस कथामा एकातिर विभिन्न मागहरू राख्दै नारा, जुलुस, आमसभा, सत्याग्रह गरेर राजनीतिक कार्यकर्ताले आफ्नो अधिकार प्राप्त गर्नलाई रातदिन सङ्घर्ष गर्नुपर्दछ भन्ने खोजिएको छ भने अर्कोतिर आफूले चाहेको वस्तु प्राप्त गर्न राजनीतिमा जस्तै त्याग, बलिदान र सङ्घर्ष गर्न सक्नुपर्छ भन्नु कथाको मुख्य उद्देश्य हो ।

**४.२. दशकथा सङ्ग्रह** (२०४१) अन्तर्गतका कथाहरूको विश्लेषण

**दश कथा सङ्ग्रह** गोविन्दलाल श्रेष्ठको दोस्रो प्रकाशित कथा सङ्ग्रह हो । प्रवीण प्रबोध सैंजुको प्रकाशनमा प्रकाशित यसका कथाहरू विभिन्न समयमा अनेक पत्रिकाहरूमा आइसकेका छन् । यसमा दशवटा कथाहरू रहेका छन् , जुन यसप्रकार छन्-

**दशकथा सङ्ग्रहमा सङ्गृहीत 'प्रेम मिलन' कथाको विश्लेषण**

**४.२. क) विषयवस्तु**

प्रस्तुत कथा सामाजिक विषयवस्तुमा आधारित छ । सहरी समाजलाई समेटेर लेखिएको यस कथामा शशिकला डिल्लीबजारको स्कुलमा पढ्न जाँदा अड्डामा नौसिन्दाको काम गर्ने मोहनलालको प्रेममा पर्दछिन् । आफ्नै सहपाठी साथीहरूले घरमा बाबुलाई तपाईंकी छोरीले एउटा पहाडको केटासँग प्रेम गर्छे भनेर सुनाइदिए । बाबु आमाले शशिकलाको विवाह अर्कै केटासँग गर्ने निर्णय गर्दछन् । विवाहका दिन शशिकला मोहनलालसँगै जीवन बिताउन घरबाट भाग्छिन् । शशिकला र मोहनलालको प्रेमले सफलता पाएको कुरालाई यस कथाले विषयवस्तु बनाएको छ । आफूले चाहेको व्यक्तिसँग

विवाह गरी बस्नु भनेको नारीको सबैभन्दा ठूलो प्राप्ति भएको र काठमाडौंको धनी व्यक्ति छोरीको इच्छा विपरीत विवाह गर्न तम्सिदा असफल भएको कुरा यस कथाले विषयवस्तु बनाएको छ ।

**४.२ ख) कथानक**

प्रस्तुत कथा रैखिक ढाँचामा लेखिएको छ । 'माघ महिना भर्खरै टुसाएको मात्रै के थियो' बाट आरम्भ भएर 'अझसम्म काठमाण्डूमा यसको चर्चा युवक युवती वर्गमा चल्दैछ' मा गएर टुङ्गिएको छ । यो कथा तीन भागमा तयार भएको छ । माघ महिनाको सुरुवातबाटै जाडो सुरु भएको समयबाट मोहनलाल अड्डामा जान ओभरकोट लगाई हिडेको बेलामा शशिकलासँग बाटोमा भेट हुन्छ । त्यस दिनदेखि उनीहरूको मनमा अनेक कल्पना उठ्नु, चिठीपत्रको आदानप्रदान गर्नु कथाको आदि भाग हो । उनीहरूको प्रेम मौलाउँदै जानु, साथीहरूद्वारा शशिकलाको घरमा गएर प्रेमको वृत्तान्त सुनाइदिनु, बाबुआमाद्वारा अर्कै केटो खोजी विवाह गर्ने निर्णय गर्नु कथाको मध्यभाग हो । जन्ती आउनु, दुलही हराउनु दुवैजना भाग्नु, आमाबाबुलाई लाजमर्दो अवस्था हुनु र आजसम्म यस घटनाको चर्चा सुनिनु कथाको अन्त्य भाग हो ।

**४.२ ग) पात्रविधान**

यस कथामा पात्रहरू मोहनलाल, शशिकला, नोकर्नी, साथीहरू, शशिकलाका बाबुआमा, दुलाहा, युवक र जन्ती रहेका छन् । कथामा शशिकला, युवती, साथीहरू, आमा, नोकर्नी, स्त्री पात्रहरू हुन् । भने मोहनलाल, युवक, दुलाहा, शशिकलाको बाबु पुरुष पात्रहरू हुन् । शशिकला र मोहनलाल प्रमुख पात्र हुन् नोकर्नी र बाबुआमा सहायक पात्र हुन् । कथामा शशीकलाका साथीहरू, युवक र जन्ती गौण पात्रका रूपमा आएका छन् । प्रवृत्तिगत रूपमा हेर्दा यस कथामा शशिकला, मोहनलाल र नोकर्नी अनुकूल पात्रहरू हुन् भने बाबुआमा प्रतिकूल पात्र हुन् । जीवन चेतनाका आधारमा आफ्नी छोरीको इच्छा विपरीत विवाह गर्न तमिस्ने काठमाडौंका साहुहरू व्यक्तिगत पात्रहरू हुन् । आफ्नो

चाहनापूर्ण गर्न हरतरहले लागिरहने युवायुवतीको प्रतिनिधित्व गर्ने शशिकला र मोहनलाल वर्गीय पात्र हुन् । स्वभावका आधारमा पहिला वास्ता नगर्ने शशिकला पछि मोहनलालविना मोर्छु भन्ने गतिशील पात्र हो भने मोहनलाल र अन्य पात्रहरू स्थिर पात्र हुन् । आसन्नताका आधारमा हेर्दा शशिकला, मोहनलाल, साथीहरू, बाबुआमा र दुलाहा मञ्चीय पात्रहरू हुन् भने जन्ती र गाउँलेहरू नेपथ्य पात्र हुन् ।

समग्रमा यस कथामा शशिकला र मोहनलाल मुख्य पात्र हुन् । यिनीहरूले एक अर्कालाई प्राप्त गर्न मरिमेटेका छन् । इच्छा विपरीतको विवाहमा घरबाट भागेर शशिकलाले मोहनलाललाई जीवन अर्पेकी छ र उसले पनि स्वीकार गरेको छ । अन्य पात्रहरूले कथालाई अगाडि बढाउन महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् ।

**४.२ घ) परिवेश**

काठमाडौंको गल्ली, माघको महिना, जाडो बढिसकेको र कुहिरोको कारण चिसो बढेको अवस्था छ । पोखराबाट काठमाडौ आएर बसेको मोहनलालले डिल्लीबजारको स्कुलमा पढ्ने शशिकलालाई गल्लीमा भेट्नु, क्षेत्रपाटीको घर १५/४२० नम्बर, कीलगडको दुलाहा र पकनाजोल शशिकलाको घर आदि यसका प्रमुख स्थान र वातावरण हुन् । यसको साथै पाइखाना, फूलबारी, कोठा आदि प्रशस्त स्थान पाइन्छ । माघको महिना लगनको साइत भएको र मोहनलालले शशिकलालाई देख्नु, विहान देखेको र राती सुत्दा कल्पना गर्ने बानी पर्नु, शशिकला भोलिपल्ट विद्यालय जाँदा मोहनलाललाई खोज्नु, केही दिनसम्म एक्लै हिड्नु र प्रेम मौलाउनु , करिब ७-८ दिनदेखि साथीहरूले शशिकलाको बुबालाई पोल खोल्नु, त्यसैबेला बुवाले विवाह गरिदिन केटा खोज्नु, भोलिपल्ट विवाहको निधो गर्नु, विवाहको दिन दुलही र मोहनलाल भाग्नु देखाइएको कथाको समय दश दिन जतिको रहेको छ । यसरी कुहिरो लागेर हुस्सुले भरिएको जाडो मौसमयुक्त दश दिनभित्रको समय र काठमाडौं सहर यस कथाको परिवेश रहेको छ ।

### ४.२.ङ) द्वन्द्व

प्रस्तुत कथामा आन्तरिक र बाह्य दुवै द्वन्द्व रहेको छ । बाह्य द्वन्द्वलेभन्दा आन्तरिक द्वन्द्वले प्रवलता पाएको छ । पहिलो दिन मोहनलाल देखेर नबोलेकी शशिकला दोस्रो दिन किताब लिएर स्कुल जाँदा घच्याउँदै गएको र दिनभरि पठनपाठनमा ध्यान नदिएको, बाटोमा भेट्ने प्रयास गर्दा भेट्न नसकेको र राति निद्रा नलागेको जस्ता कुराबाट पनि आन्तरिक द्वन्द्वले प्रवलता पाएको कुरा प्रस्ट हुन्छ । मोहनलालमा पनि शशिकलालाई भेट्न नपाउँदा उत्पन्न भावनाले आन्तरिक द्वन्द्व पैदा गराएको छ ।

शशिकलाका बाबुआमालाई साथीहरूको कुराले रिस उठेर चिच्याएकोले बाह्य द्वन्द्व झल्किएको छ । यसरी समग्रमा यस कथामा मुख्य गरेर आन्तरिक द्वन्द्वले नै मुख्य भूमिका खेलेको छ ।

### ४.२ च) दृष्टिविन्दु

यस कथामा तृतीय पुरुष बाह्य दृष्टिबिन्दुको प्रयोग भएको छ । यो कथा शशिकला र मोहनलालको कार्यकलापमा लेखकले आफ्नो सम्पूर्ण भाव र विचारहरूलाई प्रवाहित गरेकाले तृतीय पुरुष वा बाह्य दृष्टिबिन्दुको प्रयोग भएको छ । कथाकारले शशिकला र मोहनलालको पहिरन, जीवन र घटनाको बारेमा आफैले व्यक्त गरिदिएकाले हस्तक्षेपीय तृतीय पुरुष बाह्य दृष्टिबिन्दुमा यस कथा अगाडि बढेको छ ।

### ४.२ छ) कुतूहलता

प्रस्तुत कथामा आदिदेखि अन्त्यसम्म पाठकको मन तान्न प्रयुक्त कुतूहलताले प्रमुख भूमिका खेलेको छ । शशिकला र मोहनलालको भेट भएपछि के हुन्छ होला , मायाप्रीति बस्लाकि नबस्ला, मायाप्रीति बसिसकेपछि साथीहरूले बाबुआमासँग कुरा लगाइदिएकाले अब के होला, विछोड हुने अवस्थामा पुगेका प्रेमी जोडीको विवाह होला कि नहोलाजस्ता उत्कण्ठाले कथा ज्यादै आकर्षक बनेको छ । दुवै जना विवाहको दिन भागेपछि कहाँ गएर

के गर्दैछन् भन्ने कुरा थाहा नभएको अवस्थामा कथा समाप्त भएको छ । कथाको अन्त्यमा अझै केही बाँकी रहेजस्तो आभास हुनुले श्रेष्ठको कथामा कुतूहलताले उच्च सफलता पाएको छ ।

**४.२. ज) भाषाशैली**

व्यक्तिअनुसार बोली राख्न सफल श्रेष्ठको यस कथामा पनि वर्णनात्मक शैली अपनाइएको छ । कथा पढ्दै जाँदा कसैको सम्झनामा डुबेर पढेजस्तो लाग्ने र अगाडि चित्र नै प्रस्तुत गरेजस्तो भान पाठकमा पार्नसक्ने चित्रात्मक शैलीको प्रयोग भएको छ । छोटा कथा लेख्ने श्रेष्ठका यस कथामा छोटा, सरल, गाउँले र सहरिया भाषाको उचित प्रयोग भएको छ । कतै भने श्रेष्ठको नेवारीपनको प्रभाव परेको पनि पाइन्छ । जस्तै 'धेरै अगि गैसकेको मोहनलाल देखापऱ्यो ।" (पृ.३), बुससर्ट, मिष्टर, कमाण्डर इन-चिफ, फेसन, ट्यामजस्ता आगन्तुक शब्द तथा छयान्नव्यान्न, पाइखाना, लोटाजस्ता झर्रा शब्दहरूको प्रयोग भएको छ । खासखुस  लरक्क, टपटप आदि अनुकरणात्मक शब्दहरू र सूर्य, कुलघर, कन्यादान जस्ता तत्सम शब्दहरूको प्रयोगले कथा सरल र उत्कृष्ट बन्न पुगेको   छ ।

**४.२. झ) उद्देश्य**

प्रस्तुत कथाको मूल उद्देश्य चोखो मायामा धनी गरिब केहीले प्रभाव पार्न सक्दैन भन्ने रहेको छ । मायाप्रीतिलाई निरन्तरता दिएर विवाहमा परिणत गर्ने साहासिक कार्य भएको छ । पढेलेखेका युवायुवतीले बाबुआमाको आज्ञालाई समेत उल्लङ्घन गरेर आफ्नो भविष्यको निर्माण गर्न आफै अग्रसर भएका छन् । यदि कसैले गलत निर्णय गर्दछन् भने त्यसलाई चुनौति दिन पनि पछि पर्दैनन् भन्ने सन्देश दिन खोजिएको छ ।

**दशकथा** सङ्ग्रहमा सङ्गृहीत 'लोग्नेलाई के भन्ने' ? कथाको विश्लेषण

## ४.३ क) विषयवस्तु

उपर्युक्त कथाको विषयवस्तु सामाजिक रहेको छ । समाजमा नारीलाई पुरुषले घरको काममा मात्र लदाएर राख्नुपर्दछ भन्ने सङ्कुचित विचारको विरोध गरिएको छ । अब महिला घरको कामधन्धामा मात्र सीमित नरही हरेक क्षेत्रमा पुरुषसरह आफ्नो अधिकार चाहन्छन् । उनीहरूले आफ्नो पहिचानका लागि विभिन्न सङ्घसंस्था खोलेर नारीको अस्तित्व र स्वाभिमानलाई माथिसम्म पुऱ्याएको यथार्थलाई यस कथाले आफ्नो विषयवस्तु बनाएको छ ।

यसरी महिलालाई सशक्त बनाइएको यस कथामा नारी मुक्ति र सङ्घर्षका विषयलाई अङ्गालिएको छ ।

## ४.३ ख) कथानक

'म बाहिर आँगनमा पुगेको थिएँ' बाट आरम्भ भएको यस कथा 'स्वास्नी मन्त्री भएपछि लोग्नेलाई के भन्ने ?' वाक्यमा पुगेर अन्त्य भएको छ । लोग्ने र स्वास्नीको घर झगडा हुँदा 'म' पात्र उनीहरूको आँगनमा पुग्नु, उनीहरूको कुरा सुन्नु, सुब्बा लोग्ने भएपछि स्वास्नीलाई सुब्बिनी पद प्राप्त भए पनि आफू महिला सङ्घमा जान तम्सिएकी सुवर्णप्रभालाई लोग्नेले गाली गर्दा 'म' पात्रले कुरा मिलाउँछ र केही शान्त हुन्छन् । यहाँसम्म कथाको आदि भाग हो । महिला सङ्घमा सफलता हासिल गर्दै जानु र अध्यक्ष पद ग्रहण गर्नु, श्रीमानको जागिरको खोसुवा पूर्जी आउनु स्वास्नीको ख्याति अझै बढ्दै जानु, आफूले गरेको कुराहरूप्रति लोग्नेले पश्चात्ताप गर्नु , महिला सङ्घले आफ्ना प्रतिनिधिलाई मन्त्रीमण्डलमा भाग लिनका लागि दिएको सुझावलाई स्वीकार गर्नु, नेपालमा महिलालाई समावेश गरी मन्त्रीमण्डलको विस्तार गरिँदैछ भन्ने खबर दिल्ली रेडियोबाट प्रसारण हुनु, सुब्बाको मनमा मन्त्री हुने को होला भन्ने तर्कवितर्क चल्नु र 'म'

पात्रलाई सोध्नु यस कथाको मध्य भाग हो । कथाको अन्त्य भागमा समाचार सुन्न बसेका सम्पूर्ण मान्छेहरूका अगाडि रेडियोले सुवर्णप्रभादेवी मन्त्रीमा सम्मिलित हुने बताएपछि लोग्ने अकमक्क पर्नु, लोग्ने सुब्बा हुँदा स्वास्नीलाई सुब्बिनी भन्थे भने अब लोग्ने ढाक्रे, स्वास्नी मन्त्री भएपछि त्यसको लोग्नेलाई के भन्ने ? यस्तो प्रश्नात्मक वाक्यका साथ कथा समाप्त भएको छ ।

## ४.३ ग) पात्रविधान

प्रस्तुत कथामा मुख्य गरेर तीन जना मात्र पात्रहरू रहेका छन् । सुर्वणप्रभादेवी र सुब्बा यस कथाका प्रमुख पात्रका रूपमा उपस्थित छन् । सहायक पात्रका रूपमा ‘म’ पात्र आएको छ । प्रवृत्तिका आधारमा हेर्दा सुरुमा प्रतिकूल देखिए तापनि पछि सामञ्जस्यतामा आएकाले अनुकूल बनेको सुब्बासहित यस कथाका सबै पात्रहरू अनुकूल छन् स्वभावका आधारमा हेर्दा- सुब्बा र ‘म’ पात्र गतिशील पात्रका रूपमा चित्रित छन् भने सुब्बेनी वा सुवर्णप्रभावदेवी स्थिर पात्रका रूपमा उपस्थित भएकी छ । जीवन चेतनाका आधारमा यस कथामा सुब्बा वर्गीय पात्रका रूपमा देखिएको छ । सुवर्णप्रभादेवी र ‘म’ पात्र व्यक्ति पात्र हुन् । कथामा उपस्थित सबै पात्रहरू मञ्चीय र बद्ध पात्र हुन् । रेडियो सुन्न आएका अन्य पात्रहरू भने मुक्त र नेपथ्य पात्र हुन् । यी पात्रहरूले गौणपात्रको भूमिका निर्वाहमा सफलता हासिल गरेका छन् ।

समग्रमा प्रस्तुत कथामा सुब्बा शिक्षित पात्रका रूपमा चित्रित छ । ऊ नारीलाई केवल घरैको काममा मात्र सीमित राख्नुपर्छ भन्ने धारणा लिएको गाउँले युवाको प्रतिनिधित्व गरेको पात्र हो । सामन्ति सोचाइ भएको सुब्बापछि श्रीमती मन्त्री हुँदा हर्षित भएको छ । सुवर्णप्रभादेवी नारीको अस्तित्व रक्षाका लागि आफै अग्रसर भई लड्नुपर्दछ भन्ने विचारले ओतप्रोत भएकी सङ्घर्षशील नारीका रूपमा चित्रित छ । ‘म’ पात्र अरूलाई सल्लाह र सुझाव दिने सहयोगी पात्रका रूपमा उपस्थित छ । कथामा आएका सबै पात्रहरूले कथालाई अग्रगति दिन महत्त्वपूर्ण भूमिका निर्वाह गरेको प्रष्ट देखिन्छ ।

### ४.३ घ) परिवेश

यस कथाको परिवेशलाई हेर्दा स्थानको आधारमा सहरको घरमा नभई गाउँले घरमा भएको कुरा आँगन भन्ने शब्दबाट प्रस्ट हुन्छ । त्यसैगरी रेडियो सुन्न गाउँले उपस्थित भएको भन्ने कुराले पनि यसको पुष्टि हुन्छ भान्छा कोठा, बैठक कोठा, आँगन आदि स्थानका रूपमा आएका छन् । कथामा आएको स्थानीय परिवेशलाई हेर्दा गाउँले परिवेश, पतिले पत्नीलाई सधैं कमजोर सोच्ने धारणा, पत्नीले पनि समय पाए पुरुषले सरह सफलता हासिल गर्न सक्दछन् भन्ने कुरा जान्न सक्ने महिलाको वर्तमान अवस्थालाई यसले परिवेशको रूपमा लिएको छ । कथाको आदि भाग धेरैजसो एउटै दिनमा बैठक कोठामा घटेको छ । त्यसपछि पाँच वर्षपछिको समयमा भएको घटनालाई प्रस्तुत गरिएको यस कथाको समयावधि जम्मा पाँच वर्षको रहेको छ । मध्यमवर्गीय गाँउले परिवेशलाई विषय बनाएको छ । यस कथामा नारीलाई पनि समान हक र अधिकार दिनुपर्छ भन्ने भावना भएको 'म' पात्रजस्ता शिक्षित व्यक्तिहरूका समाजको पनि चित्रण गरिएको छ । बैठक कोठा रमन्त्री भन्ने शब्दले गर्दा काठमाडौंको परिवेशलाई पनि केही झिल्काको रूपमा लिन सकिन्छ । यसरी कथाको परिवेश समग्रमा उपयुक्त र सार्थक देखिन्छ ।

### ४.३ ङ) द्वन्द्व

प्रस्तुत कथामा सुब्बा र सुब्बेनीको झगडाले प्रवल रूपमा बाह्य द्वन्द्व आएको छ । तँछाडमछाड गरी एक अर्कामाथि अनेक तरहले गाली गरेका श्रीमान र श्रीमतीको कलझगडामा बाह्य द्वन्द्वले चरम सीमा लिएको छ । मध्यस्त कर्ता भएको 'म' पात्रले सम्झाउँदा कडा शब्दले झर्किएका सुब्बाको आवजमा पनि द्वन्द्व देखिन्छ । केही समयपछि श्रीमती मन्त्री पदमा पुगेपछि आफैसँग पछुताएको सुब्बाको मन फेरिन्छ र त्यसबेला उसमा आन्तरिक द्वन्द्व प्रवलरूपमा रहेको छ । आफूले श्रीमतीसँग माफी मागेर पत्र पठाएको पाँचवर्ष हुँदा पनि श्रीमतीबाट पत्रको जवाफ नआउँदा सुब्बामा आन्तरिक द्वन्द्वले तीव्र गति लिएको प्रस्ट हुन्छ । यसरी उपर्युक्त कथामा आन्तरिक द्वन्द्वभन्दा बाह्य द्वन्द्वको प्रवलता देखिए तापनि विषयवस्तुको क्रममा उचित रूपमा आएका दुवै द्वन्द्वको अत्यान्त सार्थकता देखिन्छ ।

### ४.३ च) दृष्टिबिन्दु

लेखक आफै प्रत्यक्ष संलग्न भई लेखिएको यस कथाको दृष्टिबिन्दु प्रथम पुरुष आन्तरिक दृष्टिबिन्दु रहेको छ । केन्द्रीय दृष्टिबिन्दुको रूपमा स्वयम् लेखक आएको छ । सुब्बा र सुब्बिनीको पहिरन, बानी, व्यवहारलाई लेखक आफैले व्यक्त गरिदिएकाले हस्तक्षेपीय प्रथम पुरुष दृष्टिबिन्दुको प्रयोग भएको छ । प्रत्येक घटना र विषयवस्तुमा आफै प्रत्यक्ष सहभागी भएको रूपमा देखाइएकाले प्रथम पुरुष दृष्टिबिन्दुको सफल प्रयोग भएको पाइन्छ ।

### ४.३. छ) कुतूहलता

श्रेष्ठको यस कथामा पनि व्यापक कुतूलहता पाइन्छ । आँगनमा पुगेको 'म' पात्र त्यही एकैछिन् बस्दा अब उसले के गर्ला, त्यस्तैगरी लोग्ने स्वानीको झगडा पर्दा कुरा सुनेर बसेको 'म' पात्रको उपस्थिति र उसले दिएको सुझाव के हुन्छ ? लोग्नले स्वास्नीलाई महिला सङ्गठनमा भाग लिन जान देलाकि नदेला, रेडियोले भनेको समाचार नसुनेसम्मको अवस्थामा अब को मन्त्री हुन्छ भन्ने जस्ता अनेक कुतूहलताले पाठकलाई उत्सुकता जगाउन यो कथा सफल छ । कथानुरूप प्रयुक्त कुतूहलताले यो कथा पढ्न पाठकलाई सधै झकझक्याइरहन्छ, किनभने यसको शीर्षक 'लोग्नेलाई के भन्ने ?' राखिएको हुँदा नै कुतूहलता सिर्जना भएको देखिन्छ ।

### ४.३ ज भाषाशैली

प्रस्तुत कथाको भाषा सहज र सरल छ । श्रीमान श्रीमतीको झगडा भनाभनमा सामान्य चर्काचर्की भए पनि कथावस्तु अनुसार स्वभाविक नै छ । 'म' पात्रद्वारा व्यक्त गरिएको नारीहरूको बारेमा तर्क भने केही उच्चकोटिको र शास्वत रहेको देखिन्छ । समय सापेक्षित व्यक्त गरिएको 'म' पात्रको स्त्रीलाई दासीको व्यवहारबाट नभएर साथीको व्यवहार हुनुपर्दछ । एक आपसमा 'हिलाले छ्यापाछ्याप गरेर घृणामात्र बढ्दछ' जस्ता

संवाद ज्यादै मार्मिक छन् । भावावेसमा "सुब्बिनीबाट मन्त्रीसित पोइला गएर मन्त्रिनी हुन चाहान्छ्यौ ?" जस्ता वाक्यांश पनि आएका छन् । सुब्बिनी भने नारीकै स्थानमा रहेर संयमित र शान्त भएर 'मैले तपाईंको केही विगार त गरेकी छैन ।' 'हेर्नोस हामी नारी जातिले संसारमा के गरेका थिएनौ र ?' जस्ता संवाद भएका छन् । विशेषतः वर्णनात्मक र संवादात्मक शैलीको प्रस्तुतिले गर्दा कथाले पूर्णता पाएको छ ।

### ४.३ झ) उद्देश्य

प्रस्तुत कथामा नारीले कसैको गोटी भएर बस्न चाहन्न भन्ने मूल उद्देश्य रहेको छ । तिरस्कारको पात्र नभई, कसैको नियन्त्रणमा नबसी, आफ्नो हक अधिकारको सदुपयोग नारीले गर्न पाउनुपर्छ । नारी पुरुष दुवै एक रथका दुई पाङ्ग्रा हुन् । देशको विकास गर्नुछ भने नारीले पनि पुरुष सरह अधिकार पाउनुपर्छ । समाजमा रहेका अनावश्यक रूढिवादीका वन्धनहरू हटाउनु पर्दछ अनि मात्र सबैको भलो हुन्छ भन्ने जीवनचेतना यस कथाको उद्देश्य रहेको छ ।

**दशकथा** सङ्ग्रहमा सङ्गृहीत 'मेरो शेरवानी कोट' कथाको विश्लेषण

### ४.४.क) विषयवस्तु

प्रस्तुत कथा श्रेष्ठको प्रतीकात्मक सामाजिक कथा हो । समाजको यथार्थ घटनालाई टिपेर यसकथाको विषय बनाइएको छ । नेपालीहरू आफ्नो देशमा रोजगारको अवसर नभएकाले विदेशमा जानुपरेको, त्यहीको लागि आफ्नो जीवन र पसिना खचिर्नु परेको, कयौँ नेपालीहरूले आफ्नो देश छाडेर विदेशमै घरजम गर्नुपरेको, स्वदेशमा राजनीति स्थिर नहुँदा नेपालीहरू विदेशमा जानुपरेको दयनीय अवस्थाको सफल चित्रण गरिएको छ । यस कथाको विषयवस्तुले प्रथम र द्वितीय विश्वयुद्धताका नेपालका युवाहरू धनका लागि ज्यानको बाजी राख्नुको पीडा भुलेर विदेश लागेको अवस्थाको प्रसङ्गलाई ओगटेको छ । सैनिक युवाहरूले युवतीप्रति देखाउने आशक्तिपनलाई पनि प्रष्टरूपमा देखाउन खोजिएको

छ । धनी र गरिब हुनको विषमतालाई प्रस्ट पार्न खोजिएको उपर्युक्त कथाको विषयवस्तु सामाजिक आधारको छ ।

### ४.४. ख) कथानक

'छोटो चिनारीको आधारमा पाएको छोटो निम्तोमा स्वदेशबाट हजारौँ माइल टाढा परदेश पुगेको थिएँ' बाट आरम्भ भएर 'मेरो आकर्षणले उनी तानिने थिइन' भन्ने वाक्यमा पुगेर कथा टुङ्गिएको छ । यसकथाको ढाँचा रैखिक खालको छ । आदि मध्य र अन्त्य गरी हेर्दा यस कथाको कथानक सरल खालको छ । पहिलो दिन 'म' पात्र सम्मान लिन विदेशमा पुग्नु, फौजी पल्टनद्वारा 'म' पात्रको सम्मान गरिनु त्यसदिनको कार्यक्रममा एउटी अतिथि युवतीसँग आँखा जुध्नु, अवाक हुनु, लाज लागेजस्तो मान्नु र कार्यक्रम सकिनुमा कथाको आदि भाग रहेको छ । रातीको कार्यक्रममा सहभागी हुन 'म' पात्र जानु, दिउँसो भेट भएकी युवती पनि त्यही हुनु, अतिथिकै आसनमा आएर बस्नु, परिचय गर्नु, नेपाल पुर्खौली घर भएको बताउनु , बहिनी भन्नु , रेडियो कार्यक्रम प्रस्तोता हुने इच्छा दर्शाउँदा नेपाल आउन आग्रह गर्नु र भोलि घर फर्कने क्रममा 'म' पात्रले पठानकोटसम्म सँगै जाउँला भन्दै छुट्टिएको , डेरामा पुगी ऐना हेर्नु, कोट च्यातिएको देख्नु , मनमा कुरा खेल्नु, उनले देखिन कि भन्दै लाज मान्नुसम्म कथाको मध्य भाग रहेको छ । कोट पुरानो भएको , आफूलाई नसुहाएको, नयाँ र सुहाउने खालको मयलपोस र नयाँकोट पनि नभएकोमा 'म' पात्रलाई पछुतो पर्नु , युवतीले नेपाल आउने निमन्त्रणालाई अस्वीकार गर्नु पनि कोटको अस्वभाविक कारणले हो भन्ने शङ्का मान्नु कथाको अन्त्य भाग हो ।

यसरी प्रस्तुत कथाका घटनाक्रमहरू शृङ्खलाबद्ध रूपमा अगाडि बढेकोले कथा रैखिक खालको भए तापनि उपयुक्त देखिन्छ ।

### ४.४ ग) पात्रविधान

यस कथामा मुख्य गरेर दुईजना पात्रहरू रहेका छन् । युवती र 'म' पात्र हुन् । युवती कथाकी नारी पात्र हो र 'म' पात्र पुरुष पात्र हो । कार्यका आधारमा हेर्दा 'म' पात्र

प्रमुख पात्रको रूपमा उपस्थित भएको छ । युवती सहायक पात्रको रूपमा आएकी छ । 'म' पात्र फौजीबाट निवृत्ति जीवन बिताएको सम्मानशाली पात्र हो । ऊ सम्मान ग्रहण गर्न हजारौँ कोस टाढा गएको छ र स्वाभिमानी व्यक्तिको रूपमा चित्रित छ । प्रवृत्तिगत रूपमा दुवैजना अनुकूल पात्र हुन् । स्वभावका आधारमा हेर्दा 'म' पात्र गतिशील पात्र हो । युवती स्थिर पात्र हो । जीवनचेतनाका रूपमा 'म' पात्र वर्गीय पात्र हो भने युवती व्यक्ति पात्रका रूपमा देखिन्छे । आसन्नताका दृष्टिले 'म' पात्र र युवती मञ्चीय र बद्ध पात्रका रूपमा आएका छन् । फौजी जवानहरू र सभामा सम्मिलित भएका अरु सेनाहरू नेपथ्य रूपमा आएका छन् ।

## ४.४ घ) परिवेश

यस कथामा ग्रामीण र सहरी परिवेश रहेको छ । नेपालका ग्रामीण भेकमा बस्ने युवापुस्तामा रहेको नोकरीको अभावले गर्दा विदेश पलायन हुनुपरेको अवस्थालाई परिवेश बनाइएको छ । च्यातिएको कोटको प्रतीकद्वारा अनेक भाव र पीडा भोगका निम्नवर्गीय नेपाली समाजको झलक पाइन्छ । देशमा उपयुक्त अवसर नहुँदा प्रतिभा भएकी युवती रेडियो सञ्चालिका बन्ने इच्छा भएर पनि विदेशमा बस्नु परेको अवस्थालाई देखाइएको छ । प्रथम र द्वितीय विश्युद्धमा कयौँ नेपालीहरूले आफ्नो स्वाभिमान बेचेर अर्काको देशलाई बचाउनु परेको बाह्य परिवेश यस कथामा आएको छ । समयगत रूपमा हेर्दा यस कथामा तीन दिनको समयलाई लिइएको छ । पहिलो दिन हजारौँ कोस टाढा पुग्नु, दोस्रो दिन सभामा पुगेर सम्मानित हुनु, राती सांस्कृतिक कार्यक्रममा सहभागी हुनु, भोलिपल्ट फर्कने सल्लाह गर्नु , कोठामा गएर कोट च्यातिएको देख्नु , भोलिपल्ट भेट्न नसक्नुले मनमा अनेक तर्कना खेलाएको छ । स्थानगत रूपमा हेर्दा नेपालका डाँडाकाँढा पार गर्दै हजारौँ कोस पर प्रदेश जानु, स्वच्छ , सुन्दर , सहरिया वातावरण हुनु , पहाडका फूलहरूका कलिला पातहरू हल्लेका, खोलाहरू बगेका, हरिया फाँटहरू, देउराली , भञ्ज्याङ, फौजी सिपाइहरूको सम्मान गर्ने मञ्च, कोठा आदि स्थानगत परिवेशका रूपमा आएका छन् । आन्तरिक परिवेशमा 'म' पात्रको मनमा अनेक भावना आएकाले मुटुको

धड्कन बढेको, युवतीले कलाकार बन्ने भावना व्यक्त गरेको जस्ता अवस्थालाई परिवेशका रूपमा कथाले ग्रहण गरेको छ । सामान्ती शासकहरूले आफूलाई सबैले मन पराउनु पर्दछ भन्ने बाह्य सामाजिक परिवेश लिएको यस कथामा आफूलाई ठूलो मानेको 'म' पात्रको भावनाले प्रस्ट पार्दछ ।

समग्रमा तीनदिनको घटना, नेपालको प्रतिकूल अवस्थाको कारण विदेशमा लाहुरे जीवन बिताउन पर्ने बाध्यातालाई कथाले परिवेश बनाएको छर्लङ्ग हुन्छ ।

## ४.४ ङ) द्वन्द्व

उपर्युक्त कथामा बाह्य द्वन्द्व नभई आन्तरिक द्वन्द्वले प्रवलता पाएको प्रस्ट देखिन्छ । 'म' पात्रले मञ्चमा सम्मान पाउँदा युवतीसित आँखा जुधेपछि भयभित हुनु, मुटुको धड्कन बढ्नु पछि बोल्ने इच्छा जागृत हुनु, नजिकै गएर बस्नु र भोलिसँगै पठानकोटसम्म जाने सल्लाह गरेपछि कोठामा गएर कोट च्यातिएको देखेर विक्षिप्त बनेको 'म' पात्रको मनमा आन्तरिक द्वन्द्व तीव्ररूपमा आएको देखिन्छ । आफूलाई सुहाउँदो र मिल्दो मयलपोस अनि नयाँकोट नभएकोमा 'म' पात्र पछुताएको छ । उसले दिएको निमन्त्रणा युवतीले अस्वीकार गरेको कारण यही मेरो च्यातिएको कोट रहेछ भन्दै भुटुभुटिएकोले यस कथामा आन्तरिक द्वन्द्वले अग्रगति लिएको प्रस्ट देखिन्छ ।

## ४.४. च) दृष्टिबिन्दु

प्रस्तुत कथामा प्रथम पुरुष आन्तरिक दृष्टिबिन्दु रहेको छ । 'म' पात्र केन्द्रीय दृष्टिबिन्दुका रूपमा आएको छ । हजारौं कोस टाढा सम्मान पाउन जानु युवतीसित भेट हुनु , कोट च्यातिएर घृणा उत्पन्न हुनु , मनमा नाना प्रकारका शङ्काले गर्दा हतोत्साहित भएको 'म' पात्र कथामा आफै द्रष्टा र भोक्ता भएको छ । कथामा 'म' पात्र र युवती आफैले सम्पूर्ण कुरा व्यक्त गरेकाले कथा प्रथम पुरुष दृष्टिबिन्दुमा उच्चस्थान प्राप्त गर्न सफल देखिन्छ ।

## ४.४. छ) कुतूहलता

उपर्युक्त कथामा प्रशस्त कुतूहलता देखिन्छ । सम्मान लिन हजारौँ कोस टाढा जाँदा के कस्तो सम्मान होला, उसलाई सम्मान दिनको कारण के होला, युवतीसँग सँगै घर फर्कदा पठानकोटसम्म जाने भनेपछि नजाँदा त्यो युवतीले के भनी होलाी, यस कथाको शीर्षक हेर्दा नै पाठकलाई यो 'शेरवानी कोट' भनेको के होला, कस्तो होला भन्ने जिज्ञासा पैदा हुन्छ । कथामा 'म' पात्रले युवतीलाई भोलि मोटरमा भेट हौँला भन्दै विदा भएको थियो, तर भोलिपल्ट भेट हुन नगएको देखाएर अझै पनि कथालाई निरन्तरता दिन मिल्ने स्थानमा लगेर छोड्न सफल श्रेष्ठको यस कथा उपयुक्त कुतूहलता भएको सफल कथा हो ।

## ४.४. ज) भाषाशैली

सरल र सहज भाषा संक्षिप्त वाक्यमा लेखिएको यस कथाको शीर्षक प्रतीकात्मक छ । कोट राम्रो मानेर लगाएको 'म' पात्रले सम्मान पाउँछ । मञ्चमा अतिथि बनेर बस्दछ, तर घर गएपछि कोट च्यातिएको देखेर सारै दुःखी बन्दछ । यसको मतलब मान्छे बाहिर जति ठाटिए पनि, ठूलो गनिए पनि आफूसँग अनेक आवश्यकता अपूर्ण हुन्छन् , जुन कहिल्यै पूरा हुन सक्दैनन् भन्ने प्रतीकात्मकता कोटले दर्शाएको छ । बाहिरी आडम्बरले मात्रै मान्छेको मूल्य र प्रतिभालाई तौलिने सामन्ती विचारधारालाई पनि तीक्ष्ण व्यङ्ग्य गरेको छ । यस कथामा अफिसर, सर्चलाईट, पोजिसन, शोफा, स्टेज, फिल्ड, लेफ्ट राइट जस्ता आगन्तुक अङ्ग्रेजी शब्दहरूको प्रयोग प्रशस्त मात्रामा पाइन्छ । सलक्क, फुङ्ग, टल्कनु , पड्कनु जस्ता अनुकरणात्मक शब्दका साथै अकाश, धर्मशाला अतिथि, दर्शक, नदी आदि तत्सम शब्दहरूको प्रयोग पनि भएको छ ।

यसरी प्रस्तुत कथामा विवरणात्मक र संवादात्मक शैलीको प्रयोग भएकोले भाषा सरल तथा स्तरीय किसिमको बन्न पुगेको छ ।

### ४.४. झ उद्देश्य

यस कथाको मूल उद्देश्य बाहिरी फेसन र आवरणलाई हेरेर मानिसको प्रतिभा तथा मूल्यलाई कहिल्यै नाप्न सकिदैन भन्न खोजिएको छ । मान्छे ठूलो विचार, ज्ञान र कर्मले हुन्छ पोसाकले होइन । सम्पत्ति भन्दा ठूलो मानवता हो भन्ने धारणा पाइन्छ ।

समग्रमा वर्तमान रवाफमा लागेका युवायुवतीलाई फेसनको प्रतिस्पर्धामा लाग्नुभन्दा आन्तरिक स्वभाव, गुण ज्ञान बढाएमा महानता झल्किन्छ भन्ने जीवनचेतना व्यक्त गर्न खोजिएकोले यो कथा उत्कृष्ट छ ।

**दशकथामा** सङ्गृहीत 'अधुरो सपना' कथाको विश्लेषण

### ४.५ क) विषयवस्तु

प्रस्तुत कथा सामाजिक कथा हो । समाजमा हुने घटना र विषयलाई मुख्य विषय बनाएको यस कथामा काठमाडौं सहरको र गाउँले जीवनको बारेमा भएको आपसी फरकलाई देखाएर लेखिएको कथा हो । बागलुङबाट काठमाडौं अध्ययन गर्न आएको प्रदीपले ट्युशन पढ्न जाँदा अचानक सरितालाई सडकमा दुर्घटना पर्नलाग्दा बचाउँदछ । पन्ध्र सोह्र वर्षकी सरिता आफ्नै दोस्तानीको छोरी हुन्छे र त्यही दिनदेखि प्रेमाङ्कूरण हुन्छ । दुवैजना प्रेममा आगमन गर्दछन् तर सरिताका बाबुआमाले छोरीलाई सहरमा नै राख्ने भए मात्रै छोरी दिन्छौ भनेपछि त्यहीबाट उनीहरूको सपना अधुरो भएको विषयवस्तुलाई लिएर कथा अगाडि बढेको छ । सहरी जीवनको स्वार्थी भावना, तडकभडक, देखावटी नक्कललाई ग्रामीण जनताको प्रेम, निस्वार्थ भावना र चोखो मायालाई तुलना गरेर लेखिएको छ । यस कथाको विषयवस्तु सामाजिक परिवेशमा रहेका सहरिया र ग्रामीण भेगको विषमतालाई आधार बनाएर लेखिएको छ ।

### ४.५. ख) कथानक

प्रस्तुत '**अधुरो सपना'** कथा दुई भागमा लेखिएको छ । प्रदीपका दुईवटा चिठी र सरिताका दुईवटा चिठीसहित कथाले पूर्णाकार लिएको छ । 'आकाश स्वच्छ निर्मल थियो भन्ने' बाट आरम्भ भएको कथा 'पत्र हवाइडाँकले बोकेर लैजाँदैछ' भन्ने वाक्यमा गएर टुङ्गिएको छ । यस कथाको कथानकलाई दुई भागमा बाँडन उपयुक्त देखिन्छ । प्रदीप ट्युशन जाँदा दुर्घटना हुनबाट सरितालाई बचाउनु, सरिता लाजले केही नबोली रातो मुख पारेर हेरिरहनु, केही दिनपछि प्रदीप सरिताको घरमा जानु कथाको आदि भाग हो । प्रदीप र सरिताको आँखा जुध्नु, सरिता लाजले भुतुक्क हुनु, प्रदीपले सरिताको बुवासित गफ गर्नु, दुर्घटनाको कुरा गर्नु, सरिताको बुबाले प्रदीप सहरमा नै बस्ने भए मात्र छोरी दिन्छु भन्नु , प्रदीप गाउँ जानु , पत्रको आदानप्रदान हुनु, कथाको अन्त्य भाग हो । सरिताले अन्तिम पटकको पत्रमा  म जसरी भए पनि प्रदीपकै हुन्छु भन्ने खालको जवाफ दिन्छे र कथाको अन्त्य हुन्छ ।

### ४.५. ग) पात्रविधान

प्रस्तुत कथामा प्रदीप, सरिता, सरिताका बुबाआमा, पुलिस र ड्राइभर रहेका छन् । कथामा प्रयुक्त पात्रहरूलाई कार्यका आधारमा हेर्दा प्रदीप र सरिता आदिदेखि अन्त्यसम्म उपस्थित भएका प्रमुख पात्र हुन् । प्रदीप गाउँले परिवेशमा हुर्केको मध्यम वर्गीय शिक्षित युवक हो । सरिता काठमाडौंकी धनी बाबुकी छोरी हो र ऊ पनि शिक्षित छ । सरिताका बाबुआमा सहायक पात्रका रूपमा उपस्थित भएका छन् । पुलिस र ड्राइभर गौण पात्रका रूपमा आएका छन् । प्रवृत्तिगत रूपमा हेर्दा कथामा प्रदीप, सरिता र पुलिस अनुकूल पात्रहरू हुन् भने बाबुआमा र ड्राइभर प्रतिकुल पात्रका रूपमा चित्रित छन् । अन्य पात्रहरू स्थिर पात्र हुन् । जीवनचेतनाका आधारमा सरिताका बाबुआमा धनी तथा सामन्ती सोचाइ भएका वर्गीय पात्रमा गनिन्छन् । प्रदीप, सरिता लगायतका अन्य पात्रहरू व्यक्ति पात्र हुन् ।

आसन्नतका आधारमा प्रदीप, सरिता, बाबु मञ्चीय पात्रहरू हुन भने अन्य पात्रहरू नेपथ्य पात्र हुन् । सरिता, आमा स्त्री पात्र हुन् भने बाबु, प्रदीप, ड्राइभर र पुलिस पुरुष पात्र हुन् ।

यसरी कथामा उपर्युक्त पात्रहरूले कथालाई अग्रगति दिन महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् । त्यसैले पात्रविधान उपयुक्त खालको छ भन्न सकिन्छ ।

## ४.५. घ) परिवेश

**'अधुरो सपना'** कथा काठमाडौंको सडकबाट आरम्भ भएर चिठीमा बताइएको बागलुङको गाउँले समाजलाई व्यक्त गरिएको छ । नारायणहिटी राजदरबार, गौचरण, पोखरा, सेतीनदी, बागलुङको गाउँ आदि परिवेशलाई कथाले समेटेको छ । समयको परिवेशमा कथाले जम्मा सालाखाला पचास दिनको समय लिएको छ । दुर्घटनामा सरितालाई बचाएको केही दिनपछि उसको घरमा गएको भन्दा करिब एक साताको समयलाई मध्यनजर गरेको भन्न सकिन्छ । चारवटा चिठीको समय हेर्दा पहिलो पटक काठमाडौंबाट बागलुङ पुगेपछि लेखेको पत्रको मिति भाद्र , १२ गते छ । त्यसको उत्तरमा सरिताले काठमाडौंबाट पठाएको पत्रको मिति असोज १ रहेकाले जम्मा अठार दिनको समय रहेको छ । प्रदीपको दोस्रो पत्रमा अङ्कित मिति हेर्दा असोज १५ गते छ भने त्यसको उत्तरमा सरिताले पठाएको पत्र कार्तिक १ गतेको मिति रहेकाले जम्मा पचास दिनको समयलाई राखेर लेखिएको छ भन्न सकिन्छ । कथाको परिस्थिति हेर्दा यसमा पहिला केही अनुकूल देखिन्छ भने पछि बाबुले छोरीलाई काठमाडौं बाहिर जान नदिने भनेपछि लुकीछिपी चिठीको आदानप्रदान गर्नुले प्रतिकूल अवस्था देखिन्छ । कथाको वातावरण भदौबाट कार्तिकसम्मको समय भएकाले जाडो र गर्मी नभएको मध्यम खालको मौसम भएको समय हुनाले कथाको परिवेश अनुकूल छ ।

## ४.५. ङ) द्वन्द्वविधान

यस कथामा बाह्य र आन्तरिक दुवै द्वन्द्वको प्रयोग भएको छ । नारायणहिटी दरबार अगाडि गाडीले मान्छे हान्न खोज्दा पुलिस आएर यसको भनाभन, ड्राइभरको प्रतिक्रिया, प्रदीप र सरिताको बुवासँग पहाड र सहरको बीचमा हुने भिन्नताको बारेमा छलफल आदि

बाह्य द्वन्द्वको झलक छ । आन्तरिक द्वन्द्वमा सरितासित भेट भएपछि उसलाई सम्झनु पत्रको आदानप्रदान हुनु, पत्रको प्रतिक्षामा तडपिनु, पत्रमा एक आपसमा भएको विछोडको विलौना गर्नुले आन्तरिक द्वन्द्वले तीब्ररूप लिएको प्रस्ट हुन्छ ।

### ४.७ च) दृष्टिबिन्दु

प्रस्तुत कथा तृतीय पुरुष दृष्टिबिन्दुमा संरचित छ । प्रदीप र सरिताबाट पठाइएका पत्रमा लेखिएको दृष्टिबिन्दुले कथालाई प्रथम पुरुष दृष्टिबिन्दुको भान परे तापनि कथामा सरिता , प्रदीपका बीच भएको मानसिक पीडा भोगाइलाई, कथाकार अप्रत्यक्ष रूपमा रहेर आफ्नो समग्र भाव वा विचारलाई तृतीय पुरुष पात्रका माध्यमबाट व्यक्त गराएका हुनाले तृतीय पुरुष बाह्य दृष्टिबिन्दु रहेको छ ।

### ४.५. छ) कुतूहलता

कथा पढ्दा ज्यादै उत्सुकता पैदा गराउन सक्ने श्रेष्ठको यो कथामा पनि दुर्घटनाबाट बचाएको प्रदीप एक्कासी सरिताको घरमा जाँदा अब के होला , सरिताको बुबाले सहरमा नै बस्ने भए मात्र छोरी दिन्छु भन्दा अब के स्थिति होला , प्रदीप गाउँमा फर्केर पत्रको आदानप्रदान हुँदा पाठकको मनमा छिटै मिलन होस र दुवैमा विवाह होला वा नहोला भन्ने कुतूहलताको साथ अन्त्य गर्नु र अझ पनि सपना अधुरो भएको देखाएर टुङ्ग्याउनुले कथामा कुतूहलताले उत्कृष्ट स्थान लिन पुगेको प्रस्ट देखिन्छ ।

### ४.५. ज) भाषाशैली

यस कथामा पनि श्रेष्ठले सरल भाषामा पत्रात्मक र वर्णनात्मक शैलीको प्रयोग गरेका छन् । सरल र सहज भाषामा चारवटा पत्र समावेश गरी पत्रात्मक शैलीको प्रयोगले कथालाई मीठो बनाएको छ । कथामा एक्सिडेण्ट, ग्राउन्ड, प्लेन, डायरी जस्ता आगन्तुक शब्दहरूको प्रयोग भएको छ । भाषा पात्रानुकूलको प्रयोगले गर्दा कथा रोचकपूर्ण बनेको छ ।

### ४.५. झ) उद्देश्य

यस कथाको मूल उद्देश्य प्रत्येक नेपालीमा राष्ट्रप्रेम हुनुपर्दछ भन्नु रहेको छ । गाउँका जनता सहरमा आएर पढेर गाउँमा नफर्किनी हो भने गाउँ नै गाउँले भरिएको नेपालको विकास कसरी हुनसक्छ भन्ने प्रश्नको उत्तर यस कथाले उद्देश्यका रूपमा लिएको छ । सुखसुविधा र धन मात्रै ठूलो कुरा होइन । निश्चल मायाममता, स्नेह सदभावना जस्ता कुरालाई खोजेर पनि पाउन सकिदैन भन्ने देखाउन खोज्नु यस कथाको उद्देश्य हो ।

## **दश कथा** सङ्ग्रहमा सङ्गृहीत ‘चुरोट’ कथाको विश्लेषण

### ४.६. क) विषयवस्तु

प्रस्तुत कथा सामाजिक विषयवस्तु भएको कथा हो । नेपालको मध्यमवर्गीय परिवारको प्रस्ट तस्वीर उतार्न सफल यस कथामा गाउँले जनजीवन, चुरोटलगायतका निःशुल्क वस्तुमा आशक्त हुने अशिक्षित जनताको यथार्थ प्रस्तुति छ । कसैले सिँगार्न नपर्ने प्राकृतिक रूपमा सिँगारिएका ग्रामीण युवायुवतीका गोठाले पेसा, देशमा पर्याप्त अर्थउपार्जनको अभाव भएकोले विदेशिनु परेको नेपाली युवाको वाध्यतालाई मूल विषय बनाइएको छ । लाहुरेको गाउँमा हुने मानसम्मान र लाहुरेलाई आफ्नो सर्वस्व सुम्पिने सोझा प्रवृत्तिका ग्रामीण युवतीको यथार्थ प्रस्तुति कथामा देखाइएको छ । लाखौ जनताको अथक प्रयास र कयौँ वीरहरूको बलिदानले ल्याएको प्रजातन्त्र दिनानुदिन हराउँदै गएको छ । सत्ताधारीहरूले जनतालाई अधिकार नदिएकोले देश अझ कालो अन्धकारमा जाँदैछ भन्ने सङ्केत दिएको यो कथा ग्रामीण नेपाली समाजको मध्यमवर्गीय परिवारको यथार्थ चित्र उतार्न सफल भएकाले सामाजिक धारणाको कथा भएको प्रस्ट हुन्छ ।

### ४.६. ख) कथानक

यो कथा रैखिक ढाँचामा लेखिएको छ । ‘गोठे लेकाली गाउँको मध्यमवर्गीय किसानको छोरो थियो’ बाट आरम्भ भएको यो कथा देखिन्थ्यो । देशको आर्थिक स्थिति र

समाजको चरित्र स्वाहा भएको ' वाक्यमा पुगेर टुङ्गिएको छ । आदि, मध्य र अन्त्यमा राखेर अध्ययन गर्न सकिने यस कथाको आदिभागमा गोठे, भैंसी र गाई पालेर गोठमा बस्नु, वनमा घाँसदाउरा काट्न जानु, युवतीहरूसँग घुलमिल हुनु, गोठेले चुरोट खान दिंदा लाहुरेले दिएको मात्र खाने सेतीको मुखबाट सुनेपछि गोठे लाहुरे हुन एकोहोरिनु, दशैंको टीका लगाई गल्लासँग लाहुर जान भर्ती हुनु र तीन वर्षपछि चार महिनाको लागि गाउँ फर्किनु रहेको छ । मध्यभागमा बाकास र सानो गुन्टा लिएर गोठे आउनु, होटल रेष्टराँमा युवतीले बोलाउनु, पाँच दिनमा घर पुग्नु, गाउँले सबै गोठेका घरमा जम्मा हुनु, सबैलाई चुरोट बाँड्नु, सेतीले चुरोट नलिनु , भोलिपल्ट वनमा घाँसदाउरा गर्न जाँदा चुरोट  खानु, शारीरिक सम्पर्क गर्नु, गोठे फेरि विदेश फर्कनु, सेतीले गर्भ बोकेर गाउँमा हल्ला चल्नु, गोठेलाई पञ्चले पत्र पठाउनु यस कथाको मध्य भाग हो । गाठेले पत्रको जवाफ पठाउनु वास्तविकता बताउनु, पञ्चले उचित निर्णय गर्ने कुरा दर्शाउँदै पत्र बन्द गर्नु, एउटी बुढियाले चुरोट आगोमा राख्नु र चुरोटको 'धुवाँसँगै देश र समाज पनि स्वाहा भएको भन्दै कथा अन्त्य भएको छ ।

## ४.६. ग) पात्रविधान

उपर्युक्त कथामा पात्रहरू धेरै रहेका छन् । कथाकार सबै पात्रका आवश्यकता र महत्त्व राम्ररी प्रस्तुत गर्न सक्षम देखिन्छन् । गोठे , सेती , पञ्च भलादमी, बुढिया, गल्ला , केटीहरू गाउँले आदि यसकथाका पात्रहरू हुन् । सम्पूर्ण पात्रहरू मध्यमवर्गीय ग्रामीण समाजका प्रतिनिध रहेका छन् । सेती, पधेर्नी, केटीहरू र बुढिया स्त्री पात्रहरू हुन् । गोठे, गल्ला, पञ्चभलादमी आदि पुरुष पात्रहरू हुन् । कार्यका आधारमा हेर्दा सेती र गोठे प्रमुख पात्रका रूपमा आएका छन् भने पञ्चभलादमी ,पँधेर्नी र गल्ला सहायक पात्रका रूपमा उपस्थित छन् । प्रवृत्तिगत रूपमा हेर्दा गोठे र सेती अनुकूल पात्रका रूपमा देखिएका छन् । पधेनी साथीहरूले सेतीको गर्भधारणमा हल्ला फिँजाउँदा प्रतिकूल जस्ता देखिए तापनि पछि यथार्थ कुरा बुझ्ेपछि केही नबोलेकोले अनुकूल नै रहेको देखिन्छ, त्यसैगरी पञ्चभलादमी गाउँले पनि अनुकूल पात्रका रूपमा रहेका छन् । स्वभावका आधारमा भने

गोठे र सेती गतिशील पात्र हुन् । पञ्चभलादमी, गाउँले र अन्य पात्रहरू सबै स्थिर पात्रहरू हुन् । जीवन चेतनका आधारमा हेर्दा यस कथामा गोठे र गल्ला वर्गीय पात्रका रूपमा देखिन्छन् भने गाउँले पञ्चभलादमी पँधेर्नी, आदि व्यक्ति पात्रका रूपमा आएका छन् । आसन्नताका दृष्टिबाट हेर्दा गोठे , सेती, गल्ला, पञ्चभलादमी, बुढिया आदि मञ्चीय र बद्ध पात्रहरू हुन भने अन्य सबैजना नेपथ्य र गौण पात्रका रूपमा उपस्थित भएका छन् ।

यसरी प्रस्तुत कथामा गोठे अशिक्षित, गाउँले, सोझो, सरल र सहयोगी निष्ठावान पात्रका रूपमा उपस्थित भएको छ । सेती मायामा लागेर आफ्नो सर्वस्व सुम्पिन खोज्ने अशिक्षित , सोझी, गाउँले नारी पात्रको प्रतिनिधि भएर आएकी छ । कथामा आएका अन्य पात्रहरूले कथालाई अगाडि लैजान महत्त्वपूर्ण भूमिका निर्वाह गरेको देखिएकाले श्रेष्ठको यस कथाको पात्र विधान उपयुक्त खालको छ ।

## ४.६. घ) परिवेश

उपर्युक्त कथामा विशुद्ध गाउँले नेपाली मध्यमवर्गीय परिवेशलाई लिइएको छ । ग्रामीण भेकको चित्र उतार्न कथाकार सक्षम भएका छन् । अशिक्षित गाउँलेको मुख्य पेसा खेती किसान पशुपालन , युवतीको काम घाँसदाउरा काट्न जानु, गाउँमा लाहुरे आउँदा सबै जम्मा हुनु र कोसेली खानु, पहाडी युवती राम्रा हुनु, भट्टिवालाले लाहुरेलाई बोलाउनु, पहाडको बस्तीमा ऐँसेलु, चुत्रो, काफलको सेवन अत्याधिक लोकप्रिय वस्तु हुनु, लाहुरेको पछाडि ठिटाहरू लाग्नु, पधेर्नीहरूले वास्तविकता नबुझी हल्ला गर्ने प्रवृत्ति आदि गाउँका सचित्र प्रस्तुत गरिएको छ । कथाले समेटेको स्थानतर्फ दृष्टि दिंदा पहाडको फेदमा गोठ बनाएर बसेको गोठे, वनजङ्गल, गाउँघर , पँधेरो, पञ्चघर, आँगन, चौतारो, नौतनवा, खस्यौली, रेल, मोटर बाटो, गल्ली, होटेल, रेष्टुराँ आदि देखिन्छ । कथाले व्यक्त गरेको परिवेश हेर्दा प्रजातन्त्रको आगमन पछि पनि जनताले सोचेअनुरूप शात्ति नभएको अवस्था, युद्धसँग प्रवाह नगरी लाहुरे हुनुपरेको नेपाली युवाहरूको बाध्यात्मक स्थितिलाई परिवेश बनाएको देखिन्छ । चार वर्षको समयलाई लिएर कथा लेखिएको छ । गोठेले दाउरा

बोकेकी केटीहरूलाई चुरोट दिंदा लाहुरेले दिएको मात्रै चेरोट खाने बताएकोले दाउरा प्रायजसो गाउँमा मंसिरतिर काटिन्छ । दशैंको टीका लगाई गोठे लाहुर हिडेकोले देशैको लागि दाउरा काट्न गएको पनि हुनसक्छ ।

दशैको टीका लगाई हिडेको गोठे तीन वर्षपछि चार महिनाको छुट्टिमा घर आउँदछ । विदेश जान दुईदिन बाँकी हुँदा वनमा सेतीसँग शारीरिक सम्पर्क हुन्छ । गोठे गएपछि सेतीको पाँच महिनाको गर्भ हुँदा हल्ला चलेको र त्यसको एक महिनापछि पत्र आएको छ । त्यस पत्रमा सारा कुरा स्पष्ट पारिएकोले कथाको जम्मा समय गोठे गएपछि सेती एक्लै बसेकी र गोठेको पत्र आउने समयावधि जम्मा ६ महिनाको रहेको छ । चार महिनाको छुट्टि र दशैंको टीका लगाएर हिड्नु अगाडिको समय करिब एक महिनासहित गरेर एघार महिना हुन्छ । भर्ती भएपछि घर नआएको समय तीनवर्ष गरी जम्मा चारवर्षको समयलाई कथाको परिवेश बनाएको आवश्यकताअनुरूप नै छ । तर, समयावधिलाई हेर्दा कथामा उल्लेख गरेको समयसँग मेल नखाएको पाइन्छ । जस्तै : चार महिनाको छुट्टिमा आएको गोठे दुई महिनापछि सेतीसँग शारीरिक सर्म्पक गर्छ र अब दुई दिनको छुट्टि त छनी भन्दा कथाकारले समयमा त्यति ध्यान दिएको जस्तो देखिदैन ।

समग्रमा कथाको परिवेश उपयुक्त खालको छ । ग्रामीण परिवेशका साथै लाहुर भन्नुजस्ता प्रसङ्गले सहरिया परिवेशलाई पनि लक्षित गरेको छ ।

### ४.६. ङ) द्वन्द्व

प्रस्तुत कथामा आन्तरिक द्वन्द्वले स्थान ओगटेको प्रस्ट हुन्छ । पहिला आफ्नै गोठधन्धामा रमेको गोठेसँग सेतीले लाहुरेले दिएको चुरोट मात्रै खाने भनेपछि लाहुर गएको गोठेमा आन्तरिक द्वन्द्व तीव्ररूपमा आएको छ । गाउँभरि हल्ला चलेकी सेती गोठेको पत्र नआउँदासम्म अनेक तर्कवितर्कले चेतन अचेतन द्वन्द्वग्रस्त भएकी छ । जङ्गलको बीचमा एकान्तमा शारीरिक सर्म्पक भएपछि चिच्याएकी सेतीमा चेतनाको द्वन्द्व पाइन्छ ।

दुवैमा भएको कुराकानीले सेतीमा विचारको द्वन्द्व छ भने गोठेमा आवेग र हतारको द्वन्द्व देखिन्छ । पँधेर्नीहरूले हल्ला चलाएपछि दुःखित बनेकी सेतीमा पश्चातपको द्वन्द्व देखिन्छ ।

यसरी मुख्यतया गरेर सेती, गाउँले र पँधेर्नीहरूको कुरामा आन्तरिक द्वन्द्व देखाई मूर्तता दिने यस कथा द्वन्द्वको रूपले महत्त्वपूर्ण देखिन्छ ।

## ४.६. च) दृष्टिबिन्दु

प्रसतुत कथामा गोठे, सेती र गाउँलेको विषयमा लेखक आफैले देखेजस्तो गरी कथा लेखेकाले तृतीय पुरुष वा बाह्य दृष्टिबिन्दुलाई अँगाली लेखिएको कथा हो । कथाका घटना, विषय, कार्य सबै गाउँले सेती र गोठेको छ त्यसैले पूर्णतया तृतीय पुरुष दृष्टिबिन्दु रहेको प्रष्ट हुन्छ । कथाकार अप्रत्यक्ष रहेर आफ्ना सम्पूर्ण विचारहरू तृतीय पुरुष मार्फत् पाठकसामु प्रवाहित गराएकाले यस कथाको दृष्टिबिन्दु बाह्य रहेको प्रस्ट हुन्छ ।

## ४.६. च) कुतूहलता

यस कथामा कुतूहलताले राम्रो स्थान लिएको छ । गोठेले दिएको चुरोट सेतीले नखाएपछि ऊ लाहुरे हुन खोज्नु अब ऊ लाहुरे हुन्छ कि हुँदैन , लाहुरे भएन भने के गर्ला, पछि गोठे लाहुरे भएर गाउँ फर्केपछि सेतीले गोठेलाई के भन्छे होला ? जङ्गलमा शारीरिक सर्म्पक भएपछि अब के हुन्छ ? पञ्च भलादमीले केरकार गर्दा सेतीले कसको गर्भ हो भन्छे होला , गाउँलेले गोठेलाई के भनेर पत्र लेख्ने होलान् , पत्रको जवाफ आउला कि नआउला पत्र नआएमा सेतीले के गर्ली भने जस्ता कतूहलता उत्पन्न हुन्छ । पत्रको जवाफ गोठेले पठाएपछि पञ्चभलादमीले आफ्नो अवधारणा नदिई कथा टुङ्ग्याइएकोले यो कथा सनसनीपूर्ण र कुतूहलतापूर्ण रहेको छ ।

## ४.६. छ) भाषाशैली

प्रस्तुत कथामा ग्रामीण परिवेशमा घट्न सक्ने घटनाक्रमलाई कथावस्तु बनाइएको छ । यस कथामा सहज, सरल र पात्रानुकूलको भाषा प्रयोग भएको छ । गाउँले जीवनमा

प्रचलित नाम्लो, खुरपेटो, चुत्रो, ऐँसेलु, लोर्के बाँझो आदि झर्रा शब्दहरूको व्यापक प्रयोग भए तापनि स्वभाविक सन्दर्भ र उपयुक्त व्यक्तिको बोलिमा आएकोले उपयुक्त छ । गाउँले बोलीमा प्रयोग भएको भाषा यस्तो छ- "राम ! राम ! हाम्रो गाउँमा के उदेक भयो ? कन्या केटीले विनापोइको भुँडी बोकी रे !' (पृ.४७) जस्ता स्वभाविक वाक्यले श्रेष्ठका कथामा उत्कृष्टता थपेको छ । भारतमा गएका नेपाली युवाका बोलीमा सहजतरिकाले प्रयोग गर्ने मालुम, बाँची, और, इन्साफ, बातफिर, पिछे, छोरीबाटी , जुराफ, बूट, क्यानम जस्ता शब्दहरू गोठेका पत्रमा प्रशस्त प्रयोग भएका छन् । हाफ पाइन्ट , पी.टी., कवाज, परेड, फाइरिङ्ग, अफिसर, फिट, मेस आदि आगन्तुक शब्दहरूको प्रयोग सहजका साथ प्रस्तुत गरिएको छ । आगो, सङ्गी, पञ्चवली, देवीथान, भाकलजस्ता तत्सम शब्दहरूको प्रयोग पनि प्रशस्तमात्रामा भेटिन्छ ।

यसरी वर्णनात्मक, संवादात्मक र पत्रात्मक शैलीको प्रयोगद्वारा कथाले पूर्णता पाएको छ । त्यसैगरी हिन्दी, अङ्ग्रेजी तथा संस्कृत भाषाको प्रयोगले कथामा मिठास थपेको छ ।

### ४.६. झ) उद्देश्य

अशिक्षित सोझा, सरल, सुन्दर र गरिब गाउँले नारीहरू साना साना प्रलोभनमा परेर आफ्नो अस्तित्व गुमेको पनि थाहा पाउँदैनन् । जीवन निर्वाहका लागि ज्यानको बाजी राखेर पल्टनमा भर्ती हुनुपर्ने नेपाली युवाहरूको बाध्यात्मक स्थितिलाई देखाउन खोज्नु यस कथाको मुख्य उद्देश्य हो । विषय नबुझिकन त्यसै हल्ला फिँजारएर अरुको चरित्रहत्या गर्नुहुँदैन । पञ्चमलादमीले दूधको दूध पानीको पानी छुट्टाएर निसाफ गर्नुपर्दछ । युवाहरू विदेशमा गए पनि आफ्नो मातृभूमिलाई विर्सन हुँदैन भन्ने यस कथाले दिएको उद्देश्य वा जीवनचेतना हो ।

**दशकथामा** सङ्गृहीत 'सम्झना' कथाको विश्लेषण

## ४.७. क) विषयवस्तु

प्रस्तुत कथामा वनारस जान भनी हिडेको 'म' पात्र अमलेख गञ्जमा गएर मोटरबाट ओर्लिन्छ । ऊ प्लेटफर्ममा गएर रेल चढ्छ । परवानीपुरसम्म जाँदाको यात्रा संस्मरणलाई विषय बनाएर लेखिएको यो कथा यात्रा कथा हो । यात्रामा एउटी युवतीसित भेट हुन्छ । परिचय गर्दा दुवैजनाको सिद्धान्त मिल्दछ । उनीहरू मीठामीठा गफ गर्दै यात्रा गर्दछन् । बाटोमा युवतीले लिची किनेर ख्वाएको र 'म' पात्रले पनि केरा किनेर दिन खोज्दा रेल छुट्छ र खल्लो अनुभव गर्दछ । केवल सम्झना मात्रै बाँकी रहेको यस कथामा सामाजिक विषयवस्तु रहेको छ ।

## ४.७. ख) कथानक

'म आत्तिएँ र सुटकेश मिलाउँदै' बाट आरम्भ भइ 'म जहाँको त्यहीँ थिएँ' मा गएर अन्त्य भएको यस कथालाई हेर्दा एकै भागमा लेखिएको छ । कथालाई विनाभागमा हेर्न भन्दा आदि र अन्त्य गरी दुईभागमा बाँडेर हेर्न उपयुक्त भएकाले दुई भागमा बाँडन सकिन्छ । प्रस्तुत कथामा काठमाडौंबाट गएको 'म' पात्र अमलेखगञ्जमा गएर गाडीबाट ओर्लिन्छ र रेलमा चढ्छ । रेलमा भएका सबै यात्रीहरू अर्को विसौनीमा गएर झर्दछन् । रेलको डिब्बामा केवल 'म' पात्र र एकजना युवती मात्रै रहन्छन् । 'म' पात्रले गफ गर्ने बाहाना बनाउँदछ र गफ गर्दछन् । आपसी मित्रता बढ्दै जान्छ । सिमरा बिसौनीमा रेल रोकिन्छ । युवतीले लिची किनेर दिन्छे र आफूले पनि खान्छेसम्म कथाको आदि भाग हो । अन्त्य भागमा रेल आफ्नै गतिमा हिड्दाहिड्दै परवानीपुर आइपुग्दछ । 'म' पात्रले केरा किनेर युवतीलाई दिनखोज्दा रेल छुट्छ र कथाको अन्त्य हुन्छ ।

यसरी सामान्य तरिकाले आदिबाट अन्त्यमा गएको यस कथा रैखिक ढाँचामा सरल तरिकाले लेखिएको सफल कथा हो ।

## ४.७. ग) पात्रविधान

यस कथामा खासगरी दुईजना पात्रहरू रहेका छन् । ‘म’ पात्र आफै सुटकेश र बेडिङसहित अमलेखगञ्जबाट परवानीपुर जाँदा बाटोमा एउटी युवती कामरेड भेटेको हुन्छ । उसको साथमा यात्रा गरेको सम्झना नै कथाको विषय भएको छ । आफू नै वा ‘म’ पात्र केन्द्रीय भावमा रहेको र युवती पनि उसैको साथमा भएको कथाको सुरुवाट अन्त्यसम्म रहेकोले दुवैजना प्रमुख पात्र हुन् । यात्रामा भेटिएका अन्य यात्री सहायक पात्रहरू हुन् । ‘म’ पात्र र युवती दुवै जना गतिशील पात्र हुन् । प्रवृत्तिगत रूपमा हेर्दा दुवैजना अनुकूल पात्र रहेका छन् । जीवनचेतनाका आधारमा हेर्दा दुवैजना व्यक्ति पात्रका रूपमा आएका छन् । मञ्चीय र बद्ध पात्रका रूपमा उपस्थित यी पात्रमा ‘म’ पात्र पुरुष पात्र हो भने युवती कामरेड स्त्री पात्र हो ।

## ४.७. घ) परिवेश

प्रस्तुत कथा ग्रामीण र सहरी परिवेशमा घटित कथा हो । थानकोट, त्रिभुवनराजपथ रातालालीगुराँस र लालुपाते वनभरि फुल्नु, धूपी सल्लाका रुखहरू, सिमभञ्ज्याङ, डाँडाकाँढा, थम्काथुम्की चुरेको सुरुङ्ग पार गरेर अमलेखगञ्ज पुग्नु, सिमरा, परवानीपुर, वनारस, रेलको यात्रा, रेलको डिब्बा, पसल, बजार, गल्ली, सडक र प्लेटफर्मको परिवेश रहेको छ । घामले भतभती पोल्ने , गर्मीको समय भएको बताएकाले यसको कालगत परिस्थिति चैत्र, वैशाखको महिनालाई जनाउँछ । कथाले लिएको समय केवल एक दिनको रहेको छ । थानकोटबाट परवानीपुरसम्म पुग्दाको समयको गतिविधि र बीचमा भएका कुराकानी नै यस कथाको विषयवस्तु भएकाले सारा घटनाहरू एक दिनको समयमा नै भएका छन् । यसरी छोटो समय, स्थानगत जानकारी र राम्रो परिवेश चित्रणले कथा उत्कृष्ट बनेको छ ।

## ४.९.ङ) द्वन्द्व

प्रस्तुत कथामा खासै द्वन्द्व पाइदैन । आन्तरिक द्वन्द्वलाई केही झिल्काको रूपमा देख्न सकिन्छ । अमलेखगञ्नजबाट परवानीपुरतर्फ जाँदा रेलको डिब्बामा 'म' पात्र र युवती मात्र बसेका हुँदा पहिला नबोल्दाको अवस्थामा अलिअलि आन्तरिक द्वन्द्व पैदा भएको स्थिति छ । अन्यत्र खासै कतै पनि त्यस्तो द्वन्द्वको स्थिति सिर्जना भएको छैन ।

## ४.७. च) दृष्टिबिन्दु

यस कथामा आन्तरिक प्रथम पुरुष दृष्टिबिन्दुको उपस्थिति छ । सम्पूर्ण कथा र घटनाको प्रत्यक्ष भोक्ता 'म' पात्र आफै भएको छ । यस कथामा युवतीका घटनाहरू 'म' पात्रबाटै प्रस्तुत भएकाले हस्तक्षेपीय दृष्टिबिन्दु पाइन्छ । समग्रमा 'म' पात्रको दृष्टिबाट सम्पूर्ण कथानक अघि बढेको हुनाले कथामा प्रथम पुरुष केन्द्रीय दृष्टिबिन्दु पाइन्छ ।

## ४.७. छ) कुतूहलता

प्रस्तुत कथामा सुरुबाट अन्त्यसम्म कुतूहलता पाइन्छ । पहिला नै लेखक हतार गरेर सुटकेश र बेडिङ मिलाउँदा कहाँ जाने, के गर्नेजस्ता कुतूहलता उब्जिन्छ । बीचबाटोमा रेलभित्रबाट अन्य यात्रुहरू झरेपछि दुईजना मात्र हुँदा के हुन्छ ? के गर्छन् भन्ने जिज्ञासा उत्पन्न हुने हुँदा पाठकलाई एकपटक पढेपछि नसिध्याइकन पढ्न छाड्न मन नलाग्ने भएकाले यसमा कुतूहलताले अग्रस्थान लिएको प्रष्ट हुन्छ ।

## ४.७. ज) भाषाशैली

यस कथामा भाषा लेखक पश्चिमेली भएकाले यहाँ प्रसङ्गवस त्यस्तै भाषिकाको प्रयोग भएको देखिन्छ । जस्तै 'तपाईको साथीसिँत विछोड भयो कि क्या हो ?' (पृ. १०) जस्ता वाक्यको प्रयोग पाइन्छ । त्यस्तै कथामा दकस, सास खेरा जाला, ठण्डाजस्ता नवीन शब्द देखन्छिन् । बेडिङ, स्टेशन, मिसेज, कामरेड जस्ता अङ्ग्रेजी आगन्तुक शब्दहरूको

व्यापक प्रयोग भए तापनि बोलीचालीमा भएकाले कथाको प्रसङ्गमा मेल खाने देखिन्छ । चिटचिट, भनभन, छयाकछयाक, अकमक, सलसलजस्ता अनुकरणात्मक शब्दको प्रयोग पनि पाइन्छ । केवल यात्रामा भएको कुरालाई सम्झना गरेर लेखिएको यो कथा अकथा हो । यो संस्मरणात्मक यात्रा कथा भन्न सुहाउँने खालको छ । यसलाई सङ्क्षिप्त र डायरी खालको कथा हो भन्न सकिन्छ ।

## ४.७. झ) उद्देश्य

प्रस्तुत कथामा सम्झाना जीवनको अविस्मरणीय क्षण बन्न पुगेको हुन्छ । चाहे त्यो यात्रा होस् , चाहे राजनीति गतिविधिको क्षण होस वा चाहे जुनसुकै तीतामीठा घटना घटेको अवस्था होस्, त्यसैले मनमा अमिट  छाप पारेर बसेको हुन्छ भन्ने कुराको ज्ञान दिन खोज्नु यस कथाको मुख्य उद्देश्य हो । यात्रा गर्दा जस्तालाई पनि साथी बनाउनुपर्दछ । हरेक व्यक्तिसित सम्बन्ध गाँस्ने साधन प्रेमपूर्ण बोली हो । मानिसमा सदभाव र सौहार्दपूर्ण व्यवहार भएमा मात्रै सम्झना उसको आइरहन्छ र यादले सदा झक्झक्याई रहन्छ भन्ने कुरा यस कथाको उद्देश्य हो भन्न सकिन्छ ।

## **दशकथा** सङ्ग्रहमा सङ्गृहीत 'भैंसी ब्यायो' कथाको विश्लेषण

## ४.८. क) विषयवस्तु

प्रस्तुत कथा सामाजिक कथा हो । गाउँघरमा घट्ने बहुविवाह, बालविवाह आदिको प्रस्ट चित्रण गर्ने यस कथाले ग्रामीण समाजको मध्यमवर्गीय जनजीवनलाई उजागर गरेको छ । जेठी श्रीमतीबाट अठार वर्षको छोरा र सोह्र वर्षकी छोरी हुँदाहुँदै धनबहादुरले आफूभन्दा चालीस वर्ष कान्छी धनमायासित विवाह गर्दछ । ऊ घरमा नोकर राख्न सक्ने मध्यमवर्गीय व्यक्ति हो । वृद्ध श्रीमान हुनु, युवती श्रीमतीका चाहना पूरा नहुनु, भैंसीको गोठमा श्रीमान जाँदा नरुचाउनु, भैंसीलाई सौताको रूपमा हेर्नु , गोठालोसित मनको कुरा व्यक्त गर्न चाहनु र मनमायामा पछि भैंसी ब्याएर बाल्टीभरि दूध देखिपछि कयौं दिनदेखि

हराएको खुशी आउनुजस्ता कारुणिक अवस्थालाई कथामा व्यक्त गरिएको छ । यसरी पारिवारिक असन्तुलनका कारणले यौन कुण्ठा व्याप्त भएको विसङ्गत समाजको चित्र उतारिएको प्रस्तुत कथाको विषयवस्तुमा यौनमनोवैज्ञानिकता झल्किएको छ ।

### ४.८.ख) कथानक

प्रस्तुत कथा रैखिक ढाँचामा लेखिएको छ । 'धनबहादुर धुमधामका साथ बाजागाजा बजाउँदै धेरै वरियात लगिकन मनमायालाई विवाह गरेर ल्यायो' बाट आरम्भ भएर 'उसको जिन्दगीमा हराइसकेको मुस्कान फेरि देखापऱ्यो र अनुहारमा हाँसोको मिही रेखाहरू दौडन थाले' मा पुगेर कथा समाप्त भएको छ । घटनाक्रमहरू शृङखलाबद्ध रूपमा अगाडि बढेको यस कथालाई आदि मध्य र अन्त्यका दृष्टिले हेर्दा कथामा धनबहादरले मनमायालाई विवाह गरेर ल्याउनु, घरमा छोराछोरी हुनु, गोठालो राख्नु, श्रीमान वृद्ध हुनु र युवती श्रीमतीका चाहना पूरा गर्न नसक्नु, श्रीमतीमा यौन कुण्ठा व्याप्त हुनु, श्रीमान् गोठमा गएर समय बिताउनु, गाउँलेले कुरा काट्नु र श्रीमती रिसाउनुसम्म पुगेर कथाको आदि भाग हुन्छ । धनबहादुर उदास हुनु, गोठमा गएर भैंसीलाई घाँस दिनु, भैंसीको रेखदेख गर्नु, भैंसीलाई हेर्न रात दिन गोठमा जानु र उसको स्याहार सुसार गर्नु जस्ता कार्यले मनमाया श्रीमानप्रति रुष्ट हुँदै भैंसीलाई सौताको रूपमा हेर्न थाल्दछे । लोग्नेको माया मनमायालाई चाहनाको वस्तु हुनु, मनमायाले लोग्नेलाई तपाइँ गोठमा नजानुहोस् समाजले कुरा काटिसके भन्नु, गोठालो आएर भैंसी छटपटायो भन्नु, गोठालोलाई हेरेर मनमायाले मीठो कल्पना गर्नु, धनबहादुर गोठमा जानु र मनमाया झन रिसाउनुमा कथाको मध्य भाग हुन्छ । गोठमा श्रीमान गएपछि मनमाया पनि सँगै जानु, एकछिनपछि भैंसी ब्याउनु गोठालाले ठेकीभरि दूध ल्याएर अगाडि राखिदिनु, धनबहादुरले खुशी हुँदै कान्छी तिमीलाई यति दूध भएपछि त पर्याप्त होलानि भन्नु, मनमायामा कयौं दिनदेखि हराएको हाँसो ओठमा आएपछि कथाको अन्त्य हुन्छ । यसरी आदि, मध्य र अन्त्यको सफल संयोजन भएको यसको कथानक ज्यादै उत्कृष्ट रहेको छ ।

## ४.८. ग) पात्रविधान

प्रस्तुत कथाका पात्रहरूमा धनबहादुर मनमाया गोठालो, जेठी श्रीमती, छोराछोरी, गाउँले आदि मानवीय पात्रहरू रहेका छन् भने मान्छेको जत्तिकै भूमिका खेलेको मानवेत्तर पात्रमा भैंसी रहेको छ । कार्यका आधारमा धनबहादुर र मनमाया प्रमुख पात्रका रूपमा रहेका छन् । गोठालो र भैंसी सहायक पात्रका रूपमा देखिएका छन् । अन्य पात्रहरू गौण रूपमा देखिएका छन् । प्रवृत्तिगत रूपमा हेर्दा धनबअहादुर पहिला प्रतिकूल पात्रका रूपमा देखिएको भए पनि पछि अनुकूल पात्रका रूपमा आएको छ । मनमाया र गोठालो पनि अनुकूल पात्रका रूपमा प्रस्तुत भएका छन् । स्वभावका आधारमा धनबहादुर गोठालो स्थिर पात्र हुन् भने मनमाया गतिशील पात्र हो । मनमायाले भैंसीलाई सौताको रूपमा हेर्छे , तर भैंसी कहिल्यै परिवर्तन नभएको स्थिर पात्र हो । जीवनचेतनाका दृष्टिबाट धनबहादुर र मनमाया वर्गीय पात्रका रूपमा आएका छन् भने गोठालो पनि निम्नवर्गको प्रतिनिधित्व गर्ने वर्गीय पात्र हो । आसन्नताको आधारमा हेर्दा धनबहादुर, मनमाया र गोठालो मञ्चीय र बद्ध पात्रहरू हुन् भने अन्य पात्ररु नेपथ्य र मुक्त हुन् ।

सगम्रमा भन्नुपर्दा कथामा धनबहादुर ग्रामीण समाजको साहुमहाजनको रूपमा अवस्थित उच्चमध्यमवर्गीय , नोकर राख्न सक्ने व्यक्तिका रूपमा प्रतिष्ठित छ । वृद्ध भएर पनि आफूभन्दा चालीस वर्ष कान्छी श्रीमती ल्याएकाले उसको रवाफ गाउँमा राम्रो थियो भन्न सकिन्छ । यौन कुण्ठाले ग्रसित भएर गोठमा गएर भैंसीको स्यहारसुसार गरेर चित्त बुझाएको स्थिति छ । त्यसैले ऊ तत्कालीन ग्रामीण समाजको प्रतिनिधित्व गर्ने वर्गीय पात्र हो । मनमायामा पनि यौन कुण्ठा व्याप्त छ । श्रीमान वृद्ध भएकोले आफ्नो यौनइच्छा पूर्ति गर्न नपाएकी एउटी रिसाही , निरीह र मिलनसार नारीका रूपमा प्रस्तुत भएकी छ । पतिलाई सर्वस्व मान्ने र माया गर्ने असल मातृत्वको चाहना भएकी वर्गीय पात्र हो । पहिला रिसाएकी मनमाया पछि भैंसिको दूध देखेर खुशी भएकी छ । गोठालो निम्नवर्गीय पुरुषको प्रतिनिधित्व गर्ने, अशिक्षित सोझो, आफ्नो कर्मप्रति निष्ठावान भएको किसान हो । भैंसी कथाको सहायक मानवेत्तर पात्र हो र धनबहादुरको मन बुझाउने हितैषी मित्र

पनि हो । गाउँले , छोराछोरी आदि सबैले कथालाई अगाडि बढाउन महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् । यसरी कथानुसार पात्रहरूको उत्कृष्ट संयोजन भएको देखिन्छ ।

## ४.८. घ) परिवेश

यस कथाको परिवेश ग्रामीण पहाडीय समाज रहेको छ । धनी र गरिब, युवती र वृद्ध, मानवीय र मावेत्तर, पात्र तथा भिन्न परिवेशलाई राखेर लेखिएको यस कथाको परिवेश उत्कृष्ट रहेको छ । घर गोठ, आँगन , चोक, पँधेरो , खेतबारी आदि स्थानका रूपमा आएका छन् । त्यस्तैगरी धनबहादुरको मानसिक स्थिति र मनमायाको पहिला प्रतिकूल स्थिति रहे पनि पछि अनुकूल रहेको छ । धनबहादुर गाउँको धनीमानी साहुका रूपमा गनिने ग्रामीण भेकको हैकमवादी व्यक्ति हो । दिन रात, साँझ , विहान, आदि यस कथाको समयगत अवस्था हो । जम्माजम्मी दुईतीन महिनाको समयलाई लिएर लेखिएको यस कथामा सानो कुरामा पनि गाउँलेले हल्ला चलाउने कुराको यथार्थ परिवेश देखाइएको छ । वातावरणगत रूपमा डोकोमा रहेको घाँस दिने, खेतीपाती हरिलो भरिलो भएकोले असार साउनको मौसमलाई जनाएको प्रष्ट हुन्छ । यसरी प्रस्तुत कथामा ग्रामीण समाजको परिवेशलाई सरल रूपले प्रस्तुत गरिएको हुँदा कथा उत्कृष्ट बन्न पुगेको छ ।

## ४.८. ङ) द्वन्द्व

प्रस्तुत कथामा आन्तरिक द्वन्द्व प्रवल रूपमा रहेको छ । धनबहादुरले आफूभन्दा चालीस वर्ष कान्छी मनमायालाई विवाह गरेर ल्याउँछ , तर घरमा भन्दा बढी समय गोठमा बिताएकाले मनमायामा आन्तरिक द्वन्द्व तीव्र भएको छ । भैंसीलाई स्याहार सुसार गरेको देखेर श्रीमानसित झर्केर बोल्छे । गाउँले कुरा काट्नु, गोठालोलाई देख्दा मनमायाले अनेक कल्पना गर्नु, लोग्नेको इच्छा पूरा गर्ने सबै सामार्थ्य ममा छँदाछँदै भैंसीलाई बढी माया गर्ने भन्नु, लोग्नेको प्यार पाउन र राम्रो हेराई पाउनु मनमाया आशक्त हुनुले पनि मनमायामा आन्तरिक द्वन्द्व उब्जेको प्रस्ट हुन्छ । भैंसीलाई मनमायाले सौताको रूपमा हेर्नुले आन्तरिक द्वन्द्वले चरम उत्कर्ष लिएको देखिन्छ । धनबहादुरले मनमायालाई

देख्नासाथ हडबढाउनु, चेहराको आकृति बिग्रनु स्वास्नीसित तर्किंतर्की हिड्नु , गोठमा गएर भैंसीको सुसार गर्दा सुखको अनुभव गर्नुले पनि धनबहादुरमा असक्षमताका कारणले आन्तरिक द्वन्द्वबाट ग्रसित भएको प्रस्ट झल्किन्छ । अन्त्यमा भैंसी ब्याएर बाल्टीभरि दूध देखेपछि "कान्छी , यस भैंसीको दूधले तिमीलाई पर्याप्त हुनेछ ।" भन्दा कान्छी खुशी भएर हास्नुले पनि कुरा प्रस्ट हुन्छ त्यसैले दुवै श्रीमान श्रीमतीमा आन्तरिक द्वन्द्वले तीव्र स्थान लिएको छ भन्न सकिन्छ । यसरी यस कथामा धनबहादुर र मनमायाका मनका दमित चाहना र कुण्ठाले व्याप्त भएको मानसिक तनावग्रस्त स्थितिलाई देखाइएकाले सफल आन्तरिक द्वन्द्वको प्रयोग भएको पाइन्छ ।

## ४.८. च) दृष्टिबिन्दु

यस कथामा बाह्य तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग भएको छ । घटनाको सर्वदर्शी स्वयम् कथाकार भए पनि आफू अप्रत्यक्ष रूपमा रहेर पात्रहरूको माध्यमद्वारा घटना र अवस्थालाई सफल रूपमा देखाइएको छ । यसरी तृतीय पुरुष पात्रहरूमार्फत पाठकसमक्ष आफ्नो सम्पूर्ण भाव वा विचारहरू व्यक्त गरिएको हुनाले कथा बाह्य तृतीय पुरुष दृष्टिबिन्दुमा संरचित भएको स्पष्ट हुन्छ ।

## ४.८. छ) कुतूहलता

प्रस्तुत कथामा सुरुदेखि अन्त्यसम्म कुतूहलता रहेको पाइन्छ । धनबहादुरले आफूभन्दा चालीस वर्षले कान्छी मनमायालाई विवाह गरेर ल्याउनु, घरमा जेठी श्रीमतीको छोरो अठार वर्ष र छोरी सोह्र वर्षकी हुनुजस्ता कुराले पाठक वर्गमा उत्सकता पैदा गराउँछ । विवाह गरेपछि धनबहादुर गोठमा जानु, भैंसीको स्याहार सुरामा तल्लीन हुनु, लोग्ने स्वास्नीका बीचमा के मनमुटाव भयो भन्ने शङ्का गर्नु, गाउँलेले कुरा काट्न थाल्नु, मनमायाले गोठालोसित मनका कुरा भन्न खोज्नु, धनबहादुर मनमायालाई देख्दा रातोकालो हुनु, बोल्न नसक्नु, तर्केर हिड्न खोज्दा किन ? के ?जस्ता प्रश्न उठ्न सक्छ । अन्त्यमा बाल्टीभरि दूध देखेपछि मनमायामा किन प्रशन्नता देखा पर्‍यो त ? भन्ने जस्ता अनेक

जिज्ञासा पाठकका मनमा पार्न सफल भएकोले कथामा कुतूहलता उपयुक्त छ भन्न सकिन्छ ।

### ४.८. ज) भाषाशैली

प्रस्तुत कथा आयामका दृष्टिले मझौला किसिमको छ । वर्णनात्मक र संवादात्मक शैलीको प्रयोगद्वारा कथाले पूर्णता पाएको देखिन्छ । कथामा संक्षिप्त र छोटा-छोटा वाक्यांश रहेका छन् । संवादका रूपमा आएका वाक्यमा पनि पात्रानुकूलको भाषा प्रयोगले कथामा स्वभाविकता थपेको छ । हट्टाकट्टा, छट्पटायो, छियाछिया, तरुनी, तेत्रो, भतेर जस्ता झर्रा शब्दहरूको प्रयोग कथामा प्रशस्त रहेका छन् । कान्छीले के भनेको ? हजुरले बुझ्नु भएन ? तैपनि हजुरको चाल ठीक छैन जस्ता सङ्क्षिप्त र सरल शब्दहरूले कथामा रोचकता थपेको छ । कथामा आदि, मध्य र अन्त्यको सफल प्रयोग भएको छ । रैखिक शैलीमा रहेको यस कथामा सङ्क्षिप्त सरल र सहज भाषाको प्रयोगले गर्दा भाषामा रोचकता थपेको छ ।

### ४.८. झ) उद्देश्य

यस कथाको मूल उद्देश्य बहुविवाह र अनमेल विवाह गर्नुले घरपरिवार, समाज र देशलाई नै घातक ठहर्छ भन्ने सन्देश दिनु रहेको छ । मानसिक अन्तर्द्वन्द्वले युक्त यस कथामा तत्कालीन बहुपत्नी राख्ने, बालविवाह गर्ने, प्रथाले घरपरिवारमा उत्पन्न हुने वैमनुष्यता र त्यसले निम्त्याउने विकृति र विसङ्गति अनि त्यसले समाजमा पार्ने नकारात्मक असर आदिलाई पारदर्शी रूपमा प्रस्तुत गर्नु कथाको उद्देश्य रहेको प्रष्ट हुन्छ ।

## **दशकथा** सङ्ग्रहमा सङ्गृहीत 'काँचो शंका' कथाको विश्लेषण

### ४.९. क) विषयवस्तु

प्रस्तुत कथाको विषयवस्तु सामाजिक रहेको छ । मामा घरमा विवाहको भोजमा 'म' पात्र पनि आमासँग जानु सबैजनाले रमाइलो गर्नु, आफूलाई मनपरेको साथीसँग भेट

हुनु, आमाले प्रत्यक्ष रूपमा आफ्नो लागि अगाडि केटी देखाउँदा अलमल्ल पर्नु जस्ता कुराहरू समाजमा घट्ने सामान्य विषय हुन् । युवावस्थामा आफूले चाहेकी केटी पाउनका लागि प्रयास गरिन्छ भने अरूले देखाएकी केटीमा मन दोधारमा पर्नुजस्ता सामान्य विषय यस कथाले आफ्नो विषयवस्तु बनाएको छ । छोराछोरीका लागि विवाहको प्रबन्ध गर्नु बाबुआमाको दायित्व हो भने आफन्तले उमेर पुगेका युवायुवतीका लागि घरजम बसाउन सक्दो सहयोग गर्नु नेपाली समाजको परम कर्तव्य हो भन्ने आधारलाई नै यस कथाको विषयवस्तुका रूपमा लिइएको छ ।

## ४.९. ख) कथानक

प्रस्तुत कथा रैखिक ढाँचामा रहेको सरल कथा हो । कथालाई सरल रूपले अध्ययन गर्न तीन भागमा आदि, मध्य र अन्त्य गरी हेर्न सकिन्छ 'मलाई अरू कहाँ भोज खान जान विलकुल मन पर्दैनथ्यो' बाट आरम्भ भएर 'मेरो शंका काँचै रह्यो' भन्ने वाक्यमा पुगेर टुङ्गिएको छ । 'म' पात्र मामाको घरमा भोज खान जानु, सबैसँग रमाइलो गर्नु, दुलाहासँग बोल्ने इच्छा हुनु, नानाथरिका युवतीहरूसँग आँखा जुध्नु, आमाले केटीहरूको हुलबाट एउटीलाई देखाउँदै तँलाई मागेकी केटी त्यही हो भनेर देखाउनु यस कथाको आदि भाग हो । आमाले केटी देखाएपछि 'म' पात्रले मनमा अनेक तर्कवितर्कहरू गर्नु, खास केटी कुन चाहिँ हो ? भन्ने कुरामा अलमलिनु, घरि राम्रो घरि नराम्रो सोच्नु, आफैमा हराउनु, साथी आएर नयाँ दुलाहा भनेर बधाई दिनु , आफ्नै साथीको बहिनी रहेको कुरा थाहा पाएपछि कथाको मध्यभाग सकिन्छ । चिन्ता मान्न छाड्नु , बाबुआमाले भनेको कुरा मान्छु भन्ने प्रण गर्नु, मन हलुङ्गो गर्नु दुलहीले माला लगाई दिएको अनुभव गर्नु र दुलही नरोए पनि 'म' पात्र रोएर सिरानी भिज्नु , मनमा शंका काँचै रहेको भन्नुजस्ता कुरामा पुगेर कथा अन्त्य भएको छ । यसरी आदि, मध्य र अन्त्य गरी रैखिक ढाँचामा लेखिएको यस कथा विषयअनुरूप उत्कृष्ट ढाँचाको रहेको छ ।

## ४.९. ग) पात्रविधान

प्रस्तुत कथामा मुख्य गरेर 'म' पात्र , आमा, युवती, रमेश, साथी आदि पात्रहरू आएका छन् । 'म' पात्र, रमेश र साथी पुरुष पात्रहरू हुन् भने युवती र आमा स्त्री पात्रहरू हुन् । कार्यका अधारमा हेर्दा 'म' पात्र प्रमुख पात्र हो र युवती सहायक पात्र हो । अन्य पात्रहरू गौण पात्रका रूपमा देखिएका छन् । प्रवृत्तिगत रूपमा हेर्दा कथामा 'म' पात्र , युवती, आमा लगायतका सबै पात्रहरू अनुकूल रहेका छन् । स्वभावका आधारमा हेर्दा 'म' पात्र गतिशील पात्र हो भने युवती, आमा रमेश र साथी स्थिर पात्रहरू हुन् । जीवनचेतनाका रूपमा हेर्दा 'म' पात्र र युवती वर्गीय पात्र हुन् भने अन्य पात्रहरू व्यक्ति पात्रका रूपमा उपस्थित भएका छन् । आसन्नताका दृष्टिकोणबाट हेर्दा 'म' पात्र , रमेश , युवती र आमा मञ्चीय र बद्ध पात्रका रूपमा देखापरेका छन् भने साथी, जन्ती, भोजमा उपस्थित महानुभवाहरू नेपथ्य पात्रका रूपमा चित्रित छन् ।

यसरी प्रस्तुत कथामा 'म' पात्र वर्तमान युवाहरूको प्रतिनिधित्व गर्ने, शिक्षित , सहरी परिवेशमा हुर्केको युवक हो । उसले आमाले देखाएकी केटीका बारेमा सोचमग्न भएर जन्दगीको सुरु अवस्थादेखि अन्तिम अवस्थासम्म पुगेको छ । युवती 'म' पात्रलाई देखेर आफ्नो कपडा मिलाउँदै साथीसँग कुरा गर्न व्यस्त देखिन्छे । युवतीले वर्तमान नारीहरूको प्रतिनिधित्व गरेकी छ । आमा आफ्नो कर्तव्यप्रति सजग भएकी छ । अन्य पात्रहरूले कथालाई अग्रगति दिन अहम भूमिका खेलेका छन् ।

## ४.९. घ) परिवेश

प्रस्तुत कथामा सहरी परिवेश रहेको छ । उच्च मध्यमवर्गीय परिवारमा भएको भोज, शान, मानसहित आएका आगन्तुकहरू, जलपान, मद्यपान, मधुपान आदि देखाइएबाट सहरी जीवनमा वर्तमानको तडभडक देखाइएको छ , त्यस्तैगरी कतैकतै भने चोलो , सुनको हमेल, ढाकाको खास्टो आदि देखाइएको छ । दुलाहाले लगाएको पटुका, तिलक, फेटा आदिले पहाडको ग्रामीण भेकमा विवाह गर्न गएको सहरी युवकको झलक

पाइन्छ । आफ्नो कोठामा विश्राम लिएको अवस्था, मानसिक तनावले आक्रान्त भएको परिवेश देखाइएको छ । समयलाई हेर्दा एक दिनको मामा घर गएको, त्यसै  रात घरमा फर्केको, नाना कुरा सोचेर बसेको र तस्विर हेर्दै गर्दा मनमा शङ्का उठेको देखाइएकाले दुईदिनको परिवेश कथामा रहेको छ । केटीहरूको हुलमा छोटो कपडा लगाउने, लिपिष्टिक, सिम्रिक रङ्गको रातो साडी आदि देखाएर वर्तमान युवतीहरूको पहिरनालाई सङ्केत गरेको छ । 'म' पात्रको मनमा शङ्का उत्पन्न भएको, अनेक भावनामा डुबेर मनमा नानाथरिका कुराले प्रवल रूपमा उथुलपुथल ल्याएकोले असहज परिस्थिति देखाइएको छ ।

समग्रमा दुई दिनको सहरी वातावरण र वर्तमान युवायुवतीको पहिरन, तडकभडक र रवाफ, पाटी र समारोहको अवस्थालाई उपयुक्त तरिकाले प्रस्तुत गरिएकोले यस कथाको परिवेश सहज र उपयुक्त छ ।

## ४.९. ङ ) द्वन्द्व

प्रस्तुत कथामा आन्तरिक द्वन्द्व प्रवल रूपमा रहेको छ । आमाले तस्वीर देखाएपछि मनमा अनेक र्तकवितर्क खेलाएको युवक 'म' पात्रको मनमा द्वन्द्व चलेको छ । कहिले राम्री देख्ने, कहिले नराम्री देख्ने, कहिले आफूले नै विवाह गर्न खोजेको केटीले नमानेको त कहिले केटीले नरम हातले माला लगाइदिएको, तर केटी नरोएकी र आफै रोएको छ । सिरानी निथ्रुक्क भिजेको देखाएर मनमा अनेक भावना उत्पनन गराएकोले प्रस्तुत कथामा आन्तरिक द्वन्द्वले तीव्ररूप लिएको कुरा प्रस्ट हुन्छ ।

## ४.९. च) दृष्टिबिन्दु

प्रस्तुत कथामा प्रथम पुरुषीय आन्तरिक दृष्टिबिन्दु रहेको छ । 'म' पात्रको केन्द्रीयतामा कथानक अगाडि बढेको छ । 'म' पात्र आफै प्रत्यक्ष घटनाको भोग्य पात्र भएर मनमा शङ्का उपशङ्का , भावना आदि खेलाएको सम्पूर्ण कुरालाई प्रस्तुत गरिएको छ । युवतीका बारेमा पनि प्रथम पुरुष 'म' पात्रकै माध्यमबाट व्यक्त गरिएकोले प्रथम पुरुष परिधीय दृष्टिबिन्दु रहेको छ ।

## ४.९. छ) कुतूहलता

यस कथामा 'म' पात्र मामा घरमा गएको अनेक कुरा देखेको देखाएर लेखकले पाठकलाई प्रवल रूपमा कुतूहलता जागृत गराउन सफल भएका छन् । आमाले तस्वीर देखाएपछि त्यही केटीसित विवाह होला कि नहोला, विवाहमा देखाएकी केटीको बानीव्योहोरा कस्तो होला, 'म' पात्रले सोचजस्तो होला कि नहोला जस्ता तर्क पाठकवर्गमा उठनसक्छ । दुलहीले माला लगाइदिएको अनुभव गरेको र आफै रोएको देखाएर 'म' पात्रको मनमा अझ शङ्का रहेको देखाई कथा समाप्त भएकाले अन्त्यसम्म पनि कुतूहलता पैदा हुनसक्छ । यसरी प्रस्तुत कथा कुतूहलताका दृष्टिले उपयुक्त छ भन्ने कुरा प्रस्ट हुन्छ ।

## ४.९. ज) भाषाशैली

प्रस्तुत कथा सरल र सहज भाषामा लेखिएको छ । अन्य कथामा जस्तै यस कथामा पनि सेकहैण्ड, टेबुल, सोफा, हेल्लो मिस्टर, फेसन, हेल्दी जस्ता आगन्तुक अङ्ग्रेजी शब्दको व्यापक प्रयोग भएको पाइन्छ । यस्ता शब्दहरू प्रचलनमा आएका र अवस्था अनुरूप प्रयोग भएकाले कथालाई सहज बनाएका छन् । झिलमिल, मुसुमुसु, चिटचिट, छटपट जस्ता अनुकरणात्मक शब्दहरू पनि रहेका छन् । त्यस्तैगरी धर्मसङ्कट, उपशङ्का शङ्का, सिम्रिक जस्ता तत्सम शब्दहरूको प्रयोग पनि भएको छ । यसरी व्यापक आगन्तुक, तत्सम, तद्भव आदि शब्दहरूको प्रयोग भएको छ । सहज र स्वभाविक बनाउन सफल यस कथाको शैली रैखिक सरल, विवरणात्मक र संस्मरणात्मक खालको छ ।

## ४.९. झ) उद्देश्य

प्रस्तुत कथाको मुख्य उद्देश्य तस्वीर र एकपटक देखेको आधारमा कसैको चरित्र यस्तै छ भन्न सकिदैन भन्ने कुरा सिकाउनु रहेको छ । अरुको विश्वासमा नपरी आफ्नै बुद्धि र विवेकले निर्णय गर्नुपर्छ । मनमा शङ्का उपशङ्का गरेर समय र जीवनको बर्वात

गर्नु भन्दा समय र वातावरणअनुसार महत्त्व बुझेर अगाडि बढेमा जीवन सार्थक र मूल्यवान हुन्छ भन्ने उद्देश्य रहेको छ ।

**दश कथा** सङ्ग्रहमा सङ्गृहीत 'तक्मा' कथाको विश्लेषण

## ४.१०. क) विषयवस्तु

प्रस्तुत कथाको विषयवस्तु सामाजिक धरातलमा घट्ने घटनालाई लिएर बनाइएको छ । समाजमा आफ्नो अस्तित्व राख्न चाहने कविता प्रतियोगिता लगायतका अनेक समारोहमा सहभागी हुनु, आफ्नो मायालुलाई प्राप्त गर्न उत्सुक भएर, एकोहोरो प्रेममा 'म' पात्र चिन्ता मग्न भएको छ । कथामा रहेका सम्पूर्ण कुराहरू समाजका यथार्थ घटना रहेका छन् । साथीहरू वनभोज जानु, मनमा अनेक कल्पना गर्नु, आफ्नो मायालुलाई भेट्न तीव्र इच्छा जाग्नु, मानिसक संवेगले नकरात्मक सोचाइ ल्याइदिनु । कथामा सामाजिक विषयवस्तुका साथै मनोवैज्ञानिक विषय पनि समेटिएको छ । आफ्ना -आफ्ना प्रतिष्ठितलाई पुरस्कार दिनु, आफ्नो साथी बनाउनु र अन्तमा अनुचित व्यवहार गर्न खोज्नुले कथामा मानसिक आवेग र संवेग प्रवल रूपमा देखिन्छ । यसरी यस कथामा सामाजिक तथा मनोवैज्ञानिक विषयवस्तु रहेको छ ।

## ४.१०.ख) कथानक

यस कथाको कथानक रैखिक ढाँचाको सरल रूपले अगाडि बढेको छ । 'त्यही दिनको कुरा हो' बाट आरम्भ भएर 'तर परिस्थिति दुवैको अनुकूल थिएन' मा गएर कथा टुङ्गिएको छ । कथालाई सरलताको दुष्टिले आदि, मध्य र अन्त्य गरेर हेर्न सकिन्छ । साहित्य गोष्ठीमा निर्धक्कसँग कविता वाचन गरेकी अपरिचित उनलाई देखेपछि 'म' पात्र विह्वल हुनु, पचास केजीको भारी बोकेजस्तो हुनु, उनको बोली सुनिरहुँजस्तो लाग्नु, उनीसँगै हिडौँजस्तो भएर, समयसमयमा छटपटाइरहनु यस कथाको आदि भाग हो । यसैबीचमा कलेजको वार्षिक उत्सवको निमन्त्रणा कार्ड आउनु र 'म' पात्र पनि जानु, उनी पनि नृत्य गर्नु, सबैजनाले एक-एक पुरस्कार दिनु, 'म' पात्रले पनि तक्मा दिने घोषणा गर्नु

र आफैमा भित्रभित्रै खुशी र आनन्दित हुनु, कहिले भेटेर कोठामा बोलाउँ भन्ने सोचाइमा रमाउनु कथाको मध्य भाग हो । शनिबार उनलाई आफ्नो कोठामा बोलाउनु, साथीहरूसित वनभोज जान अस्वीकार गर्नु , झ्यालमा बसेर उनकै बाटो हेरिरहनु , अर्को आफ्नो साथी आउँदा रिसाउनु, दिक्क भएर सिरकले मुख छोपेर सुत्नु, उनी आएपछि जबर्जस्ती अनुचित कार्य गर्नु कथाको अन्त्य भाग हो ।

## ४.१०. ग) पात्रविधान

प्रस्तुत कथामा 'म' पात्र, नयनी, साथी, युवती, सदस्यहरू र वनभोज जाने साथीहरू पात्रका रूपमा उपस्थित भएका छन् । मुख्य गरेर नयनी र युवती नारी पात्र हुन भने 'म' पात्र साथी आदि पुरुष पात्र हुन् । कार्यका आधारमा हेर्दा कथामा 'म' पात्र र नयनी प्रमुख पात्र हुन् । युवती , साथी , सदस्यहरू आदि गौण पात्रहरू हुन् । प्रवृत्तिगत रूपमा हेर्दा 'म' पात्र र नयनी लगायतका सबै जना अनुकूल पात्रका रूपमा चित्रित छन् । स्वभावका दृष्टिले 'म' पात्र र नयनी स्थिर पात्रका रूपमा देखिन्छन् । त्यस्तै गरी अन्य सबैजना स्थिर पात्रकै भूमिकामा रहेका छन् । जीवनचेतनाका रूपमा हेर्दा कथामा 'म' पात्र वर्गीय पात्र हो । नयनी र अन्य पात्रहरू व्यक्ति पात्रका रूपमा रहेका छन् । आसन्नताका दृष्टिबाट हेर्दा 'म' पात्र र नयनी मञ्चीय र बद्ध पात्रका रूपमा उपस्थित छन् । त्यस्तै साथी, युवती मञ्चीय तथा मुक्त पात्रका रूपमा देखिन्छन् भने अन्य सदस्यहरू, कविता प्रतियोगीहरू र वनभोज जाने साथीहरू नेपथ्य र मुक्त पात्रहरू हुन् ।

समग्रमा हेर्दा 'म' पात्र शिक्षित , स्वतन्त्र भएर हिड्ने, अर्काको चरित्रको हत्या गर्न खोज्ने, मध्यम वर्गीय परिवारको, कर्मचारीका रूपमा चित्रित छ । नयनी पढ्नमा लगनशील, इमान्दारी स्वाभिमानी र सुशील नारीका रूपमा उपस्थित भएकी छ । कथामा अन्य पात्रहरूले आफ्नो आफ्नो ठाउँमा रहेर कथालाई अगाडि बढाउन महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् ।

## ४.१०. घ) परिवेश

प्रस्तुत कथाको परिवेश सहरी रहेको छ । काठमाडौं उपत्याका, गल्ली, झ्याल, घरको आँगन, बजारको चोक , मञ्च, कविता प्रतियोगिता , दक्षिणकाली, साथीहरूसँगको समारोह, दिउँसो , साँझ , घाम लागेको अवस्था , हावा चलेको अवस्था , शनिवार आदि यस कथाको परिवेशको रूपमा आएका स्थान र वातावरण हुन् । समयलाई हेर्दा त्यस दिन कविता वाचन गरेको, केही दिन पछि कलेजको कार्यक्रममा भेट भएको , "प्रत्येक महिना, हप्ता, हरेक दिन, हामी एक अर्काबाट धेरै नजिक हुँदै आयौ"[५१] भन्ने वाक्यबाट के स्पष्ट हुन्छ भने उनीहरूको प्रेममा महिना दिन अवस्य बितेको थियो । कथामा पनि करिब दुई दिनपछि उनीहरूमा अन्य क्रियाकलाप भेटघाट भएकाले करिब यस कथाको समयावधि ४५ दिनको रहेको छ । धनी परिवार, शिक्षित 'म' पात्र र नयनी, असल स्वभाव, मिलाएर कपडा लगाउने देखिएकाले सम्पन्न परिवारको सहरिया वातावरणमा रहेको पात्रको कल्पना यस कथामा रहेको छ । उनलाई देखेपछि मन गरुङ्गो भएको, आफूसँग केही त्यस्तो सीप नभएको, उनको साथ हिड्न मन लागिरहने र उनैसँग रात बिताउन चाहेको 'म' पात्रको अवस्था प्रतिकूल रहेको कथामा पाइन्छ ।

समग्रमा प्रस्तुत कथामा काठमाडौं उपत्याकादेखि दक्षिणकालीसम्मको स्थान, पैतालिस दिनको समय र मानसिक तनावले युक्त परिवेश रहेको छ ।

## ४.१०. ङ) द्वन्द्व

प्रस्तुत कथामा आन्तरिक द्वन्द्व ज्यादै प्रवल रपमा देखाइएको छ । कविता वाचन गरेकी नयनीलाई देखेपछि सधैं देखिरहुँ जस्तो लाग्ने, "आफूलाई पचास (५०) केजीको पूरा भारी बोकेझै भइरहयो ।" [५२]बताएको तथा उनलाई तक्मा दिने कुरा गर्दा भएको

---

[५१] गोविन्दलाल श्रेष्ठ **दशकथा सङ्ग्रह** (२०४१) पृ. १३ ।

[५२] गोविन्दलाल श्रेष्ठ **दशकथा** सङ्ग्रह (२०४१) पृ. १३ ।

छटपटिमा आन्तरिक द्वन्द्व प्रबल देखिन्छ । "कसरी उनलाई भेटौं' र नजिक बनाउँ यही योजना रच्ने चिन्ताले मलाई सधैं घेरिरहन्छ" [५३] भन्ने वाक्यले पनि 'म' पात्रको आन्तरिक द्वन्द्वलाई उजागर गरेको छ उसले नयनीलाई भेट्नलाई आफूमा साहित्यकार, गायककार , नृत्यकार , चित्रकार, वाद्यकार मूर्तिकार जस्ता व्यक्तित्व हुनलाई कुनै पनि ज्ञान नभएकोमा पश्चात्तापको भूमरीमा तड्पिनुले पनि आन्तरिक द्वन्द्वको तीव्र गति भएको प्रष्ट हुन्छ । साथीहरू वनभोज गएको दिनमा नयनीलाई पर्खेको समयमा आफ्नो प्रिंय मित्र आउँदा झर्केर बोल्दा केही बाह्य द्वन्द्व पनि देखिन्छ । कथाको अन्त्यमा नयनी आफ्नो कोठामा आएपछि 'म' पात्रको बोली लरबराउनु , मादक पदार्थ सेवन गरेझैं लठ्ठिनु र नराम्रा वाक्यहरू आउनुले प्रभावकारी आन्तरिक द्वन्द्वले युक्त यस कथामा सफल र व्यापक रूपले आनतरिक द्वन्द्व रहेको कुरा सिद्ध हुन्छ ।

## ४.१०. च) दृष्टिबिन्दु

प्रस्तुत कथामा आन्तरिक प्रथम पुरुष दृष्टिबिन्दुको प्रयोग भएको छ । कथानक प्रथम पुरुष 'म' पात्रको केन्द्रीयतामा सीमित छ । नयनीलाई केन्द्रविन्दु बनाएर 'म' पात्रले आफूले भोगेका अनुभवलाई व्यक्त गरेको छ । 'म' पात्र आफैले युवतीको ल्वाईख्वाई र भेषको बारेमा व्यक्त गरेकाले हस्तक्षेपीय दृष्टिबिन्दु देखिए तापनि सम्पूर्ण घटनाको भोग्य पात्र 'म भएकोले प्रथम पुरुष दृष्टिबिन्दु रहेको प्रष्ट हुन्छ ।

## ४.१०. छ) कुतूहलता

यस कथामा कुतूहलता प्रभावकारी रूपमा रहेको छ । नयनीले कविता वाचन गर्दा 'म' पात्र लठ्ठ पर्नु, एकोहोरो हेरिरहनु , मन गरुङ्गो हुनु, डेरामा फर्केपछि पनि उसैको यादले सताउनुजस्ता कुराले 'म' पात्रमा अब के होला भन्ने कुतूहलता पैदा गरेको छ । 'म' पात्र नयनीलाई भेट्न आतुर देखिनु , निमन्त्रणा कार्ड आउनु, तक्मा दिने निर्णय गर्नु

---

[५३] गोविन्दलाल श्रेष्ठ **दशकथा** सङ्ग्रह (२०४१) पृ. ११ ।

जस्ता कुराले अब के होला भन्ने जिज्ञासा उठ्दछ । नयनीलाई तक्मा लिन कोठामा बोलाउनु, वनभोज नजानु मनमा उठेका कुरा व्यक्त गर्दा आएका संवेगले के गर्दछ र 'म' पात्रले कस्तो मानसिक संवेग देखाउला जस्ता कुराले कथामा पाठकलाई कुतूहलता सिर्जना गर्न सफल देखिन्छ ।

## ४.१०. ज) भाषाशैली

सहरिया परिवेशलाई कार्यपीठिका बनाइएको यस कथामा भाषा सरल र सहज खालको छ । एकालाप र वार्तालाप दुवैको समिश्रणबाट कथाले पूर्णता पाएको छ । सामाजिक कथावस्तु रहेको यस कथामा ठाउँठाउँमा हेलो मिष्टर, डिक्सनेरी, यन्त्र, फोन्टेनपेन , स्टेज, कार्ड, सीनियर, फङ्शन, फेसनजस्ता अङ्ग्रेजी शब्दहरूको प्रयोग पनि भएको छ । दक्षिणकाली, नृत्य, मृगनयनी आदि तत्सम शब्दहरूका साथै ढक्क , अकमक्क, टुलुटुलु, चिटचिटजस्ता अनुकरणात्मक शब्दहरूको प्रयोग पनि गरिएको छ । समग्रमा प्रस्तुत कथामा प्रयुक्त भाषाशैली पात्रानुकूल भएकोले उपयुक्त खालको छ ।

## ४.१०. झ) उद्देश्य

मानसिक विकारलाई कोट्याउने कोशिस गरिएको यस कथाको मूल उद्देश्य लोभलालचा देखाएर नारीको अवमूल्यान गर्नुका साथै पुरुषयौन मनोवृत्तिको नीच आकृष्टतालाई उद्घाटन गर्नुरहेको छ । आवेशमा गरेका हरेक क्रियाकलाप सबै सफल हुँदैनन् सोचविचार गरेर निर्णय गर्नु नै उत्तम हुन्छ भन्ने कुराको ज्ञान दिन खोजिएको छ ।

## **दशकथा** सङ्ग्रहमा सङ्गृहीत 'वाध्यता' कथाको विश्लेषण

## ४.११. क) विषयवस्तु

प्रस्तुत कथामा कथाकारले सामाजिक समस्यालाई आफ्नो रुचिक्षेत्र बनाएका छन् । नेपाली समाजभित्र देखिने केही बाँझोपनको अवस्थालाई उठान गर्दै सन्तानप्रतिको मोह पूरा गर्न वाध्य हुनुपर्ने कार्यावस्थालाई यस कथाले मुख्य विषयवस्तु बनाउन खोजेको छ ।

जब मानिस समय र परिस्थितिको कारण वाध्य हुन्छ । त्यतिखेर ऊ जुनसुकै कार्य गर्न पनि पछि हट्दैन र गरेरै छाड्छ । त्यो कुनै पाप कार्य होइन भन्ने कुरालाई देखाउन कथाकारले उत्सुकताका साथ यस कथामा केशव र राधाको वैवाहिक सम्बन्धलाई विषयवस्तुको रूपमा लिएका छन् । समाजद्वारा पूर्ण हुन नसक्ने काम कुरा पनि जब मानिस बाध्यतामा पर्दछ त्यतिखेर पूर्ण गरेरै छाड्दछ भन्दै विभिन्न पौराणिक र समाज व्यवस्थाको दृष्टान्त दिएर कथाकारले देखाएका छन् । यो कथाको विषयवस्तु मुख्यतः सामाजिक धरातलमा उभिए पनि वैक्तिक समस्याको वरिपरि ज्यादा घुमेको छ । एउटा लोग्नेले आफ्नी श्रीमतीलाई अर्को लोग्ने मानिसद्वारा गर्भवती बनाएर समाज र आफ्नो आवश्यकता पूर्ति गर्न जुन कार्य गरेको छ , त्यो निकै प्रगतिशील रहेको छ । समाजमा गोप्य रूपले गरिने सबै कार्य समाजलाई स्वीकार्य हुन्छ र समाजमा जतिसुकै सम्पन्न र शिक्षित मानिस भए पनि त्यसलाई बाध्यता पर्नसक्छ अनि बाध्यताले मानिस जस्तोसुकै कार्य गर्न अग्रसर हुनुपर्दछ भन्ने कुरालाई मूल विषयवस्तु बनाइएको छ ।

## ४.११. ख) कथानक

"'सिमेन' परीक्षण गर्नु डाक्टरको लागि अति सामान्य कुरा हो " बाट आरम्भ भएर 'त्यसपछि यिनीहरूको कहिल्यै भेट भएन' भन्ने वाक्यमा गएर कथा टुङ्गिएको छ । रैखिक ढाँचामा लेखिएको यो कथाको कथानक सरल तरिकाले अगाडि बढेको छ । कथालाई आदि मध्य र अन्त्यका दृष्टिले अध्ययन गरेर हेर्न सकिन्छ । विवाह गरेको सात वर्षसम्म सन्तान नहुनु, केशवसँग बाबुआमाले नातिनातिनी हेर्ने धोको छ भन्नु , केशव डाक्टरसित गएर 'सिमेन' परीक्षण गर्नु,  डाक्टरले हजार कोशिस गरे पनि तपाईंबाट सन्तानको जायजन्म हुँदैन भन्नु, केशव निराश भएर घरमा फर्किनु, कोठामा एक्लै चिन्तामग्न हुनु, राधा कोठामा प्रवेश गर्नु , लोग्नेको चिन्ता ग्रस्त अनुहार देख्नु , आमाबाबुले दशैंमा टीका लगाउँदा दिएको आशिर्वाद सम्झनु , राधाका आँखा रसाउनु, राधाले केशवलाई सम्झाउनु सम्म कथाको आदि भाग हो । दुवैले धार्मिक छलफल गर्नु दुवैजनाको आपसी सल्लाहमा कसैद्वारा मैथुन गराएर सन्तान जन्माउन सहमत हुनु, सहमती अनुसार बालकृष्णको

सहायताबाट राधा गर्भवती हुनु, यस कथाको मध्य भाग रहेको छ । सधैं राधाको बाटो ढुकेर बस्ने बालकृष्णलाई राधाले सावधानीका साथ कडा चेतावनी दिनु, आफ्ना सन्तान नहुनुको कारण खुलस्त पार्नु, समाजको र घरको बाध्यात्मक स्थितिलाई प्रस्तुत गर्नु, सन्तानको वास्तविक बाबु बालकृष्ण भए पनि अनुचित रहस्यालाई सदा छिपाइ राख्ने प्रतिज्ञा गर्न बाध्यता बनाउनु, सारा घटना सुनेर बालकृष्ण मोरेतुल्य हुनु, राधाले भनेका सारा कुराहरूको पालना गर्न सहमती जनाउनु कथाको अन्त्य भाग हो ।

## ४.११. ग) पात्रविधान

प्रस्तुत कथामा डाक्टर , राधा, केशव र बालकृष्ण पात्रका रूपमा आएका छन् । कथालाई अगाडि बढाउन आएका यी पात्रहरूलाई विभिन्न कोणबाट हेरिएको छ । कार्यका आधारमा राधा यस कथाकी मुख्य पात्र हो भने केशव र बालकृष्ण सहायक पात्रका रूपमा आएका छन् । डाक्टर गौण पात्रका रूपमा उपस्थित भएको छ । स्वभावगत आधारमा हेर्दा सबैजसो पात्रहरू गतिशील पात्रका रूपमा आएका छन् । सातवर्षसम्म लोग्नेको आशमा बसेकी राधा लोग्नेसँग सल्लाह गरी सन्तान जन्माउन सक्रिय रहनु, केशवले आफ्नी श्रीमतीलाई अरुद्वारा गर्भवती हुन स्वीकृति दिनु, फेरि कहिल्यै नभेट्नु र डाक्टरले यथार्थलाई नलुकाई बताउनुले सबै पात्रहरू गतिशील रहेको पुष्टि हुन्छ । यस कथामा आएका कुनै पनि पात्रहरू प्रवृत्तिगत रूपमा प्रतिकूल रहेका छैनन् । सबै अनुकूल नै रहेका छन् । जीवनचेतनाका आधारमा हेर्दा सबै पात्रलाई वैयक्तिक पात्रका रूपमा लिन सकिन्छ । राधा शिक्षित र आर्थिक रूपमा सम्पन्न भएकी पात्र हो । आफ्नो लोग्नेबाट सन्तान नभएपछि परपुरुषको ससंर्गबाट आमा बन्न चाहने पात्र हो । केशव पनि शिक्षित र सम्पन्न पात्र हो । आफूबाट सन्तान हुनसक्दैन भन्ने जानेपछि अर्न्तद्वन्द्वमा रुमलिदै राधालाई अन्य परपुरुषसँग सर्म्पक बढाउन स्वीकृति दिइएको छ । बालकृष्ण पनि वैयक्तिक भूमिकामै देखिएको छ , त्ससैगरी डाक्टरले पनि आफ्नो वैयक्तिक चरित्र प्रस्तुत गरेको छ । आसन्नता र आवद्धताका कोणबाट हेर्दा सबै पात्रहरू मञ्चीय र बद्ध पात्रका रूपमा उपस्थित भएका छन् । कुनै पनि पात्रलाई कथाबाट हटाउँदा कथा पूर्ण हुनसक्दैन ।

कथामा आएका सबै पात्रहरूले मञ्चमै आएर भूमिका निर्वाह गरेको हुनाले सबै पात्रहरू मञ्चीय हुन् । राधा स्त्री पात्र हो भने केशव, डाक्टर र बालकृष्ण पुरुष पात्रहरू हुन् ।

समग्रमा हेर्दा यस कथाको केशव सुसिक्षित सम्पन्न र निरीह पात्रका रूपमा चित्रित छ भने राधा सुशिक्षित , सुसम्पन्न , सुन्दरी र बाध्यात्मक नारीका रूपमा चित्रित भएकी छ । बालकृष्ण असफल प्रेमी , काँतर र गोटी पात्रका रूपमा देखिन्छ । डाक्टर आफ्नो धर्म र कर्ममा निष्ठावान पात्रका रूपमा चित्रित छ । कथामा आएका सबै पात्रहरूले कथालाई अगाडि बढाउन महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् । त्यसैले पात्रविधान उपयुक्त खालको छ भन्न सकिन्छ ।

## ४.११. घ) परिवेश

प्रस्तुत कथाको परिवेश सहरिया रहेको छ । कथाको घटना स्थान काठमाडौं. उपत्याका भित्रको कुनै एक स्थान हो, किनभने केशवले त्रिभुवन अन्तर्राष्ट्रिय विमान स्थलको भन्सार विागमा जागिर खाएको प्रसङ्ग कथामा आएको छ । केशवका बाबुआमा दशैं मनाउन सहर आएको प्रसङ्ग पनि छ । गल्ली, सडक, सुत्ने कोठा , डेरा, मामाघर, क्याम्पस, डाँडा-काँढा , ओरालो, उकालो, भीर, पाखा आदि स्थानका रूपमा आएका छन् । कथामा केही मात्रामा ग्रामीण परिवेशको पनि झलक पाउन सकिन्छ । कथाको समयलाई हेर्दा केशव र राधाको विवाह भएको समय सात वर्ष भइसकेको छ । केशव डाक्टर कहाँ सिमेन' परीक्षण गर्न आउँदा जाँदाको समय अन्दाजी चार दिनको रहेको छ । डाक्टरले बच्चा हुँदैन भनेपछि चिन्ताग्रस्त भएर कोठामा बस्नु, राधा आएर सम्झाउनु, धार्मिक छलफल गर्नु  र निर्णयमा पुगेर राधा बालकृष्ण कहाँ जानुसम्मको समय दुई दिनको रहेको छ । राधा दिनहुँ बालकृष्णलाई भेट्न जानु र उसको गर्भाधारणा गर्नु अनि अन्त्यमा बालकृष्णलाई कडा चेतावनी दिएर विदा हुनुसम्मको समय करिब ६ महिना जतिको छ । यसरी यस कथाको जम्मा समयावधि करिब सात वर्ष ६ महिना र ६ दिन रहेको छ । कथाले समेटेको बाह्य परिवेश निकै फराकिलो रहेको छ । बाह्य परिवेशमा आएको

रूढिवादी सामाजिक बन्धनले आन्तरिक परिवेश उद्घाटनमा सहयोग पुऱ्याएको छ । समाजको पर्दा पछाडि रहेर गरिने कार्यको समाजमा टिप्पणी नहुने भएकाले केशव र राधा भित्री रूपमा सन्तान जन्माउन उदत्त भएका छन् । बाह्य रूपमा आएको बहुपति प्रथा, बाध्यात्मक गर्भधारणा जस्ता परिवेशले राधा र केशवलाई प्रेरणा दिएका छन् । व्यापक रूपमा आएको बाह्य परिवेशले राधा, केशव बालकृष्ण र डाक्टरजस्ता पात्रको खुल्ला आन्तरिक परिवेशलाई उद्घाटन गरेको प्रस्ट हुन्छ । यसरी कथाको परिवेश समग्रमा उपयुक्त र सार्थक देखिन्छ ।

## ४.११. ङ) द्वन्द्व

प्रस्तुत कथामा बाह्य द्वन्द्वभन्दा आन्तरिक द्वन्द्वले तीव्र गति लिएको छ । केशव डाक्टर कहाँ जानु, 'सिमेन' परीक्षण गर्न दिनु, त्यसको नतिजा राम्रो निस्के त हुन्थ्यो जस्ता कुराले चिन्ताग्रस्त हुनु, डाक्टरले केशवलाई साँचो कुरा बताउने कि नबताउने भनेर मनमा कुरा खेलाउनु, केशवले बच्चा नहुने सत्य कुरा थाहा पाउनु, पागल जस्तो भएर कोठामा आएर झोक्राउनु, राधाका आँखामा आँसु आउनु जस्ता कुराबाट आन्तरिक द्वन्द्वले उच्च स्थान लिएको प्रस्ट हुन्छ । बाबुआमाले छिटै नातिनातिना हेर्ने इच्छा प्रकट गर्नुले पनि आन्तरिक द्वन्द्व पैदा गर्दछ । राधाले जे उपाय गरेर भए पनि बच्चा पाउनै पर्दछ भन्नु र राधा बालकृष्ण कहाँ जानुमा आन्तरिक द्वन्द्व चरम सीमामा पुगेको छर्लङ्ग हुन्छ । राधाले झर्केर बालकृष्णलाई कडा चेतावनी दिनुमा केही बाह्य द्वन्द्व देखिन्छ । बालकृष्णमा पनि द्वन्द्व चलेको छ, जब राधासित हिडडुल गर्न थाल्छ , कसैले देखे के भन्लान आदि कुराले उसलाई चिन्ताग्रस्त बनाएको छ । आफ्नो सन्तानलाई आफ्नो भन्न नपाउनु जस्ता कुराले पनि बालकृष्णमा आन्तरिक द्वन्द्व पैदा गराएको छ । यसरी यस कथामा सुरुदेखि अन्त्यसम्म आन्तरिक द्वन्द्वको प्रवलता रहेको पाइन्छ । बाह्य द्वन्द्वभन्दा आन्तरिक द्वन्द्वको उच्च स्थान भएको देखिए तापनि विषयवस्तुको क्रममा उचित रूपमा आएको हुनाले दुवै द्वन्द्वको सार्थकता देखिन्छ ।

## ४.११. च) दृष्टिबिन्दु

प्रस्तुत कथामा वर्णनात्मक शैलीमा अगाडि बढेको छ । यस कथामा कथाकारले आफू पर बसेर केशव र राधाको कथालाई भनिरहेको छ । कथाका मुख्य पात्र राधा र केशवकै सेरोफेरोमा कथाले अग्रता लिएको छ । कथाको सुरुवातमै 'सिमेन' परीक्षणको नतिजाबाट द्वन्द्वग्रस्त बनेको र डाक्टरले "केशवजी तपाईको तर्फबाट हजार कोशिश गरे तापनि सन्तान जायजन्म नहुने भयो ।" भनेपछि कथा अगाडि बढेको छ । आफूबाट सन्तान नजन्मने पक्का भएपछि केशवमा देखिएका परिवर्तन, राधाले पोखेका विचार, राधामा देखिएका परिवर्तन र बालकृष्णमा देखिएका द्वन्द्वसँगै कथा अगाडि बढेको छ । कथामा कथाकार वा 'म' पात्र कथामा नआएको हुँदा कथामा आन्तरिक दृष्टिबिन्दु रहेको छैन । कथाको सुरुवात केशवको 'सिमेन' परीक्षणबाट भए पनि अन्त्य चाहि राधाको चेतावनीपूर्ण भनाइसँगै टुङ्गिएको छ । त्यसपछि कथाकारले आफ्नो निर्णायक मत राखे पनि कथा सिद्धिइसकेको हुन्छ , त्यसकारण कथामा बाह्य दृष्टिबिन्दुको प्रयोग भएको छ । एउटा पात्रको मानसिक अवस्था मात्र नकेलाएर सबै पात्रहरूको मानसिक अवस्था केलाउने प्रयास कथामा भएको हुँदा तृतीय पुरुष सर्वदर्शी दृष्टिबिन्दुको प्रयोग रहेको छ ।

## ४.११. छ) कुतूहलता

श्रेष्ठको यस कथामा सुरुदेखि अन्त्यसम्म कुतूहलता रहेको छ । केशव र राधाको विवाह गरेको सात वर्षसम्म जायजन्म नहुँदा किन होला भन्ने उत्सुकता सबै पाठकमा उब्जिन्छ । 'सिमेन' परीक्षणको नतिजा कस्तो आउला , परीक्षण पछि डाक्टरले केशवलाई के भन्ने होला , केशवको स्थिति कस्तो होला , अब राधालाई कसरी बुझाउने , राधाले के गर्छे होला, बूढा भएका बाबुआमालाई कसरी सम्झाउने होला, राधाले जस्तो उपाय गरेर भए पनि बच्चा जन्माउनु पर्छ भन्दा कसरी होला भन्ने जिज्ञासा जाग्दछ । राधाले बालकृष्णको गर्भधारण गर्दा अब समाजले के भन्ने होला, स्वयम बालकृष्णले के गर्छ

होला, राधाले बालकृष्णलाई कडा चेतावनी दिएर विछोड हुँदा अब बालकृष्णको स्थिति के होला भन्ने कुतूहलताले कथा रोचकपूर्ण स्थितिमा पुग्न सफल भएको छ ।

## ४.११. ज) भाषाशैली

लेखक सामाजिक विषयवस्तुमा आधारित रहेर कथा लेख्ने व्यक्ति प्रतिभा भएको कारण उनका कथामा सामान्यतः वर्णनात्मक किसिमको संवृत्त शैली पाइन्छ । प्रस्तुत कथामा पनि लेखकले कथाको घटनाक्रमलाई क्रमिक रूपमा अगाडि बढाएका छन् । कथाको आरम्भ 'सिमेन' परीक्षणबाट सुरु भई त्यसले केशवमा पारेको प्रभाव केशव र राधाले सन्तानको लागि गरेको सल्लाह, त्यसपछि राधाले सन्तानको निम्ति गरेको भूमिका हुँदै कथा अगाडि बढेकाले कथा संवृत्त शैलीमा रहेको पुष्टि हुन्छ । भाषा पात्रको स्तर अनुसार प्रयोग भएको छ । शिक्षित खालका पात्राहरू भएकाले उच्च माध्यम खालको भाषा ज्यादा प्रयोग भएको देखिन्छ । उदाहरणको लागि राधाले भनेका वाक्यहरू यसप्रकार छन्- " मेरो जमिन उर्वरा छ , हराभरा गराउन सकिन्छ । म आमा बन्न सक्छु रे । परन्तु मेरा श्रीमानको सिंचाई गर्ने ताकत छैन, अर्थात बाबु बन्ने शक्ति छैन ।" [५४] वाक्य संरचना केलाउँदा सामान्यतः सरल वाक्यको प्रयोग नै ज्यादा भएको पाइन्छ । सरल वाक्यको प्रयोग र संवृत्त शैलीले गर्दा कथा कतै दुर्बोध्य भएको छैन । शब्द चयन प्रक्रियालाई केलाउँदा तत्सम शब्दका अलवा 'सिमेन' , डाक्टर, सोफा, शो-केस, कारपेट , टी-टेबुल , बुक र्‍याक , मास्टर, डिग्री , बी.ए. पास, क्याम्पस, बोर्डिङ, स्कुल, टाइम , रोमांस आदि अङ्ग्रेजी शब्दहरूको प्रयोग पनि कथामा भएको छ । पात्रको स्तर अनुकूल अङ्ग्रेजी प्रयोगले भाषालाई अझ स्वभाविक बनाउन सहयोग गरेको छ । कथामा च्वास्स, हिस्सी, तोरीको फुलैफूल, जुरुक्क मुटु चिसिनु, झडङ्ग जस्ता उखान र अनुकरण शब्दहरूको प्रयोग सन्दर्भ अनुसार गरिएकाले भाषाशैली अझ मीठो बनेको छ । समग्रमा भन्नुपर्दा संवृत्त भाषा, रैखिक शैलीको प्रयोगले गर्दा कथा सहज संवेद्य बन्न पुगेको छ ।

---

[५४] गोविन्दलाल श्रेष्ठ **दशकथा** सङ्ग्रह (२०४१) पृ. ९ ।

### ४.११. झ) उद्देश्य

प्रस्तुत 'बाध्यता' कथाले सामाजिक समस्यालाई देखाउने प्रयास गरेको छ । दाम्पत्य जीवनमा हरेक सुख सुविधा प्राप्त भएर पनि सन्तान भएन भने मानिस सुखी हुनसक्दैन भन्ने कुरालाई यस कथाले देखाउन खोजेको छ, जब मानिस आफूद्वारा सन्तान नहुने निष्कर्षमा पुग्दछ, त्यतिखेर उसको जीवन कस्तो हुन्छ भन्ने देखाउनु कथाको मूल अभीष्ट रहेको छ । सन्तान सुखको लालसा र समाजको दोषबाट जोगिन मानिस के कस्ता कार्य गर्न बाध्य हुन्छ भनेर देखाउनु यस कथाको मुख्य उद्देश्य हो । सामाजिक रूढिवादी र शारीरिक विज्ञानको शिकार भएका केशव र राधाको आलोकमा रहेर कथाले यस्ता समस्याहरूलाई देखाएको छ । बाध्यतामा परेपछि मानसिले गरेका हरेक क्रियाकलाप पूरा हुन्छन् भन्ने देखाउनु, मानिस जति सुसम्पन्न भए पनि सन्तान सुखविना सन्तोषपूर्ण जीवन बाँच्न सक्दैन भन्ने देखाउन र , पति पत्नीको समझदारीमा जुनसुकै घटनालाई पनि सहजरूपमा समाधान गर्न सकिन्छ भनेर देखाउनु र बाध्यतामा परेर गरिने कार्य अपराध होइन, बरु त्यो पौराणिक कालदेखि हुँदै आएको धर्म नै हो भन्ने कुरा देखाउन खोजिएको छ । यसरी समाजमा देखिने पारिवारिक समस्यालाई उद्घाटन गर्नु यस कथाको उद्देश्य रहेको छ ।

## ४. फुटकर कथाको अध्ययन

### ४.३ गोविन्दलाल श्रेष्ठका दुईवटा **फुटकर** कथाहरूको विश्लेषण

'नयाँ सडक' कथा (२०१७) श्रेष्ठको **फुटकर** कथा हो । रामेश्वरप्रसाद उपाध्यायको प्रकाशनमा प्रकाशित भएको हो । उनको अर्को **फुटकर** कथा 'कुहिरो भित्र' (२०५३) हो र यो राजकीय प्रज्ञाप्रतिष्ठानको प्रकाशनमा प्रकाशित भएको हो ।

**नयाँ सडक** कथाको विश्लेषण

## ४.३ क) विषयवस्तु

'नयाँ सडक' श्रेष्ठको सामाजिक कथा भए पनि राजनैतिकको झल्को पाइन्छ । यो प्रतीकात्मक कथा हो । कथानक विहीन यो कथा वर्णनात्मक शैलीमा रहेको छ । आफ्नो साथीलाई नयाँ सडकमा घुम्न जाऊँ भन्ने आग्रह गरिएको छ । नयँ सडक पहिला जस्तो छैन । नयाँ बनेको छ । आधुनिकताले केटाकेटी छुट्याउन नसकिने भएको छ ।  सबैलाई आफ्नै मनका पीर व्याथा छ भन्ने कुरालाई कथाले व्यक्त गरेको छ । फिलिम हेर्ने मान्छे, जागिर खोज्ने मान्छे, रमाइलो गर्ने मान्छे, आफन्त भेट्ने मान्छे, काम खोज्ने मान्छेले भीड लागेको नयाँ सडक सर्वगुण सम्पन्न काठमाडौंको मुटु हो । यहाँ नपाइने कुरा केही छैन । जे देख्न र सिक्न पनि पाइन्छ । सबैलाई हतार छ भन्ने कुरा व्यक्त गरेको यस कथाको शीर्षक 'नयाँ सडक' भनेको नयाँ जमना हो । यहाँ कसैको इच्छा पूरा भएको छैन । सबै आफ्नै संसारमा छन् । कसैलाई कसैको ममता दया र स्नेह छैन । केटाकेटीको पहिरनमा नयाँपन आएको छ । तीव्र जनसंख्या वृद्धिले अनेक समस्या निकालेको छ । शीर्षक नै प्रतीकात्मक बनेको यस कथाको विषयवस्तु भनेको आधुनिक संसारको परिवर्तन र आवश्यकतालाई देखाउनु रहेको छ ।

## ४.३. ख) कथानक

प्रस्तुत कथामा आदि, मध्य र अन्त्यको कथानकता पाइँदैन । यसमा केवल आफ्नो साथीलाई नेपथ्यमा राखेर आफ्नै तरिकाले नयाँ सडकको बयान गरेको हुनाले यस कथामा कथानकता नभएको स्पष्ट हुन्छ ।  लेखकले आफू एक्लै फत्फताइरहेको छ ।

## ४.३. ग) पात्रविधान

प्रस्तुत कथामा म, ऊ, ठिटाठिटी, केटाकेटी, महिला आदि पात्रका रूपमा उपस्थित भएका छन् । सम्पूर्ण पात्रहरूले मध्यम वर्गीय सहरी समाजको प्रतिनिधित्व गरेका छन् । कार्यका आधारमा यस कथाको प्रमुख पात्र 'म' हो भने सहायक पात्र 'ऊ' हो । अन्य

पात्रहरू गौण रूपमा देखिन्छन् । प्रवृत्तिगत रूपमा हेर्दा कथामा प्रयुक्त सबै पात्रहरू अनुकूल रहेका छन् । स्वभावका आधारमा हेर्दा 'म' र 'ऊ' पात्रलगायत सबै गतिशील देखिन्छन् , किनभने यिनीहरूले जमनाको मागअनुसार आफूलाई पनि परिवर्तन गरेर हिडेका देखिन्छन् । जीवनचेतनाका दृष्टिले हेर्दा ठिटाठिटी र महिला वर्गीय पात्रहरू हुन् भने अन्य व्यक्ति पात्रहरू हुन् । आसन्नताका दृष्टिबाट 'म' र 'ऊ' पात्र मञ्चीय र बद्ध पात्रका रूपमा देखिएका छन् भने अन्य सबै नेपथ्य र मुक्त पात्रहरू हुन् ।

सगम्रमा हेर्दा कथामा 'म' पात्र नयाँ सडकमा युवायुवती मिलेर हिडेको, गफ गरेको, पत्रिका पढेको आफ्नै संसारमा रमाएको स्थितिलाई देखेर दङ्ग परेको छ । उसमा मानवीय पुरातन सोचाइ रहेको प्रस्ट देखिन्छ । उसको अर्को साथी छ । ऊ पनि पुराना जमानाको सोचाइ भएको व्यक्ति हो किनकि 'म' पात्रले उसलाई नयाँ सडक भनेको जुद्धशमशेरको पालाको नभएर नयाँ चिन्तन, नयाँ सोचाइ आइसकेको र तडकभडकको अवस्था भएको हुनाले हेर्न र बुझ्न जाऊँ भन्ने अनुरोधबाट कुरा स्पष्ट हुन्छ । यसरी यी दुवै पुराना सोच र विचार भएका तत्कालीन परिस्थितिलाई प्रतिनिधित्व गर्ने पात्रका रूपमा चित्रित छन् । युवायुवती र महिला नयाँ सोच र चिन्तन लिएर हिड्ने आधुनिकतालाई प्रतिनिधित्व गर्ने पात्रका रूपमा चित्रित छन् । अन्य सबैले आ-आफ्नै ठाउँबाट कथालाई अगाडि बढाउन महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् । यसरी कथामा प्रयुक्त पात्र विधान उपयुक्त नै देखिन्छ ।

## ४.३ घ) परिवेश

प्रस्तुत कथामा काठमाडौंको 'नयाँ सडक', भूगोलपार्क, सिनेमाहल, महिला सङ्घको अफिस, स्वस्तिक स्टोर , लक्ष्मी हाउस, घरको पेटी, टुडिँखेल, बसन्तपुर, नेपाल-भारत सांस्कृतिक केन्द्र, अमेरिकन लाईब्रेरी , ब्रिटिस रिडिङ रूपम, इन्द्रचोक, होटल आदिलाई स्थानगत परिवेशका रूपमा लिइएको छ । समयगत रूपमा कथामा जम्मा तीन घण्टा जतिको रहेको छ । अनेक दु:ख कष्ट र इच्छालाई लिएर हिडेका व्यक्तिहरूको परिवेश

लिइएको छ । एकले अर्कालाई घुच्याउँदै हिड्ने नयाँ सडकको परिवेशले वर्तमान समाजका इच्छा आकाङ्क्षा र नवीन चाहनाको परिवेशलाई कथाले सरल रूपले प्रस्तुत गरेको छ । कथागत वातावरणलाई हेर्दा दिउँसो पाँच बजेको समयमा न्यूरोड घुम्न गएको हुनाले बेलुकी पखको सितलो परिवेशलाई ओगटेको अनुकूल अवस्था देखिन्छ ।

## ४.३ ङ) द्वन्द्व

प्रस्तुत कथामा आन्तरिक द्वन्द्व झिनो रूपमा देखापरेको छ । 'म' पात्रले जुद्धशमशेरको समय र अहिलेको समयमा धेरै फरक आइसकेको कुरा व्यक्त गर्नुले उसमा जुद्ध शमशेरले गरेका नकारात्मक कामहरूप्रति कुण्ठा उत्पन्न भएकाले आन्तरिक द्वन्द्वको छनक पाउन सकिन्छ । त्यस्तैगरी शुक्रराज, धर्मभक्त, गंगालाल दशरथ चन्दलाई फाँसी दिने जुद्धशम्शेर मुसुक्क हाँसेर बसेको छ भन्नुले पनि उसमा आन्तरिक रूपमा तनाव उत्पन्न भएको बुझिन्छ । न्यूरोडमा हिँड्दा 'म' पात्रको कुमलाई केटीको छातीले घुच्याउँदै हिड्नु, केटाकेटलि सँगै बसेर मस्केर कुरा गर्नु, छिः छिः के कुरा गरेको होला भन्नु, कस्तो कस्तो कपडा लगाएका कस्ताकस्ता आईमाई देखिन्छन् भन्नु र कति उत्ताउली आईमाई हो भन्नुले पनि 'म' पात्रमा घृणा पैदा भई आफ्नो मान मर्यादा, संस्कृति जस्ता कुराहरू लोप हुने भए भन्ने विषयमा चिन्ता उत्पन्न भएको देखिएकाले आन्तरिक द्वन्द्व झल्किन्छ ।

## ४.३. च) दृष्टिबिन्दु

प्रस्तुत कथामा आन्तरिक प्रथम पुरुष दृष्टिबिन्दु रहेको छ । कथाको भोग्य पात्र स्वयम् कथाकार भएको हुनाले मान्छेका चाहना, आकाङ्क्षाको प्रत्यक्ष वर्णन गरेको छ । यसरी 'म' पात्रकै दृष्टिबाट सम्पूर्ण कथा अगाडि वढेको छ । कथामा प्रवाहित सम्पूर्ण भाव वा विचारहरू 'म' पात्रकै माध्यमद्वारा व्यक्त गरिएकोले कथामा आन्तरिक दृष्टिबिन्दु प्रयोग भएको प्रस्ट हुन्छ ।

## ४.३ छ) कुतूहलता

तपाईं त पुरानो जमनाको मान्छे अहिलेको नयाँ सडक हेर्न जानु भएकै छैन भन्दा त्यहाँ त्यस्तो अनौठो चीज के रहेछ भन्ने जिज्ञासा उठ्दछ । नयाँ सडक सर्वगुण सम्पन्न छ भन्दा अहो कस्तो अद्भूत होला भन्ने कुतूहलता पैदा हुन्छ । युवायुवतीसँगै कुरा गरेर हिडेका हेरन लोग्ने स्वास्नी होलानकि केहोलान् भन्नु, प्रजातन्त्र आइसकेको र सिनेमाहल खुली सकेको हुनाले त्यहाँ के-कस्ता चलचित्र हेर्न पाइन्छ होला, कति रूपैया तिर्नुपर्ने होला, दुवैजनाको पहिरन र कपाल उस्तै छ कुन केटो हो कुन केटी चिन्नै नसक्नु, एकले अर्कालाई घच्याउँदै हिड्नु, कसैले कसैलाई नटेर्नु, कसैको वास्तै नगरी आफ्नै संसारमा रमाउनु, यो के जमाना आयो भन्नु, स्वस्तिक स्टोर र लक्ष्मी हाउस पस्न पाए अर्को मज्जा आउँथ्यो भन्दा कस्तो मज्जा होला, त्यहाँ त्यस्तो के रहेछ र भन्ने उत्सुकता उत्पन्न हुन्छ । छिः छिः त्यसको कपडा हेरन लाज नभएका आईमाईहरू भन्दा कस्तो पहिरन होला भन्ने कुहुहलता पैदा हुन्छ । यसरी यो कथा कुतूहलतापूर्ण छ भन्न सकिन्छ ।

## ४.३ ज) भाषाशैली

प्रस्तुत कथा आयमका दृष्टिले छोटो छ । यथार्थपरक विषयवस्तुलाई कथात्मक रूप प्रदान गरिएको उपर्युक्त कथामा सरल सहज किसिमको भाषा प्रयोग भएको छ । वर्णनात्मक तथा एकालापको प्रस्तुतीद्वारा कथाले पूर्णता पाएको छ । श्रेष्ठको भाषामा नेवारीपन झल्केको पाइन्छ । जस्तै- 'अनेक अनेक अखबार निस्की सक्यो ।", "यी सबै फेसन प्रदर्शन गर्न आएको होला, त्यसो नभए किन घरी यताउती गरेर घुमी रहन्थ्यो र !'[५५] जस्ता वाक्यांशले प्रस्ट पारेको छ । सिनेमा, फेसन, ब्रिटिस रिडिङ रूपम अमेरिकन लाईब्रेरी जस्ता अङ्ग्रेजी शब्दहरूको प्रयोग भएको पाइन्छ ।' 'खाइसार कि लाईसार मरेपछि लमपसार' जस्ता उखानको प्रयोगले भाषामा मिठास थपेको छ । संक्षिप्त

---

[५५] गोविन्दलाल श्रेष्ठ **नयाँ सडक** (२०१७) पृ. ८१-८२ .

वाक्यांशको प्रयोग भएको यस कथामा नयाँ सडकरूपी वर्तमान मानवको जल्दाबल्दा समस्याहरूलाई यथार्थ रूपमा प्रस्तुत गरिएको हुनाले कथा रोचकपूर्ण बन्न गएको छ ।

**४.३ झ) उद्देश्य**

प्रस्तुत कथामा आधुनिकताको नाममा मान्छेमा विकृति र विसङ्गति बढेको यथार्थ स्थितिलाई देखाउनु मूल उद्देश्य रहेको छ । समयानुसार मान्छेमा परिवर्तन आउनु राम्रो हो , तर आफ्नो संस्कृतिलाई लत्याएर पश्चिमी संस्कृतिलाई अङ्गाल्नु भनेको राष्ट्रियता नहुनु हो । नवीनतातर्फ ढल्किएका आजका मान्छेहरूमा दयामाया मानमर्यादा , कर्तव्य जस्ता कुरालाई चटक्क विर्सने जुन बानी बसेको छ त्यस्ता अमानवीय प्रवृत्तिलाई तुरुन्तै त्याग्नुपर्छ भन्ने सन्देश दिन खोजिएको छ ।

**कुहिरोभित्र** कथाको विश्लेषण

**४.४. क) विषयवस्तु**

यस कथामा सामाजिक विषयवस्तु रहेको छ । चुत्रे र देउरालीको विषयमा झगडा चर्किए पनि पँधेर्नीले विवाह हुने हल्ला फिजाउँछन् । सेते र जुनेलीको विवाह हुन्छ । गाउँ गाउँका बीच विवाहले नयाँ सम्बन्ध गासिन्छ । उजेली भेनासँगको जिस्काइमा रमाउन थाल्छे । दिदीले छोरा पाउँदा आधा हिउँद उतै दिदीको घरमा बिताउँछे । वर्षाद गएको पनि पत्तै पाउँदिन । विस्तारै मनभित्र सालीले भेनासँगको अनेक कल्पना गर्दछे । राती सुत्दा सपनामा माला उन्छे र लगाउने मान्छे भेट्टाउदिन । मनका सारा इच्छाहरू कुहिरोरूपी अन्धकार भएर मनमनै रहन्छन् । बिहान हुन्छ । मनसुन फेरिन्छ । कुहिरो र धुवाँ उड्छ । दुवै जना हिँड्छन् । गाउँमा छैनन् चाडपर्वमा मात्र उनीहरूलाई सम्झन्छन् भन्ने कुराहरूलाई मूल विषय बनाएर कथा लेखिएको छ । यसरी समाजमा घट्ने घटनालाई मुख्य विषय बनाएर लेखिएको यो कथा ग्रामीण समाजमा हुने गरेको जल्दाबल्दा समस्याहरूलाई प्रस्तुत गरिएको छ ।

## ४.४. ख) कथानक

प्रस्तुत कथामा घटनाक्रमहरू क्रमिक रूपमा विकास भएकाले कथा रैखिक ढाँचामा संरचित छ । 'चुत्रे र देउरालीको घुम्तेको वन विषयमा निकै झगडा चर्किंदै गयो' बाट आरम्भ भएर 'कहिलेकाहीँ यिनीहरूको चर्चा हुन्छ भने पनि जात्रा मेला, पर्वमा मात्रै भन्ने वाक्य' मा पुगेर कथा टुङ्गिएको छ । कथालाई आदि, मध्य र अन्त्यका दृष्टिबाट हेर्न सकिन्छ । कथामा वनको विषयलाई लिएर चुत्रे र देउरालीको झगडा हुनु, आपसमा बेमेलको भावना सिर्जना भएर बोलचाल नहुनु, सेते र जुनेलीका बीचमा मायाप्रेम बस्नु, विवाहको कुरा चल्नु, पधेंर्नीहरूले कुरा काट्नु , मुखिया र दले सुवेदारका बीचमा मेलमिलाप हुनु, विवाहको निर्णय गर्नु , जन्ती लिएर आउनु, केटी पक्षकाले राम्रो सत्कार गर्नु र दुलहीलाई अनमाउनु कथाको आदि भाग हो । सेते र जुनेली ससुराली कहाँ आउनु, उजेलीले राम्रो सम्मान गर्नु, केही दिन बसेर उनीहरू आफ्नो घरमा फर्किनु, उजेलीलाई नरमाइलो लाग्न, केही समयपछि दिदी माइत आउँदा उजेली पनि सँगै जानु, भेनालाई देखेपछि मन हलुङ्गो हुनु, उजेली घर फर्किदा भेनालाई पनि आउँदै गर्नुस न भन्नु, दिदीले छोरा पाउनु, ससुरालीतर्फका सबैलाई निम्तो पठाउनु, निम्तो मान्न गएकी उजेली वर्ष दिनसम्म दिदीकै घरमा बसीरहनु, दिदीलाई बहिनीको चालामाला मन नपर्नु, उजेलीले सपनामा माला उन्नु , विवाह भएको देख्नु, दुलाहा हुने व्यक्ति कुन हो नचिन्नु, भेनाले उजेली तिमी पन्छिएर बस्ने गर भन्नु, घरमा दिदी हुँदाहुँदै तिमी त्यसै पछि लागेर आएकी भनेर लोकले कुरा गर्लान भन्ने वाक्यहरू उजेलीका कानमा गुन्जिरहनु कथाको मध्य भाग हो । उजेलीले सपनामै भेनालाई आफ्नो नजिक उभिएको देख्नु, ठूलो स्वरले उजेली कराउनु र ब्यूँझनु फेरि तन्द्रमा पर्नु, पहिलाकै झै कराउनु, पल्लो कोठामा सुतेको भेनाले सुन्नु, भेनाले के अचम्म भयो भन्नु र गोठतिर जानु, उज्यालो भइसकेकाले चराहरू कराउनु, पछि भेनालाई देख्दा सपनामा कराएको सुनेकी भनेर लाजमान्नु र घोप्टो मुन्टो लगाउनु कथाको अन्त्य भाग हो ।

## ४.४ ग) पात्रविधान

प्रस्तुत कथामा सेते, जुनेली, उजेली, सुबेदार, माने मुखिया, पधेर्नी , चुत्रेका गाउँलेहरू र देउरालीका गाउँलेहरू पात्रका रूपमा आएका छन् । कार्यका आधारमा हेर्दा सेते र उजेली प्रमुख पात्रका रूपमा आएका छन् । जुनेली सहायक पात्रका रूपमा उपस्थित भएकी छ । अन्य पात्रहरू गौण पात्रका रूपमा देखिन्छन् । प्रवृत्तिगत आधारमा हेर्दा सेते, जुनेली र उजेली कथानकमा सकारात्मक भूमिका खेलेको हुनाले अनुकूल पात्रका रूपमा चित्रित छन् । अन्य पात्रहरू सुरुमा प्रतिकूलजस्ता देखिए तापनि पछि समाजदारीमा आएकाले अनुकूल नै देखिएको प्रस्ट हुन्छ । स्वभावगत रूपमा हेर्दा सेते, उजेली, सुबेदार, माने मुखिया गतिशील पात्रहरू हुन भने जुनेली परिस्थिति अनुसार आफ्नो स्वभावमा परिवर्तन नगरेको हुनाले स्थिर पात्र हो । जीवनचेतनाका दृष्टिले हेर्दा सेते र उजेली वर्गीय पात्रका रूपमा चिनिन्छन् भने जुनेली व्यक्ति पात्र हो । आसन्नताका रूपमा सेते, उजेली, जुनेली, माने मुखिया र सुवेदार मञ्चीय र बद्ध पात्रहरू हुन् भने अन्य सबै पात्रहरू नेपथ्य र मुक्त हुन् । कथामा उजेली र जुनेली स्त्री पात्रहरू हुन् भने अन्य र सबै पात्रहरू पुरुष हुन् ।

समग्रमा प्रस्तुत कथामा सेते र उजेली युवावर्गको प्रतिनिधित्व गर्ने गाउँले, अशिक्षित पात्रका रूपमा चित्रित भएका छन् । जुनेली गाउँले सोझी, अशिक्षित, प्रतिब्रता, निरीह पात्रका रूपमा देखिएकी छ । माने मुखिया र सुबेदार गाउँका ठूलाठालु, हैकमवादी शासन चलाउन खोज्ने सामन्ती प्रवृत्तिका रूपमा उभिएका छन् । अन्य पात्रहरूले कथालाई अग्रगति दिन महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् । त्यसैले पात्रविधान उपयुक्त खालको देखिन्छ ।

## ४.४. घ) परिवेश

प्रस्तुत कथामा गाउँको परिवेशलाई लिइएको छ । स्थानगत रूपमा देउराली, चुत्रे, वन, मेलापर्व, आँगन, बाटो, पानीघाट , गौचरन, डाँडाकाँढा, पल्लो घरको कौसी, माइत, ससुराली आदिलाई कथाले परिवेशका रूपमा समेटेको छ । समयको परिवेशमा कथाले जम्मा सालाखाला तीनवर्षको समयावधि लिएको छ । चुत्रे र देउरालीको झगडा हुनु, सेते

र जुनेलीको प्रेम बस्नु, विवाहको कुरा चल्नु , पधेर्नीले कुरा काट्नु, सुबेदार र माने मुखियाको मेलमिलाप हुनु, विवाह छिन्नुसम्मको समय करिब एक वर्षको रहेको छ । जुनेली र सेतेको विवाह भएपछि माइत आउनु, उजेली दिदीको घरमा जानु, एक वर्षसम्म चल्यो । जुनेलीले छोरा पाएपछि सेतेले ससुरालीतर्फका सबैलाई निम्तो पठायो । निम्तो मान्न गएकी उजेली सिङ्गै हिउँद, वर्षा भेनाकै घरमा बिताउनुले अन्दाजी एक वर्षको समय लिएको छ । यसरी यस कथाको समयावधि जम्मा तीन वर्षको रहेको छ भन्न सकिन्छ । कथाको परिस्थितिलाई हेर्दा सुरुमा केही प्रतिकूल जस्तो देखिए तापनि पछि मेलमिलापको वातावरण सिर्जना गरी वैवाहिक सम्बन्ध गाँसेको हुँदा अनुकूल अवस्था रहेको प्रस्ट हुन्छ । कथाको वातावरणलाई हेर्दा जाडो , गर्मी, हिउँद, वर्षाद , बाह्रै मासलाई परिवेशका रूपमा ओगटेको देखिन्छ ।

### ४.४. ङ) द्वन्द्व

प्रस्तुत कथामा बाह्य द्वन्द्वभन्दा आन्तरिक द्वन्द्वले तीव्र गति लिएको छ । चुत्रे र देउरालीको झगडा भयो भन्दा बाह्य द्वन्द्वको केही झलक पाइन्छ । वास्तवमा कथामा आन्तरिक द्वन्द्वले सुरुदेखि अन्त्यसम्म भूमिका खेलेको प्रष्ट देखिन्छ । सेते र जुनेलीको प्रेम त बस्यो , तर दुवैजनालाई आफ्ना बाबुआमाहरूले सहज रूपमा स्वीकार गर्छन कि गर्दैनन् भन्ने कुरामा आन्तरिक द्वन्द्व चलेको छ । मुखिया र सुवेदार कसरी मेलमिलाप गरेर छोराछोरीको विवाह गर्दा रहेछन् भनेर गाउँलेले कुरा काट्नु, विवाह पश्चात उजेलीको मनमा भेनालाई भेट्न आतुर हुनु, मनमा कुरा खेलाउनु, भेनाको घरमा जानु र भेनाकै घरमा बस्नु, राति सपनामा विवाह भएको देख्नु, माला उन्नु, भेनालाई नजिक उभिएको देख्नु, निद्रामा कराउनु, बिहान भेनालाई देख्दा रातिको कुरा सम्झेर लाज मान्नुले पनि उजेलीमा आन्तरिक द्वन्द्वले तीव्ररूप लिएको देखिन्छ । दिदीले बहिनी र लोग्नेप्रति शङ्काको दृष्टिले हेर्नुमा पनि आन्तरिक द्वन्द्व देखिन्छ । भेनाले साली कराएको सुनेर के अचम्म हो भन्नु, गोठतिर जानु आदि कुराले आन्तरिक द्वन्द्व भएको प्रस्ट हुन्छ ।

## ४.४. च) दृष्टिबिन्दु

प्रस्तुत कथामा तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग भएको छ । लेखक आफू परै बसेर सेते र उजेलीलाई केन्द्रबिन्दु बनाएर कथा भनिरहेको छ । त्यसैले प्रस्तुत कथाको दृष्टिबिन्दु तृतीय पुरुष परिधीय रहेको छ । सेते र उजेली कथाका प्रमुख पात्र भएकाले उनीहरूको विषय र घटनालाई लिएर कथाकार आफू कतै उपस्थित नभई दुवैको समान रूपले व्याख्या गरेको छ । यसरी सम्पूर्ण भाव र विचारहरू तृतीय पुरुष पात्रका माध्यमबाट प्रवाहित भएको हुनाले उपर्युक्त कथाको दृष्टिबिन्दु तृतीय पुरुष रहेको प्रस्ट हुन्छ ।

## ४.४. छ) कुतूहलता

यस कथामा सुरुदेखि अन्त्यसम्म कुतूहलता रहेको छ । चुत्रे र देउरालीको झगडा भन्ने वित्तिकै के कस्तो किन झगडा भएको होला भन्ने जिज्ञासा उठ्दछ । सेते र जुनेलीको प्रेम सफल होला कि नहोला , सुबेदार र मुखियाको मेल होला कि नहोला, गाउँलेहरूले विवाह हुन दिन्छन् कि दिदैनन् भन्ने उत्सुकता जाग्दछ । मेलमिलाप भएर विवाह सम्पन्न भएपछि उजेलीले भेनालाई देख्ने तीव्र इच्छा हुनु दिदी आउँदा उनीसँग उजेली पनि जानु , भेनासँग नजिक भएर हिड्नु, बोल्नु र काम गर्नसँगै जानु, दिदीलाई शङ्का लाग्नुले अब के होला, उजेलीले दिदीको घर छोडेर जान्छेकी जान्न होला, घरछिमेकले के भन्ने होलान् , स्वयम भेनाले दोस्रो विवाहको रूपमा स्वीकार गर्लाकि नगर्ला जस्ता रोचक कुराहरूले कुतूहलता सिर्जना गरेर कथालाई चरम सीमामा पुऱ्याएको छ ।

## ४.४. ज) भाषाशैली

प्रस्तुत कथामा प्रयुक्त भाषा सरल र सहज किसिमको छ । कथा वर्णनात्मक रूपमा अगाडि बढेको छ । ग्रामीण परिवेशमा घट्न सक्ने घटनाक्रमलाई कथावस्तु बनाइएको यस कथामा संवृत्त र वर्णनात्मक शैलीका माध्यमद्वारा कथाले पूर्णता पाएको छ । कथामा स्वभाविक रूपमा आएका ज्याकेट, शर्ट पाइन्ट, बुट, हाफ पाइन्ट आदि

आगन्तुक शब्दहरू रहेका छन् । जनमानसमा बोलिने बोलीको प्रयोग पनि प्रशस्त भएको देखिन्छ । जस्तै - सोलीडोली ठूलाठालू, लडाउने भिडाउने, रसबस हरिलो भरिलो वरपर आदि । अतिथि , सत्कार, बत्ती, आकाश, संस्कृति, जात्रा, मेला, गोठ आदि तत्सम शब्दहरू र भ्याइ भ्याइँ , सुँक्क सुक्क , पिलपिल, ढकमक्क म्याँम्याँ जस्ता अनुकरणात्मक शब्दहरूको प्रयोग प्रशस्तै भएको पाइन्छ । यसरी कथामा पात्रानुकूलको भाषा प्रयोग भएको हुनाले कथा सरल र संवेद्य बन्न पुगेको प्रष्ट हुन्छ ।

### ४.४. झ) उद्देश्य

यस कथाको मूल उद्देश्य समाजमा कलझगडा भए पनि समय परिस्थिति अनुसार मेलमिलाप गरेर आफ्नो धर्म र कर्मको दायित्वलाई पूरा गर्नु नै परम कर्तव्य हो भन्ने कुरालाई सङ्केत गरेको छ । मानिसमा नैतिक चरित्र भएन भने घरपरिवार, समाज सबैतिर अन्योलताको स्थिति सिर्जना हुनका साथै जीवनमा ठूलो दुर्घटना निम्त्याउन सक्छ भन्ने कुरालाई पारदर्शी तरिकाले देखाउन खोजिएको छ ।

## ४.४ कथा, निबन्ध र संस्मरणात्मक लेखको समीक्षात्मक विश्लेषण

कथाको वर्गीकरण अनुसार श्रेष्ठले कथा लेखनमा सामाजिक क्षेत्रलाई र राजनीति क्षेत्रलाई अङ्गालेर लेखेको पाइन्छ । उनका सामाजिक कथाअन्तर्गत तेह्रवटा पर्दछन र राजनीतिकतर्फका कथाहरू दुईवटा मात्र छन् । यिनका सामाजिक कथाभित्र पनि यौनमनोवैज्ञानिकता झल्केको पाइन्छ । उनले ग्रामीण र सहरी परिवेशलाई लिएर कथाहरू लेखका छन् । पुरुष तथा नारी पात्रकै केन्द्रीयतामा धेरैजसो कथाहरू अगाडि बढेका छन् । साहित्य नै समाजको गहना हो भन्ने गोविन्दलाल श्रेष्ठले नेपाली कथा र साहित्यलाई झकमक्याई यसलाई जनजीवनको नजिक ल्याउन प्रयत्न गरेको देखिन्छ । नेपालका विभिन्न गाउँ, त्यहाँका वासिन्दाहरूको समस्या, हाँसो , रोदन, क्रन्दन र जीवनका विभिन्न उकालो ओरालोहरूसँग परिचित भएका श्रेष्ठका कथाका सामग्री प्राण र प्रेरणा नै नेपालका डाँडाकाँडातिरको भ्रमण हो । सामाजिक वातावरणमा घुलनमलिन भएका श्रेष्ठका कथाको आधार सामाजिक नै हो । समाजका प्रत्येक घटना दुर्घटना तथा व्यक्ति र

व्यक्तिका प्रवृत्तिलाई कथामा चित्रण गरेर कथाकारले पाठकवर्गलाई आफ्नो कथा क्षमताको परिचय दिएका छन् । श्रेष्ठले आफ्ना कथाहरूमा पात्रहरूलाई प्रायः कारुणिक र सङ्घर्षशील विन्दुमा लगेर छाडिदिएका छन् त्यसैले समाजको गिर्दो अवस्थाकै चित्रणलाई कथाकारले इमान्दारीताका साथ उतारेका छन् । नेपाली समाजका पीडित शोषित अनि विवश नारीका कारुणिक आवजहरू नै श्रेष्ठका कथामा अङ्कित भएको पाइन्छ । समाजमा बस्ने व्यक्तिहरूको चारित्रिक कमजोरी र विकृति अवस्थाको चित्रण गर्न कथाकार श्रेष्ठ सक्रिय देखिन्छन् । जनसाधारणमा व्याप्त मिथ्या धारणा अन्धविश्वास संस्कारगत सङ्कुचित विचार आदिलाई पनि कथामा समावेश गरेर तिनलाई उनले नाङ्गो रूपमा प्रस्तुत गरेका छन् । श्रेष्ठका कथाहरू ग्रामीण समाज र सहरी परिवेशतिर नै केन्द्रित छन् । यिनका कथाहरूमा बहुविवाह, अनमेल विवाह, अतृप्ति यौन, यौनशोषण, मानसिक द्वन्द्व कुण्ठा वा विकृतिहरूको उद्घाटन, गरिबी, असन्तोष र बाध्यताको जाँतोमुनि पिधिएर कसरी समाजका सोचनीय वर्गले जीवन बिताइरहेका छन् भन्ने कुरालाई प्रष्ट पारिएको छ ।

'बाध्यता' कथाको माध्यमद्वारा श्रेष्ठले परिवारमा सन्तान नहुँदा उत्पन्न हुने सङ्कट र त्यसलाई समाधान गर्नुपर्ने बाध्यताको बारेमा प्रस्ट पारेका छन् । यस कथामा नारीले लोग्नेको जतिसुकै माया पाए पनि सन्तान छैन भने उसका इच्छाहरू अधुरा हुन्छन् भन्ने कुरा देखाउन खोजिएको छ । श्रीमानमा प्रजनन् शक्ति नभएपछि परपुरुषको संसर्गबाट भए पनि मातृत्वको रक्षा गर्नुपर्छ भन्दै निःसन्तान भन्ने दोषबाट मुक्ति पाउन र सम्पत्तिको उत्तराधिकारी बनाउनका लागि राधाले बालकृष्णसँग अनुचित सम्बन्ध राख्न अघिसरेकी छ । श्रेष्ठले परम्पराको सीमित घेरालाई तोडेर नारीमा नवीन सोचको जागरण हुनुपर्ने कुरामा सङ्केत गरेका छन् । उनले सामाजिक कुरीतिप्रति असन्तोष व्यक्त गर्दछन् । उनी विशेष गरी प्रेम विवाह र आमाबाबुहरूका बीचको अन्तरलाई चित्रण गर्न बढी सफल देखिन्छन् । नवयुवक र युवतीहरू आफ्नो जीवन साथीलाई निर्भिक भएर चुन्ने बेलामा बाबुआमाका सङ्कीर्ण विचारहरू नै तगारो भएर प्रतिबन्ध लगाउन आइपुग्छन् । यस

विचारधारमा श्रेष्ठले विद्रोह गर्दछन् । 'चुरोट' कथामा गोठे र सेतीका चरित्रले गाउँलेका सामान्य जीवन र स्वभावलाई परिचय दिन्छ । लाहुरे जीवनलाई सर्वाधिक महत्व दिदै यसैबाट नै आफ्ना कामना फलीभूत भएको देख्न चाहन्छन् । यही हाम्रो सामाजिक विश्वास हो त्यसैले सेतीजस्ता गाउँका सरल नारी गोठेको पहिलाको सामान्य जीवनमा प्रभावित नभई त्यसैलाई लाहुरेका रूपमा पाउँदा आफ्नो मनस्थितिलाई कसरी समर्पण गर्दछन् भन्ने तथ्यलाई चुरोट कथाले छर्लङ्ग पारेको छ । विषयवस्तुका दृष्टिले यो कथा सफल छ । उनको 'मेरो शेरवानी कोट' व्यङ्ग्यात्मक सफल कथा हो । बाहिरी फेसन र आवरणको आधारमा मानिसको प्रतिभा र मूल्यलाई तौलिने सामन्ती विचारधारलाई यसले तीक्ष्ण व्यङ्ग्य गरेको छ । 'लोग्नेलाई के भन्ने ?' कथाले हाम्रो अविकसित मुलुक र अर्धशिक्षित परिवारका दुई अर्धचेतन लोग्ने र स्वास्नीका बीच हुनसक्ने सङ्घर्षलाई उद्घाटन गरिएको छ । अन्धो परम्पराको भुमरीमा परेर नारीले आफ्नो जन्मसिद्ध हक अधिकारलाई लत्याएर घरपरिवार र समाजको सङ्कीर्ण विचारलाई सर्वोपरि मानी आफू सुम्पिन बाध्य हुनुपर्ने कुरा 'घोषित स्वयम्बर' कथाले प्रष्ट पारिदिएको छ । 'तक्मा' कथामा मानसिक विकारलाई कोट्याउने प्रयत्न भएको छ । यो पूर्ण सफल होइन कि केही आभास मात्रै पाइन्छ । 'कुहिरोभित्र' कथाले समाजमा भएका विकृति र विसङ्गतिप्रति सचेत पार्दै समाजमा मेलमिलाप र सौहार्दपूर्ण वातावरणको सिर्जना गरी अगाडि बढ्न सकेमा सबैको कल्याण हुन्छ भन्ने सन्देश दिन खोजिएको छ । 'भैसी ब्यायो ' कथाले बहुविवाह र अनमेल विवाहले हुने वैमनुष्यता, मानसिक अर्न्तद्वन्द्वका साथै घरपरिवारमा हुने मनमुटाव र समाजमा देखिने विकृतिलाई सङ्केत गरेको छ । अनमेल विवाहका कारण यौन कुण्ठाले व्याप्त बन्न पुगेकी मनमायाले भैंसीलाई नै सौतासरह ठान्नु, लोग्ने शारीरिक रूपमा असक्षम हुनु, गोठालालाई देखेर अनेक कल्पनामा डुब्बु जस्ता कुराले तत्कालीन समाजमा जरो गाडेर बसेको सामन्ती प्रवृत्तिको बहुपत्नी प्रथा र बालविवाहलाई यस कथाका माध्यमबाट श्रेष्ठले समाजको आँखा उघार्ने काम गरेका छन् । श्रेष्ठको **अधुरो सपना** जसको नामबाट सङ्ग्रहको नामकरण गरिएको छ । शीर्षक अनुरूप कथाको निर्वाह हुन सकेको छैन । प्रदीप र सरिता दुवैको चाहना एउटै केन्द्रविन्दुमा पुगिसकेपछि पनि आफ्ना

सपना पूरा गर्नलाई बाटो रोकिसकिएको छैन । यसमा अझै उनीहरू सङ्घर्ष गर्दै आफ्नो चाहना पूरा गर्न  सक्छन् । 'प्रेम मिलन' कथाकी शशीकला आफ्नो त्यस्तो कठिन परिस्थितिमा पनि सङ्घर्ष गरेर आफ्नो चाहना पुरा गरेरै छाड्छे भने प्रदीप र सरितालाई आफ्ना सपना पूरा गर्न त्यति सङ्घर्ष गर्नुपर्दैन , तर परिआएको सङ्घर्षलाई पनि कथाकार आँखा चिम्लिदिन्छन् ।

श्रेष्ठका राजनीतिक कथाहरू 'सत्याग्रह' र 'नयाँ सडक' हुन् । राजनीतिक खालका यस्ता कथामा नवीन विचार चिन्तन र सन्देशमूलक आवजहरूले भरिपूर्ण छ । देशलाई राजनीतिको माध्यमबाट नै अगाडि बढाउन सकिन्छ भन्ने धारणा व्यक्त भएको छ । 'नयाँ सडक' कथा नयाँ विचार सिद्धान्तको प्रतीक बनेर आएको छ । यो कथानक विहीन कथा हो । त्यसैगरी 'सत्याग्रह' कथामा आफ्नो प्रेमीकालाई प्राप्त गर्नका लागि उसैको घर अगाडि गएर अनसन बस्ने कुराबाट प्रतीकात्मकता दिदै राजनीतिमा पूर्ण हुन अनेक दुःख कष्ट झन्झट गर्न परे तापनि पछि हट्नु हुँदैन भन्ने कुरालाई सङ्केत गरिएको छ । श्रेष्ठको अर्को कथा 'सम्झना' हो र यसमा वास्तवमा कुनै कथा छैन । यसलाई आधुनिक कथाको जग मान्न सकिन्छ । यो अकथा हो । श्रेष्ठका धेरैजसो कथाहरू कारुणिक तथा गम्भीर बिन्दुमै टुङ्गिएका छन् । श्रेष्ठले आफूले स्वीकारेको यथार्थ भत्किएको पाउँछन्, साथै यसमा समाज र परम्परालाई पुनः निर्माण गर्ने सङ्केत गर्दछन् । आफू बसेको समाजका सूक्ष्म अति सूक्ष्म वृत्तिहरूसित उनको गहिरो परिचय भएको हुँदा बहुसंख्यक नेपाली जीवनको निम्न र निम्नमध्यम वर्गीय यथार्थ चित्रण र भत्किदो रूपलाई देखाएका छन् । मानिसको करतूत र चरित्रगत विसङ्गतिलाई पनि यथातथ्य रूपमा प्रस्तुत गरेका छन् ।

गोविन्दलाल श्रेष्ठ जीवनका विभिन्न वर्ग र परिस्थितिका एवम् तिनका विशेषताहरूको यथातथ्य चित्र प्रस्तुत गर्न सक्षम देखिन्छन् । उनी मूलतः ग्रामीण जीवनका कथाकार हुन, तर शुद्धरूपमा गाउँ मात्रै उनका कथामा छैन । उनमा सहरिया जीवनको रेखाङ्कन प्रशस्त छ । यस्तो हुनको मुख्य कारण देश पर्यटन र सहरको बसोवास हो भन्न सकिन्छ । श्रेष्ठले कथामा नागरिक चरित्रलाई अगाडि सारेका छन् ।

कथामा पात्रहरू वास्तविक जीवनमा आइपर्ने घटनाहरू हाँसो, रोदन, प्रेम, घृणा आदि जीवनमा घट्ने तीता, मीठा घटनाहरू नै सङ्ग्रह गरेर आएका छन् । स्वास्नी र लोग्नेको समस्या, प्रेमको समस्या , सन्तानको समस्या र बहुविवाह र अनमेल विवाहको समस्या , कुरीति परम्परागत समस्या, वर्गीयसमस्या, सामाजिक समस्या, वैयक्तिक समस्या, राजनीतिक समस्या लिएर आएका छन् । राधा, सेती, सुशीला, सुर्वणप्रभादेवी, प्रमीला, कान्छीका समस्या आफ्ना मात्र नभएर  सम्पूर्ण नेपाली समाजको हो भन्ने सङ्केत मिल्दछ । श्रेष्ठले एक पात्रका माध्यमबाट समाजलाई नै मार्गदर्शन गरिरहेका छन् । समाजको प्रतिनिधित्व प्रायः श्रेष्ठका प्रत्येक व्यक्ति पात्रले गर्दछ । नेपाली समाजमा विशेषतः निम्न वर्ग , निम्नमध्यवर्गका विवशता र बाध्यताले उनको कथा ओतप्रोत छ । असल पात्रहरूद्वारा समाजमा आदर्शता कायम राख्न र सत्य सन्देश दिन चाहन्छन् भने खराब पात्रहरूका माध्यमद्वारा सम्पूर्ण नेपाली आदर्शका महलहरू कसरी भत्केर भताभुङ्ग भएका छन् । त्यसका नग्न चित्रहरू प्रस्तुत गरेका छन् । खोक्रो आदर्शता लिएर नाङ्गो यथार्थलाई चट्ट विर्सिदिने वर्गलाई श्रेष्ठ मीठो छड्के हन्छन् । यसको उदाहरण 'मेरो शेरवानी कोट' कथालाई लिन सकिन्छ ।

श्रेष्ठले कथामा नारीलाई विवशता, निरीह, बिद्रोही र सङ्घर्षशीलका रूपमा उभ्याएका छन् । नारीजातिको करुण अनि विवश जीवनको सबल र सफलचित्र आफ्ना कथामा खिच्ने श्रेष्ठको नारीको समाजमा के अस्तित्व छ ? अनि नारी जातिको अवहेलनामा समाज कत्तिको पछाडि पर्दछ भन्ने कुरा मूल स्वर हो । नारीका वास्तविक तत्कालीन अवस्था र बाध्यतालाई देखाएर श्रेष्ठले समाजको मुटुमा तीखो सुइरोले घोच्दै आँखा देखाउन चाहन्छन् ।

यसरी गोविन्दलाल श्रेष्ठ मूलतः सामाजिक कथाकारका रूपमा स्थापित भएका छन् । उनका कथा ग्रामीण र सहरिया परिवेशका सन्दर्भमा समस्या र चेतनाको तस्वीर प्रस्तुत गर्न जागरुक रहेको पाइन्छ । श्रेष्ठका कथामा सहरिया र ग्रामीण दुवै परिवेशको पात्रहरूको विन्यास भएको देखिन्छ । उनका कथाका पात्रहरू प्रायजस्तो सबै शिक्षित छन् ।

पहाडीया, सङ्घर्षमय र कठिन जनजीवन, सहरिया वातावरणको उकुसमुकुस अवस्था, युवायुवतीको प्रेम मिलन समस्या, सामाजिक रूढिवादी प्रवृत्तिहरू, तत्कालीन राजनैतिक सन्दर्भहरू आदिलाई आफ्ना कथामा सफलताका साथ उतार्न सक्नु श्रेष्ठका सवल पक्ष हुन् । सरल नेपाली भाषाको प्रयोग उनका कथामा पाइन्छ , तर श्रेष्ठका मातृभाषाको कसरमसर पनि भेटिन्छ । भाषागत त्रुटिहरू ठाउँठाउँमा भेटिन्छ । छोटा वाक्यांशको प्रयोग, उखान टुक्का, आगन्तुक शब्दहरूको प्रयोग, संवादात्मक र वर्णनात्मक शैलीको प्रयोगले कथालाई पूर्णता भने दिएको पाइन्छ । उनका कथाहरू आदि, मध्य र अन्त्यको क्रममा समाप्त भएको देखिन्छ । मानिसको मनोजगत् भित्रका विभिन्न गतिविधिलाई उद्घाटन गर्ने श्रेष्ठले उनका धेरै जसो कथामा यौन मनोविश्लेषणको राम्रो प्रस्तुति गर्न सफल भएका छन् । उनका कथाहरूले अनमेल र इच्छाविरुद्धका विवाहमा सङ्घर्ष गर्दै यसमा सुधारका आवश्यकतालाई औंल्याउँदछन् । श्रेष्ठले व्याङ्ग्यात्मक र पत्रात्मक शैलीलाई अङ्गालेका छन् । शैलीलाई शब्दजालदेखि मुक्त गराएर छोटो रूपमा आफ्ना विचारहरू पाठकसामु प्रस्तुत गर्दछन् । कलात्मक उच्चाताको अभावले गर्दा उनका कथामा प्रौढ विचारको अभाव सधैं खट्किरहन्छ । घटना र चारित्रलाई प्रस्तुत गर्ने वातावरण र कथात्मक सङ्गठनको दृष्टिले श्रेष्ठ सवल ठर्हछन्, त्यसैले उनका कथाले सानो आयातनभित्र रहेर नेपाली जनजीवन वा समाजको सजीव चित्र उत्रार्न सफल भएको देखिन्छ ।

गोविन्दलाल श्रेष्ठका निबन्धहरू वस्तुपरक छन् । निबन्धात्मक रचनाहरूको अध्ययन गर्दा उनका निबन्धहरूमार्फत देशको माटोप्रतिको अगाध प्रेम र स्नेहले ओतप्रात भएको देखिन्छ । उनले करिब डेढ दर्जनजति निबन्ध लेखेर नेपाली साहित्य जगतलाई ठूलो गुनलगाएका छन् । तत्कालीन देशको राजनैतिक अस्थिरता, शैक्षिक, आर्थिक आदि क्षेत्रमा भएको कमीकमजोरी जस्ता नाजुक अवस्थाको राम्रो चित्रण गरेर देखाएका छन् । उनका निबन्धले खास गरेर देशमा भएको वेरोजगार समस्या र गरिबी समस्यालाई हटाउन समयमै युवापुस्तालाई जागरण गराउनु पर्ने कुरामा सचेत पारेको पाइन्छ । देशमा

व्याप्त रहेको स्रोत साधनको परिचालन गरेर देशलाई अग्रगतितर्फ डोऱ्याउन सबै एक भएर लाग्नुपर्ने कुरामा जोड दिएका छन् । उनका निबन्धमा देशको माटोको गन्ध पाइन्छ । देशप्रेम झल्केको प्रस्ट देखिन्छ । देश विकास गर्नुपर्ने अडान लिइएको छ । गरिबी उन्मूलन गर्न समयमै चनाखो भएर लाग्न सबैलाई आग्रह गरिएको छ । देशमा विद्यमान भूगर्भीय खनिज पदार्थहरूको उत्खनन गर्न सबैको ध्यानाकर्षण गर्नुजस्ता महत्त्वपूर्ण कुराहरूलाई प्रस्तुत गरिएको छ ।

श्रेष्ठको प्रथम निबन्ध 'हामी दुःखी किन ?' मा नेपाली समाजमा व्याप्त गरिबी, अन्याय, अत्याचार शोषण जस्ता कुरीतिलाई पन्छाउन कडा चेतावनी दिएका छन् । शासक वर्गबाट भएका ज्यादतीको अन्त्य गरी असमानताको कारणले गरिबी र शोषणजस्ता नकारात्मक पक्षले जरो गाढेर बसेको हुँदा यसलाई निर्मूल पारेर नेपाललाई शक्तिशाली बनाउनुपर्दछ भन्ने अभिव्यक्ति पाइन्छ । 'खानी खनौं' निबन्धमा देशका विद्यमान भूगर्भीय खनिज पदार्थलाई वैज्ञानिक ढङ्गले परिचालन गरी आर्थिक पक्षलाई सबल बनाउनु पर्दछ । घरेलु कुटीर उद्योगलाई प्रोत्साहन गरेमा भोकमरीको चपेटामा परेका जनताको छाक टार्ने समस्याको निवारण गर्न सकिन्थ्यो भन्ने भावना प्रकट भएको छ । उनको 'बागलुङमा चैते दशैंको मेला' निबन्धमा त्यहाँको व्यापारिक क्षेत्रको चर्चा गर्दै बागलुङमा 'देवीको ऐतिहासिक महत्त्वको स्मरण गराएका छन् । पर्वतका राजा प्रताप मल्लले पाल्पाका राजा मुकुन्दसेन तृतीयकी छोरीसँग विवाह गर्दा रानीले 'देवीलाई' कोसेलीका रूपमा ल्याएर सन् १७७२ तिर बागलुङमा स्थापना गरिएको थियो । त्यही समयदेखि नै मेला लाग्न सुरु गरेको आजसम्म पनि यो मेला यथावत चलिरहेको पाइन्छ । यो मेलामा गाइने लोकगीत मार्फत जनभावनाका हृदयविदारक मर्महरू छताछुल्ल भएर पोखिएका हुन्छन् । यस्तो कर्णप्रिय लोकगीतको अन्वेषण अध्ययन , सङ्कलन र संरक्षण गर्न आवश्यक छ भन्ने कुरामा सचेत पार्न खोजिएको छ । 'पश्चिमी इलाका बागलुङ जिल्लाको एक झलक' निबन्धमा श्रेष्ठले बागलुङ जिल्ला व्यापारिक घाँटीले युक्त केन्द्रस्थल हो भन्दै यसको सीमाना, अवस्थिति, त्यहाँको बस्ती, जनता, विद्यालय, औषधालय, पाटीपौवाको

चर्चा गरिएको छ । परिधि थाकखोला, मुस्ताङ राज्य , गलकोट राज्य, प्राकृतिक वर्णन , पशुपालन, खनिज पदार्थ, कालीगण्डकी लगायतका नदीनालाहरू , यातायात, आयत-निर्यात आदि विविध शीर्षक दिएर लेखिएको छ । यस निबन्धमा खास गरेर देशको आर्थिक अवस्थालाई देखाउन खोजिएको छ । श्रेष्ठको 'ऋणबाट उत्ऋण हुने बाटो' निबन्धमा देशमा मजदुर र शोषित वर्गको आवज सबैले सुन्नुपर्दछ । ज्यामी, मजदुर र शासितवर्ग एक भएर मिल्नुपर्दछ भन्ने अभिप्राय रहेको छ । ऋण लिने र दिनेले चर्को व्याजदरतर्फ बेलैमा सतर्कता अपनाउन सल्लाह सुझाव दिदै सरकारले नै यसको वास्तविक व्याजदर तोकिदिएमा गरिब दुब्लाउँदै जाने र साहू झन मोटाउँदै जाने समस्याको अन्त्य हुने थियो भन्ने मनशाय बुझिन्छ । 'ग्रामीण समाजमा चेतना र सक्रियता' निबन्धमा राणाकालमा देशमा शिक्षाको क्षेत्रमा सर्वसाधारणमाथि तगारो लगाएका कारणले चेतनाको जागरण आउन नसक्नु, उद्योग धन्धाले घुँडा टेक्नु, लुकीछिपी पढेका युवावर्ग विदेशतिर पलायन हुनाले गाउँघर शिक्षा, विद्यालय आदि बिहीन हुनु, प्रजातन्त्र आएपछिको देशको स्थितिको वर्णन अनि पञ्चायत कालमा आएको गाउँफर्क राष्ट्रिय अभियानको चर्चा र यसले ल्याएको सकारात्मक पक्षको समर्थन आदि व्यक्त भएको छ । 'युगपुरुष श्रीनेहरू' जीवनीमूलक विषयगत यस निबन्धमार्फत उनको जन्म , शिक्षा, स्वभाव तथा विविध पक्षको लोखाजोखा गरिएको छ । नेहरूले "एसिया, एसिया बासीकै हो ।" यहाँबाट उपनिवेशवाद हट्नुपर्दछ भन्ने सोचाइ राखेर अगाडि बढ्ने सच्चा देशभक्त राजनेता थिए भन्ने कुराको सङ्केत पाइन्छ । नेहरू तथा भारत सरकारको सहयोगले नेपालमा जहानियाँ शासनको अन्त्य भएको हो र भारतमा गणराज्य स्थापनामा उनको उल्लेख्य भूमिका रहेको छ भन्ने अभिव्यक्ति पाइन्छ ।

समग्रमा श्रेष्ठका निबन्धात्मक लेख रचनालाई अध्ययन गर्दा उनले देशलाई अधोगतिबाट जोगाउन सम्पूर्ण देशवासी सक्रिय हुनुपर्ने , तत्कालीन समयमा देशमा भएका बेरोजगार, गरिबी, अशिक्षा, शोषण , अन्यायजस्ता नकरात्मक पक्षलाई सबैले हृदयङ्गम गरी निर्मूल पार्नुपर्ने , शासितवर्गले देश विकासका लागि सक्रिय भूमिका खेल्न

जरुरी भएको, सानो र ठूलो , गरिब र धनी जस्ता छुद्र भावनालाई त्यागेर समान रूपले जुटेर अगाडि बढ्नु नै श्रेय हुन्छ । सबैले झिनामसिना कुरालाई छाडेर एक भएर देशको विकास गरौँ भन्ने सङ्केत पाइन्छ । उनका निबन्धहरू छोटा र सरल खालका छन् । उनका निबन्धमा देशप्रति गरेको माया र ममताको अथाह रूप पाउन सकिन्छ । श्रेष्ठले शासित वर्गले गरेका नकारात्मक कामको विरोध र सकारात्मक कामको समर्थन गरेका छन् । निम्नवर्गीय पक्षलाई अँगालेर सहानुभूति देखाएका छन् । उनका निबन्धमा प्रयुक्त पात्रहरू गरिबीका चपेटामा परेका र दयनीय अवस्थामा गुज्रेका छन् । व्यक्ति र वर्गीय पात्रहरूको प्रयोग भएको छ ।

यसरी गरिबी र अशिक्षालाई जरैदेखि उखालेर फ्याँक्नुपर्ने, बेरोजगार हटाउनुपर्ने , देश विकासमा सबैले ध्यान दिनुपर्ने जस्ता कुरामा नै सीमित भएर निबन्ध लेखेको देखिन्छ । उनका निबन्धहरूले गाऊँ , समाज, क्षेत्र, राष्ट्र र अन्तर्राष्ट्रिय स्तरसम्म छुन पुगेको देखिन्छ ।

श्रेष्ठका संस्मरणात्मक लेखरचनाहरू करिब डेढ दर्जन जति रहेका छन् । यी लेखहरूमा विशेष गरी आफूले प्रत्यक्ष रूपमा देखेका, भोगेका घटना वस्तुहरूलाई यथार्थ रूपमा लिएर पाठकसामु प्रस्तुत गरिएको छ । उनको आत्म संस्मरणात्मक पुस्तक 'सेरोफेरो मेरो' मा आफ्नो जीवनको सुरुवातदेखि आजसम्म घटेका अविस्मरणीय क्षणको रोचकपूर्ण प्रस्तुति भएको छ । आफूले गरेका र भोगेका विशेषगरी राजनैतिक गतिविधिलाई व्यक्त गरिएको छ । वैवाहिक सम्बन्ध,पारिवारिक वस्तुस्थिति, व्यापारिक, सामाजिक , शैक्षिक र राजनैतिक सम्बन्धलाई जोडेर लेखिएको यस पुस्तकमा राजा र राजनेताहरूसित सान्निध्य हुँदाको क्षणको अभिव्यक्ति उल्लेख्य छ । उनका अन्य फुटकर रूपमा छरिएर रहेका संस्मरणात्मक लेखहरूमध्ये 'रङ्गभेद दक्षिण अफ्रिकी समस्या' मा काला जातिलाई गोरे जातिले गरेको दमन, शोषण, अन्याय र अत्याचारको घोर निन्दा गर्नुपर्ने , सबै मुलुकहरूले हेपाह प्रवृत्तिको उन्मूलन गर्न नैतिक समर्थन गर्नुपर्ने , हाम्रो देशमा भएको छुवाछुत र जातीय विचारको नकारात्मक धारणा अफ्रिकी समस्यासित मेल

खान्छ भन्ने सङ्केत गरेका छन् । यस्ता संकीर्ण विचार र व्यवहारलाई अन्त्य गर्नु नै आजको माग हो भन्ने भावना प्रकट भएको छ ।

उनको अर्को महत्त्वपूर्ण यात्रा संस्मरणात्मक हरियाली श्रीलङ्काको झझल्को' मा श्रीलङ्का बौद्ध गुम्बा, स्तूप र चैत्य विहारको अपूर्व स्थल हो भन्दै यसलाई बगैंचै बगैंचाको टापु हो भनेका **छन्** । यसको सुन्दरता र मनोहरता अवर्णनीय छ भनेका छन् । प्राकृतिक सौन्दर्यले हराभरा भएको ठाउँ श्रीलङ्कामा भाले कुखुरालाई र सिंहलाई महत्त्वपूर्ण प्रतीकका रूपमा मान्दछन् । श्रीलङ्कालाई घेरेर समुद्री तटमा बनेको सडकको नाउँ गलरोड रहेको छ । सिंहाली भाषामा 'गल' भनेको भाले कुखुरा हो । त्यहाँ राष्ट्रिय झण्डामा सिंहको चित्र अङ्कित छ । यस तथ्यबाट भाले र सिंहको महत्त्व प्रस्ट हुन्छ । बुद्धदर्शनअनुरूप राष्ट्रिय कार्यक्रम चलाउने श्रीलङ्काको मातासारमा स्थापित संसारकै सबैभन्दा ठूलो बुद्धको मूर्ति छ । श्रीलङ्काका मुख्य चाड बौद्धपूर्णिमा र नववर्ष हुन् । श्रीलङ्कामा धान खेतीका साथै नगदेवालीका रूपमा नरिवल, सुपारी, ल्वाङ, चियापत्ति, कफी आदि महत्त्वपूर्ण मानिन्छ । यसरी श्रीलङ्का हिन्द महासागरको बीचमा रहेको चारैतिर जलमार्गले जनजीवनलाई सरल, सुविधा र सुखमय बनाएको देश हो भनेर चिनाइएको छ । उनको अर्को संस्मरणात्मक लेख 'नेपाल भारत सम्बन्ध' पनि चाख लाग्दो र महत्त्वपूर्ण मानिन्छ । नेपाल र भारतको सम्बन्ध नङ र मासुजस्तो घनिष्ट छ । दुवै देशको भू-बनोट, खाने लगाउने चालचलन, रीतिरिवाजमा निकै समानता पाइन्छ । विवाहवारी लेनदेन हुने हाम्रो समबन्ध भारतसित पुरानो र संवेदनशील छ । आपसी समझदारी, सद्भावना, सहयोग र मित्रताको कदर दुवै पक्षले अटुट रूपमा गरिरहनु पर्दछ । हातेमालो गर्दै अगाडि बढौं **र** सार्क राष्ट्रका रूपमा नजिक हुँदै आएका हामी शान्तिपूर्ण तरिकाले आपसमा मिलेर भाइभाइ भएरै बाँचौं । स्वतन्त्र राष्ट्र भएर नेपालले सदैव भारतसित भाइचारको सम्बन्ध राख्दै अगि बढ्न चाहन्छ भन्ने अनुरोध गरिएको छ ।

'समयको प्रवाह' संस्मरणात्मक लेखमा राणा शासन काल १९९३ देखि २०४३ सम्मको समयावधिलाई समेटेर लेखिएको छ । यसमा तत्कालीन समयदेखि २०४३ सम्म भएका सामाजिक, धार्मिक, शैक्षिक, आर्थिक, राजनैतिक आदि क्षेत्रमा भएका उथलपुथलको अवस्था, मार्मिक, कारुणिक, हृदय विदारक जस्ता घटना दुर्घटनाका बारेमा चर्चा गरिएको छ । समयको गतिसँगै देश र जनताले विभिन्न मोडहरू पार गर्दै अहिलेको स्थितिसम्म आइपुगेको ऐतिहासिक वृत्तान्तको उल्लेख छ । 'राजा उदार हुन खोज्दा' भन्ने संस्मरणात्मक लेखमा तत्कालीन पिस्कर काण्डको यथार्थ घटना वर्णन छ । उनका संस्मरणात्मक लेखहरूमा साहित्यिक खुराक भन्दा बढी राजनीतिकै गन्ध भेटिन्छ ।

यसरी श्रेष्ठका संस्मरणात्मक लेखहरूलाई अध्ययन गर्दा देशमा विद्यमान राजनैतिक स्थिति, आर्थिक, शैक्षिक आदि क्षेत्रमा भएको तत्कालीन गतिविधिलाई अङ्गालेर प्रस्तुत गरेको पाइन्छ । देशको उन्नति र समृद्धिका लागि सबै क्षेत्रबाट मन, बचन र कर्मले समर्पित हुनुपर्ने, सबैसित सौहार्दपूर्ण मेलमिलापको भावना राख्नुपर्ने, हेपाह नीतिको अन्त्य गरिनुपर्ने, सद्भाव र सहयोगले नै सर्वपक्षको कल्याण हुने जस्ता भावना व्यक्त भएको पाइन्छ । देशभक्ति नेताको नेपालमा पनि खाँचो छ भन्ने सङकेत गर्ने श्रेष्ठका संस्मरणात्मक लेखहरू संक्षिप्त र सरल खालका छन् । उनका लेख रचनाहरूलाई हेर्दा राजनैतिक पूर्वाग्रहले आसक्त भएजस्तो लाग्छ । तत्कालीन राजनीतिक र प्रशासनिक क्षेत्रमा लागेका समयमा लेखिएका हुनाले उनका रचनाहरू सोही क्षेत्रलाई बढवा दिने पाराका देखिन्छन् । श्रेष्ठका धेरैजसो कृतिहरू आर्थिक र राजनैतिक क्षेत्रतर्फ उन्मुख भएको प्रंस्ट हुन्छ । यसरी विभिन्न विधामा कलम चलाएका श्रेष्ठलाई उनका अग्रवती, समवर्ती र परवर्ती नेपाली साहित्यकारका सापेक्षतामा राख्न सकिए तापनि श्रेष्ठलाई विशेष गरी क्षेत्रीय स्तरका साहित्यकार हुन भन्न उपयुक्त देखिन्छ ।

# परिच्छेद पाँच
# निष्कर्ष

## ५.१ निष्कर्ष

### ५.१ क गोविन्दलाल श्रेष्ठको जीवनीको सारांश

गोविन्दलाल श्रेष्ठको जन्म वि.स. १९८९ असारमा बागलुङ जिल्लाको माझकोटमा भएको थियो । हाल उनी स्थायी बसोबासका रूपमा कलङकीस्थित सुनार गाउँमा बस्दै आइरहेका छन् । आफ्ना परिवारबाट गहिरो स्नेह पाएका श्रेष्ठको बाल्यावस्था र किशोरावस्थाको जीवन सुखसयलमै बितेको देखिन्छ । आर्थिक दृष्टिले मध्यम खालको पारिवारिक स्थितिमा जन्मेका श्रेष्ठले भाषा पाठ्यशाला बागलुङबाट अक्षर आरम्भ गरेका हुन् । उनले २००७ सालमा स्रेस्ता विषय लिएर सरस्वती सदनबाट दोस्रो श्रेणीमा छ पास गरे । औपचारिक अध्ययन मध्यमासम्मको रहेका श्रेष्ठले अङ्ग्रेजी स्वाध्ययन गरेका थिए । उनले सुरुका चरणमा व्यापारतिर पनि पाइला बढाएको कुरा 'सेरोफेरो मेरो' पुस्तकमा उल्लेख भएको छ । श्रेष्ठले २००७ सालको क्रान्तिकालीन अवस्थादेखि २०१७ सालसम्म सक्रिय भूमिका खेलेका थिए । २०१५ सालको आम निर्वाचनमा बागलुङ जिल्लाको क्षेत्र नं. ८८ बाट उमेदबार भएर चुनावमा भाग लिएका श्रेष्ठ पराजित भएका थिए । हालसम्म पनि नेपाली काङग्रेसमा क्रियाशील श्रेष्ठ सदस्य रहेको छन् । गोविन्दलाल श्रेष्ठको साहित्यिक जीवनको आरम्भ चाहिँ २००८ सालमा 'हामी दुःखी किन?' निबन्धबाट भएको हो यससरी निबन्ध क्षेत्रबाट साहित्यिक जीवन सुरु गरेका श्रेष्ठका अन्य विधाहरू कथा, कविता, संस्मरणात्मक लेखरचना, समालोचना आदिमा कलम चलाएर बहुमुखी प्रतिभा सम्मन्न व्यक्तित्वका रूपमा आफूलाई चिनाएका छन् । उनले २०१० सालबाट मात्र कथा लेखनको आरम्भ गरेका हुन् । उनको पहिलो कथा 'प्रेम मिलन' (२०१०) सालमा **भारती** पत्रिकामा छापिएको थियो । 'सही बाटो' निबन्ध पुस्तिका (२०१३), **अधुरो सपना** नामक कथा सङ्ग्रह (२०१६१) **दशकथा** नामक कथा सङ्ग्रह (२०४१) 'सेरोफेरो मरो' आत्म संस्करणात्मक पुस्तक (२०५७) र विभिन्न पत्रिकाहरूमा विभिन्न समयमा समकालीन लेख रचनाहरूका साथै निबन्धात्मक लेखहरू प्रकाशित भएका छन् ।

साहित्य र राजनीति क्षेत्रलाई आफ्नो रुचि क्षेत्र बनाएका श्रेष्ठले २०१८ सालबाट प्रशासनिक क्षेत्रमा प्रवेश गरेर चौबीस वर्ष बिताएका थिए । श्रेष्ठ राष्ट्रिय निर्देशन अधिकारी, उपसचिव, प्रमुख जिल्ला अधिकारी, सहायक अञ्चलाधीश, उपनिर्देशक, निर्देशक आदि हुँदै २०४२ सालमा सेवानिवृत्त भएका थिए । उनले 'नेपालपुकार' 'धवलागिरि' जस्ता साप्ताहिक पत्रिकाको सह- सम्पादक समेत भएर काम गरेका थिए । नेपाली साहित्य र प्रशासनिक दुवै क्षेत्रमा योगदान दिएको भए पनि उनलाई साहित्य क्षेत्रमाभन्दा प्रशासनिक क्षेत्रमा योगदान गरेवापत विभिन्न पुरस्कार प्रदान गरिएको छ । हालसम्म उनले शुभराज्यभिषेक पदक (२०१३), जनपद सेवा (२०२३), प्रबल गोरखा दक्षिणबाहु चौथा (२०२६) शुभराज्याभिषेक पदक (२०३१) र विद्यामन्दिर पुस्तकालय बागलुङले पुस्तकालयका समुन्नतिमा सहयोग गरेबापत प्रदान गरेको सम्मान पत्र (२०६१) प्राप्त गरेका छन् । उनले विभिन्न सामाजिक सङ्घसंस्थामा संलग्न भएर विभिन्न सामाजिक भूमिका निर्वाह गरेका छन् ।

## ५.२. ख) गोविन्दलाल श्रेष्ठको लेखन यात्रा

गोविन्दलाल श्रेष्ठ २००८ देखि २०६४ सालसम्मको लेखन यात्रालाई सामन्यतः पूर्वार्द्ध र उत्तारार्द्ध गरी दुई चरणमा विभाजन गरेर हेर्न सकिन्छ । यहाँ २००८ सालदेखि २०३८ सालसम्म पूर्वार्द्ध चरण र २०३९ साल पछिलाई उत्तरार्द्ध चरण गरिएको छ । श्रेष्ठका पूर्वार्द्ध चरणमा 'सहीबाटो' निबन्ध पुस्तिका र विभिन्न पत्रिकाहरूमा छरिएर रहेका फुटकर कथाहरू, निबन्धहरू, कविताहरू र समालोचना प्रकाशित भएका छन् । खास गरेर यस चरणको प्रतिनिधित्व **अधुरो सपना** नामक कथा सङ्ग्रहले गरेको छ ।

**उनको पूर्वार्द्ध चरणलाई अध्ययन गर्दा -** प्रथम निबन्ध 'हामी दुःखी किन?' बाट साहित्यमा प्रवेश गरेका श्रेष्ठका विभिन्न पत्रिकाहरूमा विभिन्न समयमा फुटकर निबन्धहरू प्रकाशित भएका छन् । 'सहीबाटो' निबन्ध पनि पूर्वार्द्ध चरणमा प्रकाशित भएको हो । उनका निबन्धमा युवावर्गलाई एक भएर सामाजिक कार्यमा जुट्न आग्रह गरिएको छ ।

देशमा भएका पूर्वाधार स्रोतसाधन र वस्तुहरूको परिचालन गरेमा बेरोजगार हट्नुका साथै राष्ट्रोन्नतिका लागि टेवा पुग्न सक्दछ भन्ने मनसाय व्यक्त गरिएको छ । यसै पूर्वार्द्ध चरणमा श्रेष्ठले झ्याउरे छन्दमा कविता पनि लेखेका छन् । उनका कवितामार्फत नारीमा जागरण आउनु पर्ने, आफ्नो हक अधिकार आफैं खोज्नु पर्ने, नेपाली भाषाको प्रचारप्रसार पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म गर्नु पर्ने जस्ता मनोकाङक्षा प्रस्तुत गरेको पाइन्छ । श्रेष्ठको **अधुरो सपना** नामक कथा सङग्रह भित्रका कथाहरूमा विशेषत प्रेम समस्या, नारी र पुरुष बीचको भेदभाव, समान्ती प्रवृति, राजनीतिक गतिविधि, छोराछोरीको इच्छा विरुद्ध बाबुआमाले आफ्नो स्वविवेकले विवाहको निर्णय गर्ने अन्धा परम्पराको विरोध, नारी कलङकित हुँदाका अवस्था जस्ता जल्दावल्दा समाज र घरपरिवार भित्रका मार्मिक, कारुणिक र दर्दानक घटनाहरूलाई टिपेर जस्ताको तस्तै यथार्थ रूपमा प्रस्तुत गरेर श्रेष्ठले पाठकसामु पस्केका छन् । उनको फुटकर कथा 'नयाँ सडक' मा देशमा विद्यमान सामाजिक, आर्थिक र राजनैतिक गतिविधिलाई उदाङ्ग पार्ने काम भएको छ । तत्कालिन राजनैतिक अस्थिरतालाई इङ्गित गर्दै जमानानुसार युवायुवतीमा आएको भड्किलोपन आदिले समाजमा विकृति र विसङ्गतिलाई भित्र्याएको यथार्थलाई प्रस्तुत गरिएको छ । यसरी श्रेष्ठको पूर्वार्द्ध चरणको सिर्जना सङख्यात्मक र गुणात्मक दृष्टिले उपलब्धिमूलक देखिन्छ ।

**श्रेष्ठको उत्तारार्द्ध चरण २०३९** सालदेखि हालसम्मलाई मानिन्छ । यस चरणलाई **दश कथा** नामक कथा सङ्ग्रहले प्रतिनिधित्व गरेको छ । यस **दश कथा** सङग्रहमा **अधुरो सपना** सङग्रहका ६ वटा कथाहरूलाई समावेश गरिएको छ । उनको महत्त्वपूर्ण आत्म संस्मरणात्मक पुस्तक 'सेरोफेरो मेरो' यसै चरणको उपलब्धि हो । उनका विभिन्न संस्मरणात्मक लेखहरू विभिन्न पत्रिकाहरूमा छरिएर रहेका छन् । श्रेष्ठका **दश कथा** सङ्ग्रह भित्रका कथाहरूले खास गरेर ग्रामीण समाजमा लाहुरेलाई हेर्ने दृष्टिकोण, प्रेम विवाहको समस्या, नारीलाई घरकै कामधन्दामा सीमित राख्नुपर्छ भन्ने प्रवृत्ति, बहुविवाह र अनमेल विवाहको विरोध, मनगढन्ते चिन्तनमा लागेर

अमूल्य जीवनलाई बर्बाद गर्ने युवा प्रवृति, लोभलालचा देखाएर नारीको अवमूल्यन गर्ने पुरुषको नीच मनोवृत्तलाई उदाङ्गो पारेर देखाइएको छ । मानिसलाई बाध्यता परेपछि जेजस्ता कार्य गर्न पनि अग्रसर हुन्छ भन्ने कुरालाई देखाउन खोजिएको छ । श्रेष्ठले समाजका घटना, वस्तुस्थितिलाई आफ्नो कथामार्फत छलर्ङ्ग पार्ने काम गरेका छन् । यस चरणको उनको **दश कथा** सङग्रहमा सङगृहीत बाध्यता कथामा नारीले नयाँ मूल्य र मान्यताको स्थापना गर्नुपर्ने कुरामा जोड दिएको पाइन्छ ।

श्रेष्ठको आत्म संस्मरणात्मक पुस्तक 'सेरोफेरो मेरो' भित्र विशेषतः राजनैतिक गतिविधिलाई समेटेर आफ्नो जीवनमा सङगालेका तीता मीठा अनुभवहरूलाई व्यक्त गरिएको छ । अन्य संस्मरणात्मक लेखहरूमा पनि आफूले प्रत्यक्ष देखेका , भोगेका र अनुभव गरेका यथार्थलाई पाठकसमक्ष प्रस्तुत गरेका छन् । यसरी श्रेष्ठका यस चरणका रचनाहरू संख्यात्मक रूपमा थोरै भए पनि गुणात्मक रूपमा सन्तोषजनक नै रहेका छन् ।

## ५.३ (ग) गोविन्दलाल श्रेष्ठका समग्र कृतित्वको योगदान

गोविन्दलाल श्रेष्ठले नेपाली साहित्य जगत्मा पुऱ्याएको योगदानलाई सकारात्मक रुपमा लिन सकिन्छ । उनले एकातिर नेपाली कथाका क्षेत्रमा सामाजिक यथार्थबादी धारालाई अङ्गिकार गरेर मलजल थप्ने काम गरेको पाइन्छ भने अर्कातिर कथाकृतित्वका परिमाणका एवम् गुणस्तरका दृष्टिले उल्लेखनीय नै मान्न सकिन्छ । तत्कालीन समयमा साहित्यका क्षेत्रमा भएको अभावलाई केही हदसम्म क्षतिपूर्ति गरिदिएको महसुस हुन्छ । कथात्मक रचना परिमाणका दृष्टिले हेर्दा उनका प्रकाशित डेढ दर्जनभन्दा बढी रहेको छन् । उनका निबन्धात्मक रचनाको सङ्ख्या प्रकाशित एक दर्जनभन्दा बढी रहेको छ भने प्रकाशित र अप्रकाशित गरेर लगभग डेढ दर्जन जति छन् त्यस्तैगरी कविता प्रकाशित र अप्रकाशित गरेर आधा दर्जनभन्दा बढी छन् । आत्म संस्मरणात्मक कृतिहरू फुटकर र पुस्तकाकारका गरेर करिव डेढ दर्जन जति लेख्ने श्रेष्ठ तत्कालीन नेपाली साहित्य क्षेत्रमा स्थापित साहित्यकारका रुपमा परिचित छन् ।

उनको एक मात्र फुटकर समालोचनात्मक कृतिले नेपाली लोक गीतका क्षेत्रमा भएको अतिक्रमणलाई खबरदारी गर्दै आफ्नो लोक सांस्कृतिको जगेर्ना गर्नुपर्ने , नेपालीपन हराउन नपाओस् भन्ने कुरालाई सङकेत गरेका छन् । यस शोधपत्रको मुख्य अध्ययन श्रेष्ठको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन रहेकाले विशेषतः कथा कृतिमा नै केन्द्रित रहेर निस्कर्ष लेखिएको छ ।

श्रेष्ठले नारी समस्या, प्रेमको समस्या, सन्तान नहुदाँको पीडा, बहुविवाह र अनमेल विवाहले सामाजिक जीवनमा पार्ने नकारात्मक असर, वर्गीय र वैयक्ति समस्या, सामाजिक, आर्थिक, राजनैतिक आदि समस्यालाई लिएर कथा लेखेका छन् । विशुद्ध नारी समस्या, अन्धो परम्पराको परचक्रीमा पिधिएका नारीको विवशता र बाध्यतालाई अनि साधरण घरेलु जीवनको चित्र उतार्न श्रेष्ठ सक्षम देखिन्छन् । उनका घटना कथानक तत्कालीन समाजप्रति सम्बुद्ध भएको पाइन्छ । उनले नेपाली भाषाको चोखो रूपको प्रयोग गरेर कथा लेखेका छन् । नेपाली जनजीवनलाई यथातथ्य रूपमा उतार्न सिपालु भएका कारणले उनले समकालीन कथाहरूभन्दा एउटा छुट्टै स्थान नेपाली कथा साहित्य क्षेत्रमा ओगटेका छन् । उनका कथाबाट विचारपक्ष शैलीपक्ष, कथावस्तु, पात्र, भाववभिव्यञ्जना जुन कोणबाट हेरे पनि नेपाली समाजको जानकारी हुन्छ । उनका कथाहरू हेर्दा सामाजिक तत्त्वका अतिरिक्त राजनैतिक र यौनमनोवैज्ञानिकताको छाप परेको पाइन्छ । साङ्केतिक रूपमै पनि श्रेष्ठ नेपाली कथाका पथ निर्माता बनेका छन् । समाज नै श्रेष्ठको पाठशाला हो र उनले आफूले भोगेका समाजलाई यथातथ्य रूपमा लिएर कथावस्तुको स्रोत बनाएका छन् । उनका कथामा जीवनको भोगाइ र सङ्घर्षको चित्रण अङकित भएका छन् । समाजका प्रत्येक घटनालाई टिप्ने श्रेष्ठले कुरीति परम्परा आदिले समाजको पथमा जहाँ तगारो पसारेको छ त्यसलाई पन्छाएर पुनः उन्नति र विकासतर्फ अग्रसर हुने कल्पना गर्दछन् ।

श्रेष्ठका कथाहरूका सीमामा सम्पूर्ण तत्कालीन समाज र परिवेश घेरिएको अनि ओतप्रोत भएको छ । नेपाली समाजका निम्न र निम्नमध्यम वर्ग आफ्ना विविध

परिस्थितिहरूका साथ अभिव्यक्ति भएका छन् । उनका कथाहरूमा अत्याचार, सामाजिक कुरीतिप्रतिको सुधारको आग्रह, पराजय, पतनप्रति आदर्शको प्रतिष्ठा अनि दुःखी पीडित, शोषित मानवप्रति अथाह संवेदनशीलता पाइन्छ । उनले सामजिक यथार्थको सत्य परिचय दिएका छन् । सामाजिक विषमता सङ्घर्ष चित्रणको साथै अन्ययप्रति विद्रोहको स्वर उर्लेको भेटिन्छ ।

श्रेष्ठका कथाले शहरी र ग्रामीण दुवै परिवेशलाई अङ्गालेको पाइन्छ । आफू बाँचेको देश र कालको सामाजिक जीवनको मर्मसँग उनी परिचित भएको प्रष्ट हुन्छ । तत्कालीन समाजको व्यापक अनुभूतिद्धारा समातिएका उनका कथानक देशकालभित्र परिपुष्ट बनेका छन् । श्रेष्ठ आफ्ना कथाहरूमा आञ्चलिकताको प्रवृति लिएर अगाडि लम्केका छन् । निम्नवर्गीय पहाडी परिवेशको यथार्थ चित्रण प्रस्तुत गरिएको छ । उनका ग्रामीण परिवेशमा लेखिएका कथाहरूमा धनीमानी व्यक्तिहरूमा देखिने अनैतिक चरित्र, हैकमवादी संस्कार , सम्पन्न र विपन्न वर्गमा देखिने असमानता आदिलाई समेटिएको छ भने सहरी परिवेशमा लेखिएका कथाहरूमा विद्यमान व्यस्त जीवन, तडकभड्क, विकृति , विसङ्गति छलकपटपूर्ण व्यवहार आदिलाई चित्रण गरिएको छ । उनी आञ्चलिक परिवेशबाट फराकिलो हुँदै क्षेत्रीय, राष्ट्रिय र छिमेकी राष्ट्रसम्म छुन पुगेका छन् । उनका कथामा ग्रामीण तथा सहरी परिवेशको मिश्रित रूप पाइन्छ । २०१० देखि २०३९ सम्मको देशकाल श्रेष्ठको कथाका भूमिका हुन् । देशकाल, वातावरण र समाजका आधारमा उनी प्रबुद्ध कथाकारका रूपमा स्थापित भएका छन् । यसरी श्रेष्ठको देशकाल असाधारण रूपमा अङ्कित रहेको छ ।

श्रेष्ठका कथाका पात्रहरू शोषित, पीडित, कारुणिक र सङ्घर्षशील, यौन कुण्ठाले विक्षिप्त आवस्थामा छट्पटिएका र विद्रोही पाराका छन् । यी पात्रहरू आ-आफ्ना समस्याहरू लिएर उपस्थित भएका छन् । नयनीको दयनीय अवस्था हुनाको मुख्य कारण 'तक्मा' लिने प्रलोभनमा परेर भएको हो । यहाँ 'म' पात्र आदर्श र नैतिक पतन दुवै पक्षबाट उपस्थित भएको छ । राधा पतिपरायणा भएर पनि सन्तान नभएका कारण

समाजले के भन्ला भन्ने डर र त्रासमा गाँजिएकी छ । राधाको सफल प्रयासले गर्दा मातृत्वको इच्छापूर्ण भएको छ । शारीरिक र मानसिक रूपमा विक्षिप्त भएको केशवपछि श्रीमतीको सल्लाहले केही शान्त र शितलताको अनुभव गर्दछ । 'लोग्नेलाई के भन्ने?' कथा नेपाली दाम्पत्य जीवनको चोखो चित्रण हो । यसमा सुब्बा र सुब्बिनी पात्रका मार्फत् नेपाली निम्नमध्यम परिवारले दैनिक जीवनमा भोगेका यथार्थ चित्रणलाई श्रेष्ठले यस कथामा प्रस्तुत गर्न सफल भएका छन् । एउटा पारिवारिक घेरोमा नै सीमित रहेको भैंसी ब्यायो' कथाकी नारी पात्र मनमाया अन्धपरम्पराको  दलदलमा परेकी छ । विवाह पश्चात धनबहादुर र मनमाया मानिसक तनावले ग्रस्त भएको यथार्थ पक्षलाई अँगालिएको छ । 'मेरो शेरवानी कोट' कथाको 'म' पात्र आफ्नै आर्थिक स्थितिको कारण विक्षिप्त बन्न पुगेको छ । श्रेष्ठका ग्रामीण परिवेशका पात्रहरू धेरैजसो अशिक्षित, सीधासाधा र कारुणिक अवस्थामा रुमलिएका छन् भने सहरी परिवेशका पात्रहरू शिक्षित , यौन कुण्ठाले विक्षिप्त बनेका विद्रोही, सङ्घर्षशील र हटी स्वभावका छन् । श्रेष्ठले सत् पात्रको विजय र असत् पात्रको पराजय देखाएका छन् । सत् पात्रहरूको विवशता र बाध्यताले गर्दा असत् हुन पुगेको प्रमाण 'तक्मा' , 'बाध्यता', 'अधुरो सपना' आदि कथाबाट प्रस्ट हुन्छ । सत पात्रका रूपमा 'चुरोट, 'प्रेम मिलन' आदि कथालाई लिन सकिन्छ ।

श्रेष्ठका कथामा बाह्य द्वन्द्वको भन्दा आन्तरिक द्वन्द्वको विकास भएको पाइन्छ । बाह्य द्वन्द झिनो रूपमा देखिन्छ । द्वन्द्व प्रायः सबै कथाका पात्रहरूमा छ । सम्पन्नता र विपन्नता, भोक र भोग, प्रेम र विछोड, सङ्गति र असङ्गति, अनमेल विवाह र बहुविवाह आदि कारणले अर्न्तद्वन्द्व पैदा गराएको देखिन्छ ।

उद्देश्यका दृष्टिले समाजमा देखिएको विषम परिस्थिति, विसङ्गत वातावरण र तत्कालीन समाजको जीवन भोगाइलाई उद्घाटन गर्ने लक्ष्य लिएको देखिन्छ ।

श्रेष्ठका प्रत्येक कथामा भाषाशैली पात्रहरूको निर्माणअनुरूप भएको देखिन्छ । प्रायजसो सबै कथामा गाउँघरमा प्रचलित कथ्य भाषाको प्रयोग भएको छ । उनका

कथामा पात्रहरूको बौद्धिक स्तरअनुसारको बोलचालको मीठो भाषा प्रयोग भएको पाइन्छ । कतै कतै श्रेष्ठको आफ्नो मातृभाषाको प्रभाव पनि परेको देखिन्छ । पत्रात्मक, संवादात्मक, मनोवादात्मक र वर्णनात्मक शैलीको राम्रो प्रयोग भएको देखिन्छ । छोटा वाक्यांशको प्रयोगले कथालाई सरल बनाएको छ । आगन्तुक , अनुकरणात्मक, झर्रा शब्दहरू , तत्सम शब्दहरू, उखानटुक्का आदिको प्रयोगले कथालाई उत्कृष्ट , सहज र संवेद्य बनाएको छ ।

समग्रमा भन्नुपर्दा श्रेष्ठले समाजका घटना र समस्यालाई कथाको विषयवस्तु बनाएको देखिन्छ । निम्न र निम्नमध्यम वर्गीय घरपरिवारको समस्यालाई देखाइएको छ । धनबहादुर र मनमाया अनि राधाका आ-आफ्नै मर्म र उच्छ्वास भए पनि त्यो परिवारकै बन्न पुग्छ । त्यस्तै सुशीलाको समस्या नेपाली समाज र घरपरिवारभित्रकै बन्न पुग्दछ । उनका धेरैजसो कथाहरू पारिवारिक परिधि, छवि र छायाँ भित्र सीमित रहेको अनुभव हुन्छ । पारिवारिक जटिलतामा उनको कथा केन्द्रित छ । 'घोषित स्वयम्बर', 'प्रेम मिलन', अधुरो सपना', 'भैंसी ब्यायो' आदि कथाहरू पारिवारिक असन्तुलन देखाइएको मुलभूत प्रमाण हुन् । त्यस्तै समाजमा भएका विकृति , विसङ्गति, शोषण, दमन, बाध्यता, अशिक्षा, नारी समस्या, राजनैतिक गतिविधि यौनतृष्णा, प्रेम समस्या, वैवाहिक समस्या, सहरी परिवेशमा देखापरेका छाडापन, उत्ताउला प्रवृत्ति आदि विषयलाई कथाले समेटेको पाइन्छ । नारी सङ्घर्ष र जागृतिका लागि चेतना जगाउनु अनि तत्कालीन सामाजिक परिस्थितिलाई चित्रण गर्नु, नेपाली भूमि अनि जनजीवनप्रति असङ्ख्य माया र आस्था राख्नु जस्ता कुरा उनका  कथामा पाइन्छ ।

## ५.४ घ) गोविन्दलाल श्रेष्ठ बारे सम्भावित विषय शीर्षक

अ) गोविन्दलाल श्रेष्ठका आख्यान कृतिमा पात्र योजना ,

आ) गोविन्दलाल श्रेष्ठका आख्यान कृतिहरूको कृतिपरक अध्ययन,

इ) गोविन्दलाल श्रेष्ठका आख्यान कृतिमा प्रतिविम्बित समाजको अध्ययन र

ई) गोविन्दलाल श्रेष्ठका निबन्ध र संस्मरणात्मक लेखहरूको समीक्षात्मक अध्ययन ।

# सन्दर्भसामग्री

## क) पुस्तकसूची

छोटा, प्रेम, सम्पा; **धवलागिरिका कथाहरू,** काठमाडौंः ने.रा.प्र.प्र., २०५३ ।

-------; **धवलागिरिका कवि र कविता**, पोखराः अमृतप्रसाद शेरचन, २०५७ ।

पोखरेल, बालकृष्ण र अन्य, सम्पा; **नेपाली बृहत शब्दकोश**, छैटौँ संस्क., काठमाडौंः ने.रा.प्र.प्र., २०६० ।

लामिछाने, यादवप्रकाश, **नेपालीकथा र उपन्यास,** काठमाडौंः आठराई पुस्तक भण्डार, २०५४ ।

शर्मा, मोहनराज **समकालीन समालोचना सिद्धान्त र प्रयोग,** काठमाडौंः ने.रा.प्र.प्र., २०५५।

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद, **शोधविधि**, दोस्रो संस्क., ललितपुः सा.प्र.,२०५५ ।

श्रेष्ठ , गोविन्दलाल, **अधुरो सपना कथा सङ्ग्रह**, काठमाडौंः जोरगणेश प्रेस, २०१६ ।

---------------, **दश कथा सङ्ग्रह**, काठमाडौंः प्रवीण प्रबोध सैंजु, २०४१ ।

--------------, **सेरोफेरो मेरो** काठमाडौंः धौलाश्री कटेज कालीमाटी हाइट, २०५७ ।

--------------, **जीवन एक व्यक्ति अनेक,** जीवन स्मारिका, २०५६ ।

श्रेष्ठ , दयाराम सम्पा., **नेपाली कथा भाग–४** , दोस्रो संस्क., ललितपुरः सा. प., २०६० ।

## ख) शोधपत्रसूची

अधिकारी, विमल, **सामाजिकताका दृष्टिले भविष्य यात्रा सङ्ग्रह भित्रका कथाहरूको विवेचना,** अप्र. स्नातकोत्तर शोधपत्र, त्रि.वि. रत्नराज्यलक्ष्मी क्याम्पस, २०६० ।

न्यौपाने, देवीप्रसाद (दिपक) **मोहनराज शर्माका हास्य व्यङ्ग्यकारिता** अप्र.शोधपत्र, त्रि.वि कीर्तिपुर, २०६३ ।

पोखरेल, कृष्णप्रसाद, **मनु ब्राजाकीको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन**, अप्र. स्नातकोत्तर शोधपत्र, त्रि.वि कीर्तिपुर, २०४९ ।

राई, कल्पना, **मनु ब्राजाकी तिम्री स्वास्नी र म, अप्र. स्नातकोत्तर शोधपत्र**, त्रि.वि कीर्तिपुर, २०६३ ।

शर्मा गणेशप्रसाद, **नेपाली साहित्यमा बागलुङ जिल्लाको योगदान**, अप्र.स्नातकोत्तर शोधपत्र, त्रि.वि कीर्तिपुर, २०५५ ।

सुवेदी हेमराज, **राजेन्द्र सुवेदीको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन,** अप्र.स्नातकोत्तर शोधपत्र, त्रि.वि , कीर्तिपुर, २०५५ ।

**ग) पत्रपत्रिकासूची**

खड्का , दीपबहादुर, *सेरोफेरो मेरो भित्र डुबुल्की मार्दा,* **धवलाश्री**, (वर्ष ३, अङ्क३२, २०५७ पृ. ३-५ ।

नेभा, बालकृष्ण , *साहित्य विकासका सन्दर्भमा धवलागिरि अञ्चल,* **सङ्गालो** (वर्ष १, अङ्क ३, २०४१) पृ.९२ ।

पराजुली, ठाकुर, *हाम्रा कथाकारका केही प्रवृत्तिहरू,* **बुकी,** (याम प्रथम, गुच्छा एक, २०२६), पृ. १५७-१६२ ।

श्रेष्ठ गोविन्दलाल, *हामी दुःखी किन ?*, **युगवाणी** , (वर्ष ५, अङ्क९ ११ आश्विन, २००८) पृ. १९-२० ।

--------, *पहाडी स्वार्थीलाई झल्को,* **युगवाणी** , (वर्ष ५, अङ्क १८, २००८) पृ. १७-१८ ।

--------, *ऋणबाट ऊऋण हुने बाटो,* **युगवाणी** , (वर्ष ५, अङ्क ४५, २००९) पृ. १५-१५ ।

--------, *खानी खनौँ,* **युगवाणी** , (वर्ष ६ अङ्क ५, २००९) पृ. ७-८ ।

--------, *नारीलाई सन्देश,* **भारती** (वर्ष ५, अङ्क ६ २०१०) पृ. २१३ ।

--------, *पश्चिमी इलाका बागलुङ जिल्लाको एक झलक* , **उदयमासिक पत्रिका**, (वर्ष १९, किरण १, २०१३) पृ.२७-२८ ।

--------, *बागलुङमा चैते दशैंको मेला,* **उदयमासिक पत्रिका**, (रुख १ फूल १, शरदऋतु, २०१५) पृ. ४७ ।

--------,*नौरङ्गे डाँफेचरी,* **डाँफेचरी पत्रिका** (रुख १ फूल १, शरदऋतु, २०१५) पृ. ४७ ।

--------,*युगपुरुष श्रीनेहरू,* **गोरखापत्र**, (वर्ष ? अङ्क ? , २०१६) पृ. ६ ।

--------, *ग्रामीण समाजमा चेतना र सक्रियता,* **गोरखापत्र**, वर्ष ६८, अङ्क १३५, २०२५) पृ. २८०-२८४ ।

--------,*लोकगीतमाथि एक दृष्टि,* **बुकी,** (याम प्रथम गुच्छा २, , २०२६) पृ. १०९-११७ ।

--------, *मूल्याङ्कन परिपाटी एकविश्लेषण,* **वर्गीय सङ्गठन परिचय त्रैमासिक पत्रिका,** (वर्ष ५, अङ्क२०, २०३०) पृ. २२-२५ ।

--------, *हरियाली श्रीलङ्काको झझल्को,* **गोरखापत्र**, (वर्ष ?, अङ्क ?, २०४३) पृ.६ ।

--------, *चुनावमा प्रजातान्त्रिक गुणको अभाव,* **जन्मभूमि**, (वर्ष? अङ्क?,२०४३) पृ.३ ।

--------, *रङ्भेद दक्षिण अफ्रिकी समस्या,* **जन्मभूमि,** ( वर्ष? अङ्क? २०४३) पृ. ३ ।

--------, *समयको प्रवाह,* **जन्मभूमि**, (वर्ष ? , अङ्क ? २०४३) पृ. ४ ।

--------, *नेपाल भारत सम्बन्ध एक चर्चा,* **जन्मभूमि**, (वर्ष ?, अङ्क? २०४३) पृ.८ ।

--------, *डा. तुलसी गिरी,* **साप्ताहिक जन्मभूमि**, (वर्ष ?, अङ्क ?,२०५६) पृ. ७ ।

--------, *राजा उदार हुन खोज्दा,* **नेपाल पत्रिका**, (वर्ष ७, अङ्क ३७, २०६४), पृ.१२ ।